

मेरो नेपाली
कक्षा २
मेरो नेपाली कक्षा २
नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
परीक्षणका लागि


कोरोना भाइरस रोगबाट बच्ने उपायहरू
बेलाबेलामा साबुनपानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने
खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने
हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा, नमस्कार गर्ने
भिडभाडमा नजाने
ज्वरो आएमा, खोकि लागेमा वा श्वाश फेर्न गाह्रो भएमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने


कोरोना भाइरस रोग (कोभिड-१९)
हाल विश्वभरी फैलिरहेका नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले "कोभिड १९" को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ ।
कोरोना भाइरस श्वाशप्रश्वाशको माध्यमबाट सर्ने रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्यूँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।
कोरोना भाइरस रोगको मुख्य लक्षणहरू
ज्वरो आउने
खोकि लाग्ने
श्वाश फेर्न गाह्रो हुने
यस्ता लक्षणहरू देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने ।
यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरू अपनाउनुपर्छ ।
ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने
खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने
भिडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने
बेलाबेलामा साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने
कोरोना प्रभावित देशबाट आएको व्यक्तिहरूमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।

परीक्षणका लागि

# मेरो नेपाली

## कक्षा २



नाम : ..................................................................

रोल नम्बर : ..................

विद्यालय : ..................................................................

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : **नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

ISBN :

© सर्वाधिकार प्रकाशकमा

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन । पाठ्यपुस्तक सम्बन्धमा सुझाव भए मा पाठ्यक्रम विकास केन्द्रमा पठाइदिनुहुन अनुरोध छ ।

पहिलो संस्करण : वि. सं. २०७६
मूल्य : रु.
मुद्रक :
वितरक :

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा वितरक अथवा स्थानीय विक्रेताबाट उक्त पुस्तक साट्न सक्नुहुने छ ।

**- मुद्रक तथा वितरक**

# हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु, स्तरअनुकूल व्यवहारकुशल सिपको प्रयोग गर्नु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी देशका विभिन्न विद्यालयमा परीक्षण गरेर प्राप्त पृष्ठपोषणका आधारमा परिष्कार तथा परिमार्जन गरी तयार पारिएको आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ अनुरूप यो पुस्तक विकास गरिएको छ । आधारभूत विद्यालय तहको कक्षा २ मा नमुना पाठ्यपुस्तक तथा कार्यपुस्तकका रूपमा परीक्षण गर्ने उद्देश्यले यो पुस्तक विकास गरिएको हो ।

नेपाली भाषा विषयको यस पाठ्य तथा कार्यपुस्तकको विकास तथा सम्पादन डा. रामप्रसाद ज्ञवाली, डा. देवी नेपाल, श्री हरिहर तिमल्सिना, श्री पुरुषोत्तम घिमिरे र इन्दु खनालले गर्नुभएको हो । यस पुस्तकको लेखन कार्यमा श्री गणेशप्रसाद भट्टराई, श्री टुकराज अधिकारी र श्री चिनाकुमारी निरौलाबाट विशेष योगदान भएको हो । पाठ्यपुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा डा. लेखनाथ पौडेल, प्रा.डा. रमेशप्रसाद भट्टराई, डा. नवराज कट्टेल, डा. गीता खरेल, डा. जानुका नेपाल, श्री विष्णु ज्ञवाली, श्री नारायणजङ्ग थापा, श्री ठाकुरप्रसाद पौडेल, श्री पुण्यप्रसाद घिमिरे र श्री शाश्वत पराजुलीबाट पृष्ठपोषण प्राप्त भएको छ । यस पाठ्यपुस्तकको चित्राङ्कन श्री उज्वल तामाङ तथा श्री सोनाम तामाङ र लेआउट डिजाइन श्री नारायणप्रसाद अधिकारी र भक्तबहादुर कार्कीबाट भएको हो । यस पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकले विद्यार्थीमा निर्धारित सक्षमता विकासका लागि विद्यार्थीलाई सहयोग गर्ने छ । यसले विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण र आधारभूत सामग्रीका रूपमा कक्षा क्रियाकलापबाट हुने सिकाइलाई मजबुत बनाउन सहयोग गर्ने छ । त्यसैले यो शिक्षकको सिकाइ क्रियाकलापको योजना नभई विद्यार्थीका सिकाइलाई सहयोग पुऱ्याउने सामग्री हो । यसका लागि यस पाठ्यपुस्तकलाई विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण आधारका रूपमा बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित बनाउने प्रयास गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा गरिएको छ । यस पुस्तकलाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

वि.सं. २०७६ | पाठ्यक्रम विकास केन्द्र

# विषयसूची


| क्र.स. | विषयक्षेत्र | पृष्ठसङ्ख्या |
|---|---|---|
| १. | म र मेरो परिवार | १ |
| २. | मेरो दैनिक जीवन | १९ |
| ३. | हाम्रो समुदाय | ३७ |
| ४. | हाम्रो विद्यालय | ५९ |
| ५. | हाम्रो वातावरण | ७७ |
| ६. | मेरो सिर्जना | ९७ |
| ७. | रुचि र बानी | १११ |
| ८. | हाम्रो संस्कृति | १२७ |
| ९. | सञ्चार, प्रविधि र बजार | १४१ |
| १०. | हाम्रो क्रियाकलाप | १५७ |
| ११. | हाम्रो वरपरको संसार | १७१ |

विषयक्षेत्र

# म र मेरो परिवार

## पाठ १

लय मिलाई गाउनुहोस् :

### मामाघर

खान खोज्छ मुखले
सुन्न खोज्छ कानले
कोर्छ लेख्छ हातले
बास्ना सुँग्छ नाकले ।

मिठो खाना खाने हो
राम्रो नाना लाउने हो
पाना पाना पल्टाई
अब गाना गाउने हो ।

आमासँग सिक्ने हो
पढ्न लेख्न जान्ने हो
माइजूलाई डाक्ने हो
मामाघर जाने हो ।



चित्र हेरी वर्णन गर्नुहोस् :



समूहमा बस्नुहोस् र आफूले देखेको स्थानको वर्णन गरी साथीलाई सुनाउनुहोस् ।

पाठ पढ्नुहोस् र रातो रङ लगाएका शब्द कापीमा टिप्नुहोस् :

## पाठी हरायो



पाठाले मुलाका **चाना** खायो । पाठीले चनाका **दाना** खायो । पाठाले मनतातो खोले पनि खायो । पाठीले **नानी**को **नाना** तान्यो । उसले मेरो कापीको **पाना** पनि तान्यो । मैले पाठीलाई धपाएँ । पाठापाठी आँगनमा जम्मा भए । उनीहरू उफ्रेर खेल्न थाले । त्यही बेला आमाले **खाना** खान बोलाउनुभयो । म भान्सातिर लागेँ । सबै जना मझेरीमा बसेर खाना खायौँ । पिँढीमा बसेर **गाना** गायौँ । पाठापाठी आँगनमा खेल्न थाले ।

अचम्म भयो, पाठी हरायो त ! कहाँ गयो होला ?

चित्र र पाठ मिल्यो कि मिलेन ? साथीसँग छलफल गर्नुहोस् :

खरायोले आमासँग भन्यो, “आमा ! म पनि जरायो मामाको बिहेमा जान्छु है ! मलाई जन्त जान मन छ ।” आमाले भन्नुभयो, “म जामा झिकिदिन्छु । त्यो लगाऊ । आज खरबारीमा जात्रा पनि छ । त्यो पनि हेरौँला । बरु छिटो गर ।” एकछिनपछि आमाछोरा जरायोको बिहेतिर लागे ।



## जोडेर भन्नुहोस् :

| | |
|---|---|
| का | |
| धा | |
| मा | न |
| दा | |
| पा | |

| | |
|---|---|
| खा | |
| गा | |
| दा | ना |
| चा | |
| ना | |

| | |
|---|---|
| क | |
| ख | |
| च | रायो |
| ज | |
| ह | |

## तलका शब्दहरू प्रयोग गरी एक एकओटा वाक्य लेख्नुहोस् :

झलमल : घाम झलमल लाग्यो ।

कलकल : ..............................................................................

ढकमक : ..............................................................................

खलखल : ..............................................................................

फटाफट : ..............................................................................

## अन्त्यमा उस्तै ध्वनि भएका मिल्दा शब्द लेख्नुहोस् र पढ्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| सिमी | कैली | पिङ | पेट | ऐना | माटो |
| तिमी | थैली | सिङ | भेट | मैना | पाटो |

जस्तै : सिमी .....तिमी..... कैली ........................ पिङ ........................

पेट ........................ ऐना ........................ माटो ........................

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## मुसो र बिरालो



एउटा सानो मुसो थियो । त्यहाँ ठुलो ढाडे बिरालो पनि थियो । मुसो बिरालासँग डराउँथ्यो । मुसो सधैँ पर पर भाग्थ्यो । एक दिन बिरालाले मुसालाई च्याप्प समात्यो । बिरालाले भन्यो, "अब म तँलाई खान्छु ।" मुसो बेसरी डरायो । बिरालो जिल्ल पर्‍यो । बिरालाले भन्यो, "तिमी किन डराएको ? मैले मार्छु भनेर हो ?" मुसाले भन्यो, "बिरालो दाइ ! तपाईँले मलाई समात्नुभयो । तपाईँको घरमा पनि म जस्तै सानो छाउरो छ होला ? तपाईँको छाउरालाई कसैले खाइदियो भने कस्तो लाग्छ ?" बिरालो झसङ्ग भयो । त्यसपछि बिरालाले मुसालाई घर पठायो । मुसो खुसी हुँदै दुलाभित्र पस्यो । भित्रबाट मुसाले भन्यो, "बाई, बाई, बिराला दाइ !" बिरालो भने दुध खोज्न घरभित्र पस्यो ।

(क) मुसो कोसँग डराउँथ्यो ?

.....................................................................................................................

(ख) बिरालाले मुसालाई के गर्‍यो ?

.....................................................................................................................

(ग) बिरालो किन झसङ्ग भयो ?

.....................................................................................................................

(घ) मुसाले कसरी ज्यान बचायो ?

.....................................................................................................................

## उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| असल | छैन |
| धेरै | नराम्रो |
| छ | खराब |
| राम्रो | थोरै |

## तलको तालिकाबाट वाक्य बनाउनुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| भाइ | पाठ | | १. ........................................................................ |
| बहिनी | | पढ्छ । | २. ........................................................................ |
| डोल्मा | | पढ्छे । | ३. ........................................................................ |
| लखन | | | ४. ........................................................................ |

## पालैपालो पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### कुराकानी



(सनम र सपना चउरमा डुल्दै थिए ।)

सनम : तिमीलाई कुन जनावर मन पर्छ ?

सपना : मलाई त खरायो मन पर्छ । तिमीलाई नि ?

सनम : मलाई त जेब्रा मन पर्छ ।

सपना : किन नि ?

सनम : जेब्राको शरीरमा सेता र काला धर्का हुन्छन् । झालेमाले जनावर मलाई राम्रो लाग्छ । त्यसैले मलाई जेब्रा मन पर्छ । तिमीलाई खरायो किन मन पर्छ नि ?

सपना : खरायोका कान ठाडा ठाडा हुन्छन् । त्यसैले मन पर्छ ।

सनम : कति राम्रो कुरा ! अनि केसँग डर लाग्छ नि ?

सपना : मलाई बिरालासँग डर लाग्छ ।

(यत्तिकैमा एउटा बिरालो फुत्त आउँछ । ऊ सनम र सपनाका बिचमा जान्छ । सनम र सपना आत्तिन्छन् ।)

दुवै : (सनम र सपना चिच्याउँछन्) आबुई !

बिरालो : (सनमलाई च्याप्प समाएर) साथी, चकलेट छ ?

उनीहरू छक्क पर्छन् । त्यो त साथी पो रहेछ ! बिरालाको रङ जस्तै लुगा पनि हुँदो रहेछ । साथीले हामीलाई झुक्यायो नि !

**(क) सपनालाई कुन जनावर मन पर्दो रहेछ ?**

..........................................................................................

**(ख) सनमलाई जेब्रा किन मन पर्दो रहेछ ?**

..........................................................................................

**(ग) कसका कान ठाडा हुन्छन् ?**

..........................................................................................

**(घ) सनम र सपना किन आत्तिए ?**

..........................................................................................

## मिल्ने शब्द छानी लेख्नुहोस् :

(क) बहिनी घर .................... । (गयो, गई, गए)

(ख) तिमी छिट्टै .................... । (आऊ, आई, आइन्)

(ग) .................... ले खाना खानुभयो । (बुबा, बहिनी, भाइ)

(घ) .................... घर गयौँ । (तपाईं, तँ, हामी)

## उदाहरणमा जस्तै छुट्याएर लेख्नुहोस् :

| | | |
|---|---|---|
| पढ्छ | पढ्+छ | पढ्छ |
| लेख्छु | लेख्+छु | .................. |
| बढ्छ | .................. | .................. |
| खान्छु | .................. | .................. |
| पस्छौँ | .................. | .................. |
| बस्छौँ | .................. | .................. |

## मिल्ने शब्द राखेर कविता बनाउनुहोस् :

**बाबाले, आमाले, काकाले, मामाले, गुरुबा, गुरुमा, साथी छन्, जाती छन्**

जन्माउनुभो ..............................................................

हिँडाउनुभो ..............................................................

बोक्नुभयो ..............................................................

डाक्नुभयो ..............................................................

पढाउने चाहिँ ..............................................................

लेखाउने चाहिँ ..............................................................

वरिपरि ..............................................................

सबै साथी ..............................................................

## मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :

| | | |
|---|---|---|
| (क) | ..................... भुर्र उडे । | (जरा, चरा) |
| (ख) | ..................... ले दुध खायो । | (ठाडे, ढाडे) |
| (ग) | सानीले ..................... खाई । | (फल, बल) |
| (घ) | भाइले ..................... उडायो । | (ढुङ्गा, चङ्गा) |
| (ङ) | ..................... मा आगो बाल । | (मकल, कमल) |

## सार्नुहोस् :

हात्ती, गैँडा र स्याल जम्मा भए । उनीहरू कुराकानी गर्न थाले । स्यालले भन्यो, “भात पकाउने व्यक्तिलाई भान्से भनिन्छ । पढ्ने व्यक्तिलाई विद्यार्थी भनिन्छ । पढाउने व्यक्तिलाई शिक्षक भनिन्छ । नजिकैका घरमा बस्ने व्यक्तिलाई छिमेकी भनिन्छ । विवाहमा दुलाहासँग जाने व्यक्तिलाई जन्ती भनिन्छ । खेती गर्ने व्यक्तिलाई किसान भनिन्छ । धान रोप्ने व्यक्तिलाई रोपाहार भनिन्छ ।” “सबै नाम मानिसका मात्र ?” हात्ती र गैँडाले सोधे । “काम जति मानिसले गरेपछि नाम पनि उनीहरूकै हुन्छ नि । खोई हामीले काम गरेको ?” स्यालले भन्यो ।

# पाठ २

## लय मिलाई गाउनुहोस् :

### मेरो घर वर छ



पानी पर्छ तरर, बर्से झरी दरर
चरी उड्छ भरर, पखेटा छन् फरर
मामाघर पर छ, मेरो घर वर छ
छानामाथि खर छ, झन्डा फरफर छ ।

ताली बज्छ परर, मन हुन्छ हरर
गाउँ अनि सहर, घुम्न जाऊँ सरर
विद्यालय पर छ, पढाइमा भर छ
चौतारीमा बर छ, मेरो घर वर छ ।

## चित्र हेरी वर्णन गर्नुहोस् :



आज तपाईंले विद्यालय आउँदा देखेका कुरा कक्षामा सुनाउनुहोस् ।

पढ्नुहोस् र राता रङ लगाएका शब्द साथीलाई भन्नुहोस् :

## झमक्क साँझ



रामजनम र मुना खेलेर आए । रामजनम आँगनको खटियामा टुसुक्क बसे । मुना खटियामा थचक्क बसिन् । उनीहरूलाई खलखली पसिना आयो । त्यसै बेला सरसर हावा चल्यो । उनीहरूको पसिना ओभायो । केहीबेरमा झमक्क साँझ पऱ्यो । उनीहरू सरासर घरभित्र छिरे । कपाकप खाना खाएर उनीहरू सुत्न गए । केही समयपछि भुसुक्क निदाए । बिहान उठ्दा पो उनीहरू झसङ्ग भए । उनीहरूले हिजोको पाठ पढेका थिएनन् । हतपत हातमुख धोई झटपट पाठ पढ्न थाले ।

दिइएका वर्णपछि 'र' वर्ण थपी शब्द पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| व.......... | प.......... | घ.......... | ब.......... |
| त.......... | ग.......... | स.......... | भ.......... |

दोहोऱ्याउँदै पढ्नुहोस् :



## जोडा मिलाउनुहोस् :

घर



बगर





खर

कटहर



## जोडेर भन्नुहोस् र लेख्नुहोस् :

झल + मल → झलमल

कल + कल → 

खल + खल → 

वर + पर → 

## तलका क्रियाकलाप गर्नुहोस् :

**(क) तलका शब्दबाट वाक्य बनाउनुहोस् :**

घर : म घरमा बस्छु ।

बजार : ...................................................................................................................

सखर : ...................................................................................................................

कप : ...................................................................................................................

**(ख) तलका शब्दमा प्रयोग भएका वर्णबाट नयाँ शब्दहरू बनाउनुहोस् :**

सहर : सह, ...........................................................................

सखर : खर, ...........................................................................

बडहर : हर, ...........................................................................

## सुरुमा मु, सु, खु, कु, पु, थु, घु वर्ण थपी शब्द बनाउनुहोस् र पढ्नुहोस् :

जस्तै : .................सुक्क : मुसुक्क

| | | |
|---|---|---|
| ........ टुक्क | ........ सुक्क | ........ रुक्क |
| ........ लुक्क | ........ चुक्क | ........ पुक्क |

## खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :

(क) ................. घरमै बस्छु । (हामी, म, तिमी)

(ख) ................. मिलेर खेल्छौँ । (हामी, म, तिमी)

(ग) ................. घुम्न जान्छ । (श्याम, डोल्मा, सीमा)

(घ) ................. हामीलाई पढाउनुहुन्छ । (दाजु, छोरा, भाइ)

(ङ) ................. गीत गाउँछे । (बहिनी, भाइ, बुबा)

## पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### बहिनी कति असल



चर्को घाम लागेको थियो । बहिनी आँगनमा निस्किन् । "आत्था ! घामले पोल्यो ।" बहिनी कराउँदै उफ्रन थालिन् । उनी पिँढीतिर फर्किन् । बहिनीले कमिलालाई देखिन् । कमिलो यताउता हिँडिरहेको थियो । उनले सोधिन्, "तिमी एक्लै आयौ ? तिम्रा साथी खोई त ? यस्तो पोल्ने घाम छ । तिमीलाई तिर्खा लागेको हो ? तिमी पानी खोज्न आएका हौ ?" कमिलो बोल्दै बोलेन । बहिनी घरभित्र गइन् । गिलासमा पानी ल्याइन् । बहिनीले कमिलाको अगाडि तीनचार थोपा पानी खसालिदिइन् । कमिलाले पानी खायो । ओहो ! बहिनी त कति असल ।

**(क) बहिनीलाई केले पोल्यो ?**

**(ख) बहिनीले पानी केमा ल्याइन् ?**

**(ग) बहिनीले पानीका थोपा किन खसालेकी होलिन् ?**

**(घ) तिमीलाई बहिनीको कुन काम मन पर्‍यो ?**

## खाली ठाउँमा मिल्ने शब्द लेखी कविता बनाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| अमला | कमला | सलल | टलल | गलल | झलल |

प्यारी साथी ...............................

मैले खाएँ ...............................

  जून टल्क्यो ...............................

  खोला बग्यो ...............................

बत्ती बल्यो ...............................

म त हाँसेँ ...............................

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



## नौ जना

लोखर्केले हजुरबुबा र हजुरआमासँग कुरा गर्‍यो । बुबा र आमासँग बिदा माग्यो । बहिनीलाई जान्छु है भन्यो । ऊ सहरतिर लाग्यो । बाटामा लोखर्केले न्याउरीलाई भेट्यो । लोखर्के र न्याउरी मिलेर सहर हिँडे । अलि पर पुगेपछि छेपारालाई भेटे । उनीहरू साथी बनी सहर गए । सहरमा उनीहरूले सामान किने । लोखर्केले चङ्गा किन्यो । न्याउरीले टप किन्यो । छेपाराले बल किन्यो । उनीहरू लोखर्केको घर आए । लोखर्केको परिवारमा न्याउरी र छेपारो पनि थपिए । लोखर्केले भन्यो, "हजुरबुबा, हजुरआमा, बुबा, आमा, बहिनी, म, न्याउरी र छेपारो ।" हाम्रो घरमा आठ जना भयौँ भन्दै लोखर्के आमासँग गयो । आज नै लोखर्केकी आमाले भाइ पाइछन् । "आहा ! भाइ पनि ! हाम्रो घरमा नौ जना पो भयौँ त ।" लोखर्के खुसीले उफ्रँदै नाच्न थाल्यो । लोखर्केसँग न्याउरी र छेपारो पनि नाचे ।

(क) लोखर्केले को कोसँग बिदा माग्यो ?

..........................................................................................................

(ख) लोखर्केको घरमा कति जना सदस्य भए ?

..........................................................................................................

(ग) लोखर्के किन नाच्न थाल्यो ?

..........................................................................................................

(घ) तपाईं कतै जाँदा कोसँग बिदा मागेर जानुहुन्छ ?

..........................................................................................................

## खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) ................................ काम गर्छु । (म, हामी, तँ)

(ख) ................................ विद्यालय गए । (उनीहरू, तिमीहरू, यिनीहरू)

(ग) ................................ हामीलाई माया गर्नुहुन्छ ? (तिमी, यिनी, तपाईं)

(घ) ................................ असल छौ । (उनीहरू, तिमीहरू, उहाँहरू)

## केको बच्चालाई के भनिन्छ ? छलफल गर्दै जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| गाई | पाडो वा पाडी |
| बाख्रो | बछेडो वा बछेडी |
| भैँसी | बाच्छो वा बाच्छी |
| घोडा | पाठो वा पाठी |
| गैँडा | डमरु |
| बिरालो | टिउरो |
| बाघ | केटा वा केटी |
| हात्ती | छाउरो |
| हाँस | न्याउरो |
| कुकुर | छावा |

## पढेको सुनेर कापीमा लेख्नुहोस् :

घोडा बाँध्ने ठाउँलाई तबेला भनिन्छ । गाई बाँध्ने ठाउँलाई गोठ भनिन्छ । हात्ती बाँध्ने ठाउँलाई हात्तीसार भनिन्छ । बाघ गुफा वा ओढारमा बस्छ । माछो कुरमा बस्छ । बाख्रो खोरमा बस्छ । सर्प दुलामा बस्छ । चरो गुँडमा बस्छ । मानिस घरमा बस्छ । जोगी कुटीमा बस्छ । भ्यागुतो कुवामा बस्छ । गँड्यौलो माटामा बस्छ । मौरी घारमा बस्छ । अरिङ्गाल गोलामा बस्छ ।

## अनुच्छेद पढी खाना कसरी खाने होला ? अनुमान गरी लेख्नुहोस् :

बुबाले भन्नुभयो, “आज मिठो मिठो खाने है !” हामीले मिठा मिठा खानेकुरा पकायौँ । सबै जना खाना खान बस्यौँ । यत्तिकैमा बुबाले थप्नुभयो, “खाना त खाऔँला । खाना खाँदा तिमीहरूले आफ्नो हात खुम्च्याउनु चाहिँ हुँदैन । म पनि त्यसै गर्छु ।” सबै जना छक्क पर्‍यौँ । मुखामुख गरेर एकअर्कालाई हेर्न थाल्यौँ । बुबा पनि खाना नखाई बस्नुभएको रहेछ । मैले सोधेँ, “खाना किन नखानुभएको बुबा ?” “हात खुम्चिँदो रहेछ, कसरी खानु र ?” बुबाले भन्नुभयो । लौ फसाद ! अब कसरी खाने होला ?

बुबाले भने झैँ हामीले एक्लै खाना खान सकेनौँ । धेरै उपाय सोच्यौँ, तर केही लागेन । कस्तो समस्या आइपर्‍यो, मिठो मिठो पकाएर पनि खान पाइएन ।

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढ्नुहोस् र उस्तै ध्वनि भएका शब्दलाई जोडा बनाई लेख्नुहोस् :**

आमा, भाइ, काम, माम, मामा, चरा, दाइ, जरा, रातो, तातो, थैली, कैली, पिङ, अंश, सिङ, हंस

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ............... | ............... | ............... | ............... | ............... | ............... | ............... | ............... |
| ............... | ............... | ............... | ............... | ............... | ............... | ............... | ............... |

**(ख) शब्दअगाडि वर्ण जोडी नयाँ शब्द बनाई भन्नुहोस् र लेख्नुहोस् :**

र + हर = ..................  म + कल = ..................  प + सल = ..................

न + हर = ..................  स + कल = ..................  अ + सल = ..................

**(ग) शब्द पढेर वाक्य बनाई भन्नुहोस् :**

बुबा, हजुरआमा, फुपू, गोठ, गाई, गोबर, मल, बिरुवा

**(घ) शब्द पढ्नुहोस् र मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| विद्यार्थी | विवाहमा जन्त जाने व्यक्ति |
| पसले | पूजा गर्ने व्यक्ति |
| जन्ती | पढ्ने व्यक्ति |
| पुजारी | नजिकै घर हुने व्यक्ति |
| छिमेकी | पसल चलाउने व्यक्ति |

**(ङ) पढेर सुनाउनुहोस् :**

अरुण आमा, बुबा र दिदीसँग बस्छन् । पल्लो घर काकाकाकीको हो । त्यहाँ भाइ र बहिनी छन् । तल्लो घर ठुलो बुबाको हो । त्यहाँ हजुरबुबा, हजुरआमा र दाइ बस्नुहुन्छ । आज अरुणको घरमा फुपू र फुपाजु पनि आउनुभएको छ । उहाँहरूले अरुणलाई कोसेली ल्याइदिनुभएछ । कोसेली पाएर अरुण खुसी भए । उनी भोलि मामाघर जाने छन् । त्यहाँ मामा र माइजूले उनलाई धेरै माया गर्नुहुन्छ ।

**(च) मिल्ने शब्द छानी लेख्नुहोस् :**

(अ) सानी बजार ........................ । (गयो, गई, गए)

(आ) भाइ मामाघर ........................ । (गयो, गई, गए)

(इ) दाइ, दिदी र बहिनी विद्यालय ........................ । (गयो, गई, गए)

(ई) ........................ले कथा पढ्नुभयो । (बुबा, भाइ, बहिनी)

(उ) ........................ले पानी भरिन् । (बुबा, भाइ, बहिनी)

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

मैनाले पिङमा मच्चिँदै भनी, "चचहुई, चचहुई ।" अंशुमानले गोठछेउबाट मैना बहिनीलाई देख्यो । उसले सोच्यो, "के गर्नु ? कान्छो छोरो त हुँ नि ! म बहिनीभन्दा त जेठो छु । बहिनीको पहिले पालो आइहाल्छ । अब जेठाबाट आउने पालो लगाउनुपर्ला । बुबा, आमा, दाजु, भाउजू र दिदी पनि हुनुहुन्छ । अनि पो मेरो पालो । ओहो ! हुँदै हुन्न । मैनालाई पिङबाट के उपायले ओराल्ने होला ? अहिले पोहोर जस्तै फोहोर पनि छैन । सफा गर्न जाऊ पनि भन्न सक्दिनँ । कैलीलाई घाँस हाल्न जाऊ भनौँ कि ! हुन नि ! मैले कैलीलाई अघि नै दुबो दिइहालेँ । कैलीले पेट भरिसक्यो । घरमा थैली छ । बरु त्यही लिन पठाउँछु । अनि त पालो मेरै हो ।" "ऐया, सिङले नहान् न कैली ।" अंशुमान कराए । मैनाले अझ बेसरी भनिन्, "चचहुई, चचहुई ।"

(अ) अंशुमान कोभन्दा जेठा छन् ?

........................................................................................................................

(आ) अंशुमान किन कराए ?

........................................................................................................................

(इ) अंशुमानको ठाउँमा तपाईँ भएको भए बहिनीलाई कसरी फकाउनुहुन्थ्यो ?

........................................................................................................................

**(ज) केको बच्चालाई के भनिन्छ ?**

| | |
|---|---|
| भैँसी ........................ | बाख्रा ........................ |
| कुकुर ........................ | हात्ती ........................ |
| गैँडा ........................ | गैँडा ........................ |

**(झ) तपाईँका परिवारका बारेमा पाँच वाक्य भन्नुहोस् ।**

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : ..................

विषयक्षेत्र

# मेरो दैनिक जीवन

## पाठ ३

### लय मिलाई गाउनुहोस् :

#### तराजुमा मुसो



एक माना चिउरा, दुई माना घिउ
आउनुभयो आमा, गर्छु म त जिउ
दश किलो चिनी, बिस किलो दाल
मुसाले त पारेछ, बोरा काटी प्वाल ।

चार पाथी चामल, तीन लिटर तेल
चउरमा गएर, खेलौँ नयाँ खेल
कुदाएछ मुसाले, माइजूको रिङ
तराजुमा चढेर, खेल्न थाल्यो पिङ ।

### चित्र हेरी उत्तर भन्नुहोस् :



(क) चित्रमा के के देख्नुभयो ?

(ख) भाइले के गरिरहेको होला ?

(ग) तपाईंलाई चित्रको कुन कुरा मन पर्‍यो ? किन ?

(घ) चित्रमा ककसले के के गरिरहेका छन् ?

शब्द छुट्याएर लेख्नुहोस् :

(क) मभातखान्छु । ......म भात खान्छु ।......

(ख) महातधुन्छु । ..............................

(ग) मविद्यालयजान्छु । ..............................

(घ) मखाजाखान्छु । ..............................

(ङ) मओछ्यानमासुत्छु । ..............................

तपाईंले सुनेको वा हेरेको रेडियो वा टिभीको कुनै कार्यक्रम वा अभिभावकले भनेको कथा वा घटना कक्षाका साथीलाई सुनाउनुहोस् ।

पढ्नुहोस् र रातो रङ लगाइएका शब्द साथीलाई भन्नुहोस् :

## गैँडाको केटो



गैँडाको केटो चउरमा कुद्यो । गाईको बाच्छाले केटालाई देख्यो । केटासँगै बाच्छो पनि दौडियो । खोरमा बसेको पाठाले बाच्छालाई देखेन । बाच्छालाई खोज्दै पाठो चउरतिर गयो । उसले बाच्छो र केटो कुदिरहेको देख्यो । पाठो पनि सँगसँगै दौडियो । गोठाला दाइले घाँस ल्याउनुभयो । गाईबाख्रालाई घाँस हाल्नुभयो । गाईले बाँ गर्दै बाच्छालाई बोलायो । बाख्राले म्याँम्याँ गर्दै पाठालाई डाक्यो । उनीहरूले घाँस खाए । केटो चउरमा एक्लै भयो । उसले घरमा गई आमाबुबालाई खोज्यो । आमाबुबालाई भेट्टाएन । आफैँले खाजा खोजी खान थाल्यो ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## टिकटिक घडी



"मेचमा बसूँ कि ! खाटमा बसूँ ! गुन्द्रीमा बसूँ कि ! सिरक ओडेर ओछ्यानमा पो बसूँ कि !" टेबुलमाथि बसेको घडीले सोच्दै थियो । ऊ एक्कासि टेबुलबाट खस्यो । भुइँमा बजारियो । सुईहरू रोकिए । घण्टा सुईले भन्यो, "ए मिनेट सुई, किन नहिँडेको ?" मिनेट सुईले सेकेन्ड सुईलाई देखायो । सेकेन्ड सुई त मस्त सुतिरहेको थियो । घण्टा सुई करायो, "ए, सेकेन्ड सुई उठ, हिँड । हामी रोकियौँ भने समय रोकिन्छ ।" तर उसको कुरा कसैले सुनेन । 'यसै गरी गते, बार हुँदै महिना बिते भने !' घडी डरायो । एकैछिनपछि भाइ खेल्दै आयो । घडी बन्द थियो । भाइले घडीमा ब्याट्री हाल्यो । घडीका सुईहरू चल्न थाले । टिकटिक टिकटिक । घडी खुसीले करायो, "हुर्रे !"

**(क) को भुइँमा बजारियो ?**

..............................................................................................................

**(ख) घण्टा सुईले मिनेट सुईलाई के भन्यो ?**

..............................................................................................................

**(ग) सेकेन्ड सुई कसरी सुतिरहेको थियो ?**

..............................................................................................................

**(घ) घडी किन बन्द भएको थियो ?**

..............................................................................................................

## जोडेर भन्नुहोस् र लेख्नुहोस् :

| मा | नो | पा | थी | लि | ट | र | त | रा | जु |
|---|---|---|---|---|---|---|---|---|---|

मा + नो → मानो

पा + थी → ________

लि + ट + र → ________

त + रा + जु → ________

## आफूले थाहा पाएका कुनै एक जङ्गली जनावरका बारेमा बताउनुहोस् :

**(के, कस्तो, कत्रो, खाना, बासस्थान, बच्चा)**

## शब्द चिनेर घेरा लगाउनुहोस् र कापीमा लेख्नुहोस् :

त्रिशूल, टपटप, ढक, तराजु, हजुरबुबा, कुलो, नाक, माना, नारा, नाल, कुना, राजु, हजुरआमा, इनार, बाला, किलोग्राम, चलमल, मन, माल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| त्रि | ढ | त | ह | कु | ना | ना |
| शू | क | रा | जु | लो | क | रा |
| ल | ह | जु | र | आ | मा | ल |
| ट | तु | लो | बु | इ | ना | र |
| प | ख | ड | बा | ला | ल | म |
| ट | कि | लो | ग्रा | म | न | झ |
| प | ञ | च | ल | म | ल | म |

‘टिकटिक घडी’ पाठमा ! , ? । लेख्य चिह्न प्रयोग भएका छन् । ती चिह्न चिन्नुहोस् र गोलो घेरा (O) लगाउनुहोस् ।

खाली ठाउँमा मिल्ने चिह्न छानी लेख्नुहोस् :

(क) धनेश ....... रोजी र सुनिल घुम्न गए । (, । ?)

(ख) तिमी कति कक्षामा पढ्छौ ....... (। ! ?)

(ग) आहा ....... कत्ति राम्रो फूल फुलेछ । (? । !)

(घ) म पढ्न जान्छु ....... (। , ?)

पालैपालो पढ्नुहोस् :

## डोकामा माछा



(नानीले माछा डोकामा राखिन् ।
उनी खेल्न थालिन् ।)

आमा : छोरी, माछा कहाँ छ ?

छोरी : डोकामा छ । फलफूल कहाँ छ त, आमा ?

आमा : त्यहीँ पोकामा छ । अब म खेतबारीमा जान्छु । सागपात टिप्छु । तिमी आँगनमा खेल है ।

छोरी : नाइँ, म त पालीमा जान्छु ।

आमा : किन जाने, नानी ?

छोरी : डोको र नाम्लो पालीमा छ । झिकेर आउँछु ।

आमा : ल भयो । तिमी पालीमा नजाऊ, लडिन्छ । बरु पिँढीमा नाङ्लो र चाल्नो छ । डोकाको माछा पनि त्यहीँ लैजाऊ ।

छोरी : हवस् । ला... अनि डोकाको माछा खोई त ?

आमा : लौ हेर । हामी गफमा भुल्यौँ । माछा त सबै कौवाले लगेछ, नि !
(दुवै जना छक्क पर्दै कौवाले माछा खाएको हेरिरहे ।)

## तलका क्रियाकलाप गर्नुहोस् :

**(क) तलका शब्दमा वर्ण झिकी वा यताउता पारी नयाँ शब्द लेख्नुहोस् :**

घरपरिवार : ........पर........ ........................ ........................ ........................

सागपात : ........................ ........................ ........................ ........................

खेतबारी : ........................ ........................ ........................ ........................

क्रियाकलाप : ........................ ........................ ........................ ........................

**(ख) तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

आँगन : ..........................................................................................................

चाल्नो : ..........................................................................................................

ढिकी : ..........................................................................................................

रमाइलो : ..........................................................................................................

## खाली ठाउँमा मिल्ने शब्द भरी कापीमा कविता सार्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| कुकुर | स्याल | बिरालो | घाम | हुरुरु | लुरुरु |

सिमसिम पानी पाखामा .................. लाग्यो घमाइलो

घामपानीको मुन्तिर .................. को बिहे रमाइलो ।

.................. पुच्छर डोलाउँदै जन्ती जाने भएछ

झटपट लोभी .................. भान्से बनी गएछ ।

कुहिरो लाग्यो जाडो भो बतास चल्यो ..................

भान्सेले खायो भतेर फर्के जन्ती .................. ।

## पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### नाम्लो र दाम्लो



फुपाजुले डोको झिक्नुभयो । डोकामा तरकारी हाल्नुभयो । ढिकीछेउमा रहेको नाम्लो पनि तान्नुभयो । फुपूलाई बोलाउनुभयो । फुपू र फुपाजु बजार जानुभयो । बजारमा तरकारी बेच्नुभयो । मिठाई किन्नुभयो । नुन, चिनी र तेल किन्नुभयो । सबै सामान डोकामा हाल्नुभयो । डोको बोकेर घर फर्कनुभयो । आँगनको छेउमा डोको बिसाउनुभयो । बुबाआमाले ढिकीमा धान कुट्नुभयो । दिदी र भिनाजुले जाँतामा पिठो पिँध्नुभयो । उहाँहरूले सेल पकाउनुभयो । जाँतामा दाल पिँध्नुभयो । हामीले गाईबस्तु दाम्लाले बाध्यौँ । घाँस हाल्यौँ । खाजामा सेल र मिठाई खायौँ । त्यसपछि धेरैबेर पढ्यौँ र लेख्यौँ । आमाबुबाले दालभात पकाउनुभयो । खाना खाएपछि कथा सुन्दै हामी सुत्यौँ ।

**(क) ककसले तरकारी बेच्नुभयो ? (ख) दिदीभिनाजुले किन पिठो पिँध्नुभयो ?**

**(ग) जाँतामा के के पिसिन्छ ? (घ) सेल कसरी बन्छ होला ?**

## तपाईंले दैनिक रूपमा गर्ने कुनै पाँचओटा काम लेख्नुहोस् :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## पाठ ४

### लय मिलाई गाउनुहोस् :



### काँधमा कोट

काँधमाथि कोट छ, बगलीमा नोट छ
मेरो जुत्ता कता छ, यता छ कि उता छ ?

शिरबन्दी शिरैमा, नाकमा लाउँछु बुलाकी
गाजल टिकी लगाई, अझै राम्री हुँला कि ?

पन्जा लाउँछु हातैमा, पाउजु लाउँछु गोडामा
गुनिउँ चोलो लगाई, चढ्छु म नि घोडामा ।

### भित्तेपात्रो हेरेर उत्तर भन्नुहोस् :

**वैशाख २०७७** — अप्रिल/मे 2020

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | नयाँ वर्ष २०७७ प्रारम्भ; बिस्केट जात्रा; **१** षष्ठी 13 | **२** 14 | **३** अष्टमी 15 | **४** नवमी 16 | **५** दशमी 17 | बरुथिनी एकादशी; **६** एकादशी 18 |
| **७** द्वादशी 19 | **८** त्रयोदशी 20 | **९** चतुर्दशी 21 | **१०** चतुर्दशी 22 | मातातीर्थ औंसी; **११** औंसी 23 | **१२** प्रतिपदा 24 | **१३** द्वितीया 25 |
| अक्षय तृतीया; **१४** तृतीया 26 | **१५** चतुर्थी 27 | **१६** पञ्चमी 28 | **१७** षष्ठी 29 | **१८** सप्तमी 30 | विश्व मजदूर दिवस; **१९** अष्टमी 1 | **२०** नवमी/दशमी 2 |
| **२१** एकादशी 3 | **२२** द्वादशी 4 | **२३** त्रयोदशी 5 | **२४** चतुर्दशी 6 | उँभौली पर्व; बुद्ध जयन्ती; **२५** पूर्णिमा 7 | रेडक्रस दिवस; **२६** प्रतिपदा 8 | **२७** द्वितीया 9 |
| **२८** तृतीया 10 | **२९** चतुर्थी 11 | **३०** पञ्चमी 12 | **३१** षष्ठी 13 | नयाँ वर्ष २०७७ को उपलक्ष्यमा समस्त नेपालीहरूमा हार्दिक मङ्गलमय शुभकामना । | | |

(क) यो महिना कति दिनको छ ?

(ख) १५ गते कुन बार परेको छ ?

(ग) यस महिनामा कतिओटा बुधबार परेका छन् ?

(घ) वैशाख १ गते के मनाइन्छ ?

(ङ) बुद्धजयन्ती कति गते परेको छ ?

## हाटबजार गएका बेला तपाईँ हराउनुभयो भने के के गर्नुहुन्छ ? बताउनुहोस् ।

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ठुलो | खराब |
| असल | थोरै |
| सुखी | पछि |
| धेरै | सानो |
| अघि | दुःखी |

## तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

| | |
|---|---|
| हावा ............ | झरी ............ |
| बादल ............ | असिना ............ |
| उकालो ............ | चौतारो ............ |
| बटुवा ............ | तिर्खा ............ |
| पोखरी ............ | झरना ............ |
| खोला ............ | नदी ............ |

## तालिकाबाट पाँचओटा मिल्ने वाक्य बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| म | | | १. ............ |
| बहिनी | | जान्छु । | २. ............ |
| दाइ | घुम्न | जान्छिन् । | ३. ............ |
| दिदी | | जानुहुन्छ । | ४. ............ |
| फुपू | | | ५. ............ |

🗣 साथीलाई पढ्न लगाई सुन्नुहोस् :




कहाँ के के लगाइन्छ ? लेख्नुहोस् :

फुली, टप, मुन्द्री, ढुङ्ग्री, पन्जा, औँठी, माला, सिक्री, तिलहरी, बुलाकी, पाउजु, जुत्ता, मोजा, चप्पल, नत्थी, बिच्छी

नाक : ........................................................................................................

कान : ........................................................................................................

हात : ........................................................................................................

खुट्टा : ........................................................................................................

घाँटी : ........................................................................................................

## छिटो छिटो पढी सुनाउनुहोस् :

### झोला कसले लग्यो ?



मुसो, बिरालो र कुकुर साथी थिए । मुसाले भन्यो, "तिमीहरूभन्दा म बाठो छु । म गाडी चढेर घुम्न जान्छु ।" बिरालाले भन्यो, "होइन, म बाठो छु । रेल चढेर छिटो घुमेर आउँछु ।" यो कुरा कुकुरलाई मन परेन । उसले भन्यो, "सबैभन्दा बाठो म छु । म हवाईजहाजमा उडेर घुम्न सक्छु ।" मुसो गाडीमा घुम्न गयो । बिरालो रेलमा गयो । कुकुर हवाईजहाजमा उड्यो । केही समयपछि सबैले सम्झे, "लौ जा ! झोला नै छुटेछ ।" मुसाले गाडी घुमायो । फर्केर झोला गाडीमा राख्यो । मुसो फेरि घुम्न गयो । बिरालाले रेललाई घुमाउन खोज्यो तर रेल घुमेन । रेल रोकी दौडँदै आयो । त्यहाँ मुसो र कुकुर थिएनन् । उनीहरूका झोला पनि थिएनन् । बिरालाको झोला कसले लग्यो ?

## मिल्ने शब्दका बिचमा जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| छक्क | बल्नु |
| दनदन | पर्नु |
| ढकमक्क | रुनु |
| धुरुधुरु | फुल्नु |

## खाली ठाउँमा शब्द भर्नुहोस् :

(क) म काउली .................... । (रोप्ने छु, उखेल्ने छु)

(ख) भटमास धेरै .................... । (फल्ने छ, फक्रने छ)

(ग) पहेँलै भएर तोरी .................... । (सप्रने छ, फुल्ने छ)

(घ) फर्सी ठुलो .................... । (हुने छ, मर्ने छ)

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



## के के गर्ने होला

आमा बिहानै उठ्नुभयो । आमासँगै म पनि उठेँ । मैले दाजु र दिदीलाई पनि उठाएँ । हामीले हातमुख धोयौँ । दाजुले घर बढार्नुभयो । दिदीले चिया पकाउनुभयो । मैले बाख्रापाठालाई घाँस हालेँ । बुबाले त अघि नै गाईभैँसी दुहिसक्नुभएछ । उहाँले धेरै दुध ल्याउनुभयो । दिदीले दुध तताउनुभयो । हामीले सँगै बसेर दुध खायौँ । दाजु, दिदी र म पढ्न बस्यौँ । आमाले खिर पकाउनुभयो । बुबाले सिमीको तरकारी पकाउनुभयो । आमाले आलुको अचार बनाउनुभयो । सबैले खाना खायौँ । हामी विद्यालय गयौँ । आमाबुबा काममा जानुभयो । घरमा आउँदा मामामाइजू आउनुभएको रहेछ । आमा र म भोलि मामाघर जाने भयौँ । आमाले कोसेली तयार पार्नुभयो । बुबाले मेरा लुगा झोलामा हालिदिनुभयो । सबै जना सुत्न जानुभयो । म पनि ओछ्यानमा पल्टेँ । मलाई निद्रा लागेन । मनमनै विचार गरेँ - मैले मामाघरमा गएर के के गर्ने होला ?

(क) कसले गाईभैँसी दुहुनुभयो ?

..............................................................................................................

(ख) आमाले के के पकाउनुभयो ?

..............................................................................................................


(ग) तपाईं मामाघर गएपछि के के गर्नुहुन्छ ?

..............................................................................................................

(घ) निद्रा लागेन भने तपाईं के गर्नुहुन्छ ? भन्नुहोस् ।

..............................................................................................................

आफ्नो समूहमा बस्नुहोस् । तल दिइएका शब्द साथीले भनेको सुनी कापीमा लेख्नुहोस् :




शब्दको क्रम मिलाएर वाक्य भन्नुहोस् र लेख्नुहोस् :

(क) छौँ चलाख हामी । ........हामी चलाख छौँ ।........................................

(ख) आरजु हुन् किसान । ..........................................................................................

(ग) खाजा तिमी खाऊ । ..........................................................................................

(घ) हुनुहुन्छ दिदी मेरो । ..........................................................................................

(ङ) छ असल पेमा । ..........................................................................................

खाली ठाउँमा मिल्ने शब्द लेखी वाक्य बनाउनुहोस् :

| | | |
|---|---|---|
| कन्या | तर | तान |

(क) तिमी खोलो ...................... । म दुधको ........................ सँग भात खान्छु ।

(ख) भाइ, त्यो लौरो .................. । दिदीले गुन्द्रीको ......................... लगाउनुभयो ।

(ग) .............................. हरू मिलेर पढ्छन् । राजेश मेरो टाउको ............................. त ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## कोदोको मित



पोहोर काउली र बन्दाले मित लगाए । अस्ति रायो र चम्सुर मित भए । हिजो लौका र घिरौँला मित बने । आज फर्सी र मेवाले पनि मित लगाए । कोदोले पनि मित लगाउन खोज्यो । मकै र भटमास ऊभन्दा ठुला थिए । धान खस्रो थियो । गहुँको पेट चिरिएको थियो । जौको झुस थियो । तोरी ऊ जस्तै देखियो । ऊ खुसी हुँदै तोरीलाई भन्यो, "तोरी ! तिमी र म मित लगाऔँ है ।" तोरीले मानेन । "किन नि ?" कोदोले सोध्यो । "तिमीभन्दा म राम्रो छु । म फुलेपछि वरिपरि माहुरी र पुतली आउँछन् । मानिस पनि तोरी फुलेको देखेर खुसी हुन्छन् ।" तोरीले थप्यो । भँगेरालाई तोरीको कुरा मन परेन । उसले भन्यो, "तिमीहरू उस्तै छौ नि । चारो टिप्दा म त झुक्किन्छु ।" भँगेराको कुराले तोरी झसङ्ग भयो । उसले कोदोसित तुरुन्तै मित लगायो ।

**(क) काउली र बन्दाले कहिले मित लगाएका थिए ?**

..........................................................................................................................

**(ख) अस्ति ककसले मित लगाए ?**

..........................................................................................................................

**(ग) तोरी र कोदो किन मित भए ?**

..........................................................................................................................

## खाली ठाउँमा मिल्ने शब्द लेखी कापीमा सार्नुहोस् :

| विद्यालय | हातमुख | म | सात | खाजा | सबै | गिलास | अफिस | किताब |
|---|---|---|---|---|---|---|---|---|

बहिनी, उठ त ................. बजिसक्यो । दाइको आवाजले ................. झल्याँस्स ब्युझिएँ । उठेर मनतातो पानी पिएँ । दाइको पछि लागेँ । उहाँसँगै कसरत गरेँ । एक ................. मैले ................. धोएँ । दाँत माझेँ । ................. खाएँ । केही समय ................. पढेँ । त्यसपछि ................. जना सँगै बसेर खाना खायौँ । दाइ र म ................. हिड्यौँ । बाबा र आमा ................. जानुभयो ।

## साथीलाई पढ्न लगाई सुन्नुहोस् :

| | |
|---|---|
| जोती, लोती, धोती, पोती, मोती | खोपी, घोपी, छोपी, टोपी, रोपी |
| गोडा, घोडा, जोडा, छोडा, सोडा | कोट, खोट, घोट, चोट, नोट, बोट, भोट |

## दिइएका शब्दहरूबाट वर्णक्रम पत्ता लगाई खाली ठाउँमा भर्नुहोस् :

| फेटा | घडी | इनार | छाता | डमरु | धनुष |
|---|---|---|---|---|---|

(क) अनार आमा ................. ईश्वर ।

(ख) कलम खरायो गमला ................. ।

(ग) चङ्गा ................. जिरा झुम्का ।

(घ) टपरी ठडेउरो ................. ढक ।

(ङ) पुस्तक ................. बगर भोजपुर ।

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| गाईले घाँस | गर्छ । |
| आज हाम्रो विद्यालय | बस्छ । |
| कुकुरले घरको हेरचाह | खान्छ । |
| आकाशमा चरो | खुल्छ । |
| माछा कुरमा | उड्छ । |

## खाली कोठा भर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| १. बाँ | | री | ३. ट | |
| | ■ | ४. भु | | डी |
| २. काँ | | ■ | री | |
| | ■ | ५. ना | | |
| | | | | |

### ठाडो

१. सुरिलो अग्लो वनस्पति - २

२. लहरामा फल्ने फल - २

३. खाना खान प्रयोग गरिने पातबाट बनेको - ३

५. भारी बोक्न प्रयोग हुने वस्तु - २

### तेर्सो

१. बाँसबाट बनाइने बाजा - ३

२. भित्तामा ठोकिने फलाम - २

४. सानो घर - ३

५. खाद्य वस्तु केलाउने साधन - २

## गएको शनिबार तपाईंले के के गर्नुभयो ? लेख्नुहोस् :

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) जोडेर भन्नुहोस् र लेख्नुहोस् :**

| मा | इ | जू |
|---|---|---|
| | | |

| बि | रा | लो |
|---|---|---|
| | | |

| घि | रौँ | ला |
|---|---|---|
| | | |

**(ख) तीनओटा वर्ण जोडेर दशओटा शब्द लेख्नुहोस् :**

न जि फा क प र मा नि स घि रौँ ला हि ना द ल आ का श आँ ग म

............................ ............................ ............................ ............................ ............................

............................ ............................ ............................ ............................ ............................

**(ग) शब्द पढेर वाक्य भन्नुहोस् :** टुसुक्क, मुसुक्क, भुसुक्क

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

सानी खेल्दै थिइन् । उनले आमालाई कोठामा देखिन् । आमाको आँखामा गाजल थियो । कानमा मुन्द्रा थिए । नाकमा बुलाकी पनि थियो । आमाले हातका औँलामा औँठी लगाउनुभयो । उहाँले गोडामा पाउजु र नङमा पालिस पनि लगाउनुभयो । यो देखेर सानी उतैतिर गइन् । आमाले सानीका आँखामा गाजल लगाइदिनुभयो । सानीलाई गालामा पाउडर र ओठमा लाली लगाइदिनुभयो । उनलाई कोरीबाटी राम्री बनाइदिनुभयो । सानी ऐना हेरी दङ्ग परिन् ।

(अ) कोठामा को हुनुहुन्थ्यो ? (आ) आमाले के के लगाउनुभयो ?

(इ) सानी किन दङ्ग परिन् ? (ई) औँठी कहाँ लगाइने रहेछ ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :**

(अ) हावा .............................. चल्यो । (सिरसिर, चमकचमक, मगमग)

(आ) फूलको ......................... बास्ना चल्यो । (सिरसिर, चमकचमक, मगमग)

(इ) बोटमा अम्बा ...................... फल्यो । (लटरम्म, कन्याककुरुक, हलक्क)

**(च) चित्र हेरी कम्तीमा चार वाक्य भन्नुहोस् :**



**(छ) शब्द पढ्नुहोस् र मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| पाथी | गाई, भैँसी बाँध्ने ठाउँ |
| समय | धान, मकै र गहुँ |
| गोठ | आठ माना |
| अन्न | घण्टा, मिनेट र दिन |

**(ज) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

उकालो सडकमा गुड्दै बस गाउँमा पुग्यो । गाउँ अग्लो डाँडाको टुप्पामा थियो । बस गाउँबाट फर्कियो । ओरालो सडक हुँदै डाँडाको फेदमा आयो । त्यहाँ ठुलो सहर थियो । ठुला घरहरू पनि थिए । त्यहाँका सडक फराकिला थिए । त्यहाँ साँगुरा गल्ली पनि थिए । यात्री बसबाट ओर्लिए । त्यहाँ होचा रुख थिए । उनीहरू साँघुरो गल्ली हुँदै बजारतिर लागे ।

(अ) बस कहाँ पुगी फर्कियो ?

..............................................................................................................................

(आ) यात्री किन बसबाट ओर्लिए ?

..............................................................................................................................

(इ) तलका शब्दका उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :

अग्लो ............ उकालो .......... टुप्पो ........... रमाइलो ............ धेरै ............

**(झ) तपाईंले बिहान उठेदेखि विद्यालय जाने बेलासम्म गर्ने गरेका कुनै पाँचओटा काम भन्नुहोस् ।**

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो समुदाय

## पाठ ५

### लय मिलाई गाउनुहोस् :

### राम्रो काम गर्ने हो

शोभिता र गीताले
सुशीला र निताले
कापीकलम झिक्छन् रे
समूहमा सिक्छन् रे ।

हिमालको फुर्बाले
पहाडको पूर्णाले
खोलानाला तर्छन् रे
पढ्ने लेख्ने गर्छन् रे ।

अल्छी पारा हटाई
साथीलाई सघाई
ज्ञान बुद्धि छर्ने हो
राम्रो काम गर्ने हो ।



### तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| जोर | ............ | घोर | ............ | खोर | ............ |
| चोर | ............ | फोर | ............ | कोर | ............ |
| असार | ............ | अनार | ............ | अचार | ............ |
| कसार | ............ | पसार | ............ | असार | ............ |
| बसेर | ............ | पसेर | ............ | कसेर | ............ |
| डसेर | ............ | फसेर | ............ | घसेर | ............ |

## तलको तालिका हेर्नुहोस् र सोधेका प्रश्नको उत्तर भन्नुहोस् :

### तिलिचो टेलिभिजन

| कार्यक्रम | देखाइने विषय | समय |
|---|---|---|
| धार्मिक कार्यक्रम | भजन | ५ बजे |
| पत्रपत्रिका | विभिन्न समाचार तथा घटनाहरू | ६ बजे |
| बाल कार्यक्रम | रमाइलो कुराको जानकारी | ६:३० बजे |
| समाचार | विभिन्न कार्यक्रम तथा घटना | ७ बजे |
| लोकलहरी | गीत | ७:३० बजे |
| वृत्तचित्र | स्थान वा व्यक्तिको जानकारी | ८:३० बजे |
| समाचार | विभिन्न कार्यक्रम तथा घटना | ९ बजे |
| टेलिफिल्म | कथा र घटना | ९:३० बजे |

(क) समाचार कति कति बजे आउँछ ?

(ख) भजन सुन्न र हेर्न कुन कार्यक्रम हेर्नुपर्छ ?

(ग) बाल कार्यक्रम हेर्दा के कुराको जानकारी पाइन्छ ?

(घ) तपाईंलाई मन पर्ने कार्यक्रम कुन हो ? यो कार्यक्रम किन मन पर्छ ?

## खाली ठाउँमा सही शब्द लेखी वाक्य बनाउनुहोस् :

गर्छ    खर्क    पिर्का    तिर्खा

(क) मलाई .................................. लाग्यो ।

(ख) ..................................मा बाख्रा चर्छन् ।

(ग) बहिनी ..................................मा बसिन् ।

(घ) बिरालाले उपद्रो .................................. ।

## तलका शब्दलाई तालिकाको मिल्ने कोठामा लेख्नुहोस् :

एक, दुई, तीन, चार, पाँच, छ, सात, आठ, नौ, दश, एघार बाह्र, तेर, चौध, पन्ध्र, सोर, सत्र, अठार, उन्नाइस, बिस, एक्काइस, बाइस, तेइस, चौबिस, पच्चिस, छब्बिस, सत्ताइस, अट्ठाइस, उनान्तिस, तिस

| जोर | बिजोर |
|---|---|
| एक, | दुई, |

## चित्र हेरी वर्णन गर्नुहोस् :



## लय मिलाई गाउनुहोस् :



### जोर बिजोर गन्ने

नेपाली अङ्क छानेर
जोर र बिजोर जानेर
ज्ञानको बाटो खन्ने हो
हिसाब जान्ने बन्ने हो ।

दश र बाह्र जोर हुन्
एघार तेर बिजोर हुन्
पन्ध्र र सोर भन्ने हो
हिसाब जान्ने बन्ने हो ।

चौध र सोर हुन् जोर
पन्ध्र र सत्र बिजोर
बिस र एक्काइस गन्ने हो
हिसाब जान्ने बन्ने हो ।

जोरमा एक थप्ने हो
बिजोर भयो भन्ने हो
जोर बिजोर गन्ने हो
हिसाब जान्ने बन्ने हो ।

## शब्दको क्रम मिलाएर वाक्य भन्नुहोस् र लेख्नुहोस् :

(क) फलेछन् धेरै काँक्राफर्सी ।

..........................................................................................

(ख) झऱ्यो कोक्रो भऱ्याङबाट ।

..........................................................................................

(ग) देखियो ट्रकमा सर्प ।

..........................................................................................

(घ) खुट्टा मर्किएछ भाइको ।

..........................................................................................

## यसपछि के भयो होला ? अनुमान गर्नुहोस् :

"म साहुजीकहाँ गएको थिएँ । मैले उहाँलाई दिन पैसा निकालेँ । साहुजीले मेरो पैसा खोस्न आउनुभयो ।" आरम्भले भने । "म तेल भर्दै थिएँ । आरम्भले मेरो पैसा चोरेको देखेँ । मैले ऊसँग मागेँ । उसले दिन मानेन । त्यही भएर मेरो पैसा खोजेको हुँ ।" साहुजीले थपे ।

दुवैले भने, "हजुरबुबा हजुरले पैसा कसको हो ? पत्ता लगाइदिनुपर्‍यो ।"

## शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

बगैँचा : ..............................

तरकारी : ..............................

रुगाखोकी : ..............................

मैदान : ..............................

व्यापारी : ..............................

पैसा : ..............................

## उदाहरणमा दिएजस्तै गरी लेख्नुहोस् :

जस्तै : ढुक्‌क = ढुक्क

| | | |
|---|---|---|
| छक्‌क .................. | मक्‌ख .................. | क्‌यामेरा .................. |
| निथ्रुक्‌क .................. | प्रसिद्‌ध .................. | उद्‌देश्य .................. |
| आग्‌लो .................. | ग्‌यास .................. | सुग्‌घर .................. |
| विद्‌या .................. | बुद्‌ध .................. | द्‌वारा .................. |

पालैपालो पढ्नुहोस् :

## चराको जिब्रो



नोर्बु र मनिता रुखको छहारीमा बसी कुरा गर्न थाले ।

नोर्बु : मनिता ! त्यो कुन चरो हो ?

मनिता : जुरेली हो नि । गौँथली र भँगेरासँग खेल्न आएको होला ।

नोर्बु : होइन होला । हेर त, गौँथली ढुकुरसँग पो चर्न गयो नि त !

मनिता : किराफट्याङ्ग्रा खोज्न गएको होला ।

नोर्बु : गोठछेउको मलखाडीमा धेरै किराफट्याङ्ग्रा थिए । त्यतै जानु नि ! तलतिर घाँसबारीको पाखामा गए पनि हुन्थ्यो ।

मनिता : हाम्रा आँगनमा गुन्द्रीमा सुकाएको बिस्कुन देखेका छन् । हामीलाई झुक्याउन चरे जस्तो गरेका हुन् ।

नोर्बु : ल भित्रबाट दही र मही ल्याऔँ । मकै र भटमाससँगै दही र मही खाँदै बिस्कुन हेरौँला ।

मनिता : नोर्बु ! यता आऊ त । खुर्सानी त चराले सकिहालेछन् नि !

नोर्बु : लौन नि, बारीमा खुर्सानीको बोट मात्र पो रहेछ । यी चराको जिब्रो हुँदैन कि क्या हो ? यिनीहरूलाई पिरो हुँदैन ?

मनिता : आवाज त निकाल्छन् त । जिब्रो नभए कसरी कराउँछन् त ?

नोर्बु : अब, कसलाई सोधौँ होला ? साँच्चै चराको जिब्रो होला कि नहोला ? (दुवै जना सोच्न थाल्छन् ।)

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## को ठिक



कन्हैयाले झोलाबाट किताब झिक्यो । उसले ठुलो ठुलो स्वरमा पढ्यो, "खाना चपाएर खानुपर्छ । चपाएर खाँदा ढिलो हुन्छ तर राम्ररी पच्छ । साइकल, मोटरसाइकल र गाडी बिस्तारै चलाउनुपर्छ । बिस्तारै गए अवश्य पुगिन्छ । छिटो गरे भन्न सकिँदैन । तितो नमिठो हुन्छ । तितो खाँदा फाइदा हुन्छ । गुलियो मिठो हुन्छ । गुलियो मात्र खाए रोगी भइन्छ । काम बिस्तारै गर्नुपर्छ । हतार गरे लतरपतर हुन्छ । बिस्तारै पढे बुझिन्छ । छिटो छिटो पढे बुझिन्न ।"

रामलखनले किताब खोली पढ्यो, "काम साँचे आफैँले गर्नुपर्छ । खान साँचे अर्कैले खाइदिन्छ । आफ्नो काम आफैँले गर्नुपर्छ । खाना समयमा नै खानुपर्छ । समयमा सुत्ने र उठ्ने गर्नुपर्छ । हरेक दिन पढ्ने र लेख्ने बानी बसाल्नुपर्छ । समय तोकी खेल्नुपर्छ । बिहान बेलुकी कथा सुन्ने र भन्ने गर्नुपर्छ ।"

**(क) के चपाएर खानुपर्छ ?**

..........................................................................................


**(ख) कसरी पढ्दा बुझिँदैन ?**


..........................................................................................

**(ग) हामीले कथा किन सुन्नुपर्छ होला ?**

..........................................................................................

## जोडेर भन्नुहोस् र लेख्नुहोस् :




## तलका शब्दमा वर्ण झिकी वा यताउता पारी नयाँ शब्द लेख्नुहोस् :

गलत : ..........गत.......... .............................. ..............................

कविता : .............................. .............................. ..............................

गुणनफल : .............................. .............................. ..............................

गाईतिहार : .............................. .............................. ..............................

## उदाहरणमा जस्तै मिल्ने शब्द लेख्नुहोस् :

....म आएँ ।....

तँ ................................................................................ ।

तपाईं ................................................................................ ।

उनी ................................................................................ ।

हामी ................................................................................ ।

तिमी ................................................................................ ।

ऊ ................................................................................ ।

उहाँ ................................................................................ ।

 पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## आफ्नै घर आएँ



एक दिन जनावरहरू पहाड चढ्न थाले । घाम उदाउनेबित्तिकै घोडा अगाडि लाग्यो । गाई र भैँसी घोडाको पछि लागे । बाघ र सिंह पुच्छर ठड्याउँदै बिचमा हिँडे । हात्ती पछि पछि हिँड्यो । त्यो देखेर बिरालो, कुकुर र स्याल छेउतिर लागे । बाँदर त डराएर रुखमा चढ्यो । बाँदरले रुखमा लाम्पुच्छ्रे चरो देख्यो । ऊ त्यहीँ भुल्यो । केही बेरमा साँघुरो बाटो आयो । साँघुरो बाटाबाट हात्ती जान सकेन । हात्ती जङ्गलतिर लाग्यो । जङ्गलमा एउटा पोखरी थियो । पोखरीमा हिलो थियो । हिलोमा गैँडा बस्थ्यो । हात्ती पनि हिलामा बस्यो । उनीहरू फराकिलो मैदानमा गए । पेटभरि घाँस खाए । यत्तिकैमा घाम अस्तायो । साँझ पऱ्यो । अब त कुनै जनावर पनि देखिएनन् । म आफ्नै घर आएँ । तिनीहरू कहाँ गए होलान् ?

(क) को अगाडि लाग्यो ?

..........................................................................................

(ख) हात्ती किन पहाड चढ्न सकेन ?

..........................................................................................

(ग) रात परेपछि जनावरहरू कहाँ गए होलान् ?

..........................................................................................

मिल्ने वर्ण जोडी बन्ने कम्तीमा दशओटा शब्दमा घेरा लगाउनुहोस् र कापीमा लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घे | बा | त | उ | ब | कि | न |
| रे | रा | रा | दा | ढु | चा | चा |
| ल | अ | स्ता | उँ | दो | बा | उ |
| सु | घ | ट | दो | से | द्व | नु |
| न | र | क्लँ | ह | र्लं | ल | न |
| ह | उ | लो | लु | म | ओ | ज |
| र | न | भ | का | री | ति | र |

जोडेर भन्नुहोस् र लेख्नुहोस् :

ओ + डा + र → ओडार

डु + लु + वा → 

गा + ज + ल → 

थ + प + डी → 

हा + ती + सा + र → 

## खाली ठाउँमा मिल्ने चिह्न लेखी कापीमा सार्नुहोस् :

| , ! ? । |
|---|

डिकबहादुरले भने .......... “हजुरबुबा .......... किन सित्तैमा दुःख गर्नुभएको .......... यिनमा फल फल्दा त हजुर नै नबाँच्ने पो हो कि ! बिना कारण किन दुःख गर्नुहुन्छ ..........” हजुरबुबाले हाँस्दै भन्नुभयो, “यी फल लागेका रुख मैले रोपेका होइनन् .......... तर पनि हामी फल खाँदै छौँ । अहिले मैले रोपेका रुखका फल भोलि अरूले खान्छन् । बाटो हिँड्ने बटुवाले पनि खान्छन् । यो त हाम्रो अर्कालाई उपकार गर्ने परम्परा नै हो नि ..........” डिकबहादुर छक्क परे । अब उनले पनि फलफूलका बिरुवा रोप्ने निधो गरे ।

## तालिकाबाट पाँचओटा मिल्ने वाक्य बनाई लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| म | | गर्छे । | १. .......... |
| तिमी | | गर्छस् । | २. .......... |
| तँ | गृहकार्य | गर्छु । | ३. .......... |
| ऊ | | गर्छौ । | ४. .......... |
| हामी | | गर्छौं । | ५. .......... |

## आफ्नो छरछिमेकका मानिसले गर्ने पाँचओटा काम लेख्नुहोस् :

..........

..........

..........

..........

..........

## पाठ ६

### लय मिलाई गाउनुहोस् :



## जाँच दिन्छौँ बसेर

पढाइ लेखाइ गर्ने म
चित्र चाहिँ कोर्ने तँ
**कापीकलम** यता छ
**चित्रपाटी** कता छ ?

किताब खोली बसेँ म
हिसाब गर्न थालिस् तँ
**जोडघटाउ** गर्ने हो
गुणन पनि सिक्ने हो ।

**कक्षाभित्र** नाच छ
**पर्सिपल्ट** जाँच छ
साथी साथी मिलेर
जाँच दिन्छौँ बसेर ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



## तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

चल्ला ............................................ डमरु ............................................

छाउरो ............................................ बचेरा ............................................

पाठो ............................................ सुख ............................................

दुःख ............................................ अल्छी ............................................

पछि ............................................ अघि ............................................

## पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :

कोइली → को | इ | ली

मयूर → ☐ | ☐ | ☐

ढुकुर → ☐ | ☐ | ☐

जुरेली → ☐ | ☐ | ☐

## को कहाँ बस्छन् ? लेख्नुहोस् :

गँगटो, सर्प, छेपारो, भ्यागुता, गोही, लोखर्के, माकुरो, भँगेरो, सुगा, काग, कोइली, मयूर, ढुकुर, जुरेली, चिल, गिद्ध, परेवा, माछा

वनमा बस्ने : ..........................................................................................

..........................................................................................

पानीमा बस्ने : ..........................................................................................

## छिटो छिटो पढ्नुहोस् :




## खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

अनिस दाइको बिहेको तयारी भइरहेको छ । मिर्मी गाउँमा लैजाने हो । आज शनिबार हो नि त । बिहेमा जन्त जानुपर्छ ।

अनिसा : आमा ! पल्लो घरमा के भइरहेको छ ?

आमा : ..................................................................................

अनिसा : कसको बिहे ?

आमा : ..................................................................................

अनिसा : जन्ती कहाँ लैजाने हो ?

आमा : ..................................................................................

अनिसा : आज म विद्यालय जाऊँ कि बिहेमा ?

आमा : ..................................................................................

अनिसा : विद्यालयमा बिदा लिएको छैन मैले । अब के गर्नु ?

आमा : ..................................................................................

अनिसा : हा हा हा ....... । हुस्सु म ।

## लय मिलाई पढ्नुहोस् र शब्द चिन्नुहोस् :

### तबेलामा घोडा

बाघ बस्ने ओडार, चरो गुँडमा
म त बस्छु घरमा, मुसो दुलामा
खरायो त वनमा छ, गाई गोठमा
तबेलामा घोडा छ, बाख्रो खोरमा ।



गोबर मल हाल्नुपर्छ, पाखो बारीमा
दही मही पाइन्छ, गाई पालेमा
बगैँचामा रुख हैन, फूल फुल्ने हो
काम गर्न हातखुट्टा, चाल्नुपर्ने भो ।

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| समूह | खुर्सानी वा मरिचको स्वाद |
| सहयोग | हुल |
| पिरो | सँगै रहनु |
| अमिलो | मदत |
| साथ | निबुवा वा कागतीको स्वाद |

## छिटो छिटो पढ्नुहोस् :



पढ्नुहोस् र उत्तर भन्नुहोस् :

## बाघले मलाई देखेको भए !



कालो पाठाले सेतो पाठीलाई बोलायो । उनीहरूले बाख्राको दुध खाए । तारी बाच्छीले माले बाच्छालाई डाक्यो । उनीहरूले डोकाको घाँस खाए । ठुलो पाडाले सानी पाडीलाई बोलायो । उनीहरूले भाँडाको खोले खाए । पाङ्ग्रेले छाउरालाई डाक्यो । उनीहरूले दुधभात खाए । त्यसपछि सबै जना जङ्गलतिर गए । बाख्राको पाठो निकै फुर्तिलो थियो । ऊ उफ्रँदै धेरै परसम्म पुग्यो । त्यहाँ उसले हात्तीको छावा देख्यो । बाघको डमरु देख्यो । रुखको हाँगामा चराको बचेरा देख्यो । बचेरालाई देखेर ऊ रमायो । अचानक उसले बाघ कराएको सुन्यो । ऊ त्यहाँबाट लुसुक्क भाग्यो । उसले मनमनै सोच्यो, 'धन्न बाँचें । त्यस बाघले मलाई देखेको भए ... !'

**(क) ककसले दुध खाए ?**

**(ख) पाडापाडीले के खाए ?**

**(ग) पाठो कसरी परसम्म पुग्यो ?**

**(घ) बचेरालाई देखेर को रमायो ?**

**(ङ) पाठो बाघलाई देखेर किन भाग्यो ?**

शब्द प्रयोग गरी एक एक वाक्य लेख्नुहोस् :

छावा : हात्तीको बच्चालाई छावा भनिन्छ ।

बेखुसी : ..............................

फुर्तिलो : ..............................

पाडी : ..............................

## अङ्क, वासस्थान र खानेकुरा जनाउने तलका शब्दलाई छुट्टाछुट्टै तालिकामा लेख्नुहोस् :

खिर, जाउलो, लिटो, बाह्र, पन्ध्र, उन्नाइस, गुँड, गुफा, ओडार, दुलो, चौध, सोर, अठार, घर, दाल, भात, तरकारी, रोटी, ढिँडो, गोठ, सत्ताइस, तेर, खोर, तबेला, खिचडी, सातु

| अङ्क | वासस्थान | खानेकुरा |
|---|---|---|
| तेर | घर | खिर |

## खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) बहिनी आई ।    दाइ ............................................ ।

(ख) म आएँ ।    तँ ............................................ ।

(ग) केटो आयो ।    केटाहरू .................................... ।

(घ) तिमी आयौ ।    तपाईं ........................................ ।

## शब्द चिन्नुहोस् र छुट्याएर लेख्नुहोस् :

(क) टोलकासबैजम्मा भए ।    टोलका सबै जम्मा भए ।

(ख) माथिल्लोगाउँमाभेलाछ ।    ..................................................................................

(ग) पल्लोपाखामावनछ ।    ..................................................................................

(घ) चौतारामाबरपिपलछन् ।    ..................................................................................

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## चराको जुक्ति



कोइलीले गीत गायो । मयूर नाच्न थाल्यो । मयूरसँगै जुरेली पनि नाच्यो । मयूर र जुरेली नाचेको कागले देख्यो । उसले सुगालाई बोलायो । सुगाले गुँडबाट बाहिर चिहायो । उसलाई नाच मन पर्‍यो । सुगाले थपडी बजायो । त्यो सुनेर परेवा र ढुकुर पनि आए । उनीहरू पनि नाच्न थाले । आकाशबाट चिलले धेरै चरा देख्यो । चिल छेउको रुखको टुप्पामा आई बस्यो । चिललाई भँगेराले देख्यो । उसले सबैलाई खबर गर्‍यो । मयूर र जुरेली भित्तामा लुके । सुगा गुँडभित्र पस्यो । कागले रुखको फेदमा सुतेको गिद्धलाई उठायो । गिद्धले चिललाई भगायो । चिल डाँडामाथि उड्यो । उसलाई चिसो भयो । गिद्ध तराईतिर झर्‍यो । उसलाई तातो भयो । कागले सबै चरालाई बोलायो । हाँगामा गुँड बनाउन बोक्रा राख्यो । त्यसमाथि सालका चिल्ला पात ओछ्यायो । पातमाथि चरा सुते । आहा ! कति राम्रो चराको ओछ्यान ।

(क) कसले गुँडबाट चिहायो ?

..................................................

(ख) चिललाई कसले भगायो ?

..................................................

(ग) गिद्धलाई किन तातो भयो ?

..................................................

(घ) कागले ओछ्यान कसरी बनायो ?

..................................................

## शब्द मिलाई पढेर साथीलाई सुनाउनुहोस् :

ढिँडो सडक

खिचडी मन्दिर

जाउलो गुम्बा

लिटो मस्जिद

सातु पुल

बान्ता पखाला घाउ खटिरा बिरामी

## साहिलले जस्तै गरी आफ्ना बारेमा लेख्नुहोस् :

मेरो नाम साहिल हो । म कक्षा २ मा पढ्छु । मेरो घर महेन्द्रनगरमा छ । मेरो विद्यालयको नाम महाकाली आधारभूत विद्यालय हो । हाम्रो कक्षामा पच्चिस जना छौँ । हामी सबै जना मिलेर बस्छौँ ।

............................................................................................................................................

............................................................................................................................................

............................................................................................................................................

............................................................................................................................................

............................................................................................................................................

### खाली ठाउँमा शब्द भरी कापीमा कविता सार्नुहोस् :

| म्याउँम्याउँ | चीँचीँ | घ्वाङघ्वाङ | बाँबाँ | म्याँम्याँ | का का |
|---|---|---|---|---|---|

बिरालो गर्छ .................... दुध खोजी खाऊँ
मुसो गर्छ .................... दुलाभित्र जाऊँ ।
कुकुर भुक्छ .................... घर घुमी आऊँ
बाछो गर्छ .................... घाँस पराल खाऊँ ।
पाठो गर्छ .................... नाची खेली गाऊँ
काग गर्छ .................... खबर बुझी आऊँ ।

### खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

(क) जङ्गलमा बाघहरू .......................................... । (हुन्छ, हुन्छन्)

(ख) गुँडबाट एउटा परेवा .......................................... । (उड्छ, उड्छन्)

(ग) गाईले दुध .......................................... । (दिन्छ, दिन्छन्)

(घ) केटाहरूले धेरै .......................................... । (पढ्छ, पढ्छन्)

### तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) तपाईंले आज बिहान के के खानुभयो ?

..........................................................................................

(ख) छुट्टी भएपछि तपाईं के गर्नुहुन्छ ?

..........................................................................................

(ग) खेलमा पहिलो भएर पुरस्कार पाउनुभयो भने तपाईं के गर्नुहुन्छ ?

..........................................................................................

### तपाईंको समुदायका बारेमा एक अनुच्छेद कापीमा लेखेर देखाउनुहोस् ।

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पाठ सुनेर स्वाद र रङ बुझाउने शब्द लेख्नुहोस् :**

अङ्गुर साथीहरूसँग सहरतिर घुम्न गयो । उनीहरूले फरक फरक रङका लुगा लगाएका थिए । आँप र केराले पहेँलो सर्ट लगाएका थिए । अम्बाले हरियो जामा लगाएकी थिई । स्याउ र अनारले राता लुगा लगाएका थिए । नास्पातीले खैरो लुगा लगाएको थियो । सहरमा पुगेर उनीहरूले गुलियो मिठाई खाए । नुनिलो समोसा खाए । टर्रो अमला खाए । अमिलो र पिरो अचार खाए । करेलाको तितो अचार पनि खाए । सहर घुमेपछि अङ्गुर साथीहरूसँगै घरतिर हिँड्यो ।

| | | | | |
|---|---|---|---|---|
| रङ | ............... | ............... | ............... | ............... |
| स्वाद | ............... | ............... | ............... | ............... |

**(ख) खाली ठाउँमा मिल्ने वर्ण राखेर शब्द बनाउनुहोस् :**

क घ ड प ब म गु चु झु घु डु भु

......सी ......सी ......सी ......सी ......सी ......सी

......लियो ......लियो ......लियो ......लियो ......लियो ......लियो

**(ग) शब्द पढ्नुहोस् र वाक्य भन्नुहोस् :** पिर्का, खोर, ओडार, मैदान, लोखर्के

**(घ) तीन तीनओटा नाम लेख्नुहोस् :**

| वनमा बस्ने | घरमा बस्ने | पानीमा बस्ने |
|---|---|---|
| ........................................ | ........................................ | ........................................ |
| ........................................ | ........................................ | ........................................ |
| ........................................ | ........................................ | ........................................ |

**(ङ) खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :**

(अ) भाइ र बहिनी ............................................ । (आउँछ, आउँछन्, आउनुहुन्छ)

(आ) हजुरआमा खाजा ............................................ । (खान्छ, खान्छन्, खानुहुन्छ)

(इ) रतन विद्यालय ............................................ । (जान्छ, जान्छन्, जानुहुन्छ)

(ई) ठुलो बुबा पुस्तक ............................................ । (पढ्छ, पढ्छन्, पढ्नुहुन्छ)

**(च) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

रमिला, कृति, सोनम, कृष्ण र फुर्बा आए । आमा, बुबा, काका र काकीलाई पनि बोलाए । दाल, साग, दही, चामल र अरू खानेकुरा बोके । वनछेउको ठूलो मैदानमा पुगे । मैदानको एकछेउमा सबै सामान राखे । रमिलाले तरकारी काटी । कृतिले बाल्टीमा पानी ल्याई । काकाकाकीले अगेनो बनाएर आगो बाल्नुभयो । कृष्णले प्रेसर कुकरमा चामल भिजायो । सोनमले अगेनामाथि भाँडो बसाली । फुर्बाले भाँडाकुँडा मिलायो । आमाबुबाले मिठा मिठा खानेकुरा पकाउनुभयो । सबैले मिठो मानेर खाए । त्यसपछि उनीहरूले रमाइलो गरे । आमा र बुबाले गीत गाउनुभयो । सोनमले मादल बजाई । काकाले गितार बजाउनुभयो । काकीले मुरली बजाउनुभयो । फुर्बाले डम्फु बजायो । कृति र कृष्ण कम्मर मर्काई मर्काई नाचे । साँझ परेपछि सबै रमाउँदै घर फर्के ।

(अ) वनभोज खान को को गए ?

..........................................................................................................

(आ) काकाकाकीले किन अगेनो बनाउनुभयो ?

..........................................................................................................

(इ) तपाईँहरू पनि वनभोज जानुभएको छ ? जानुभएको भए त्यहाँ के के गर्नुभयो ?

..........................................................................................................

..........................................................................................................

**(छ) मिल्ने शब्द प्रयोग गरेर पूरा कविता लेख्नुहोस् :**

बाख्रो खोरमा, गाई गोठमा, मुसो दुलामा, चरो गुँडमा

बाघ बस्ने ओडार .................................. म त बस्छु घरमा ..................................

खरायो त वनमा छ .............................. तबेलामा घोडा छ ..................................

**(ज) आफ्नो छिमेकीका बारेमा तीन वाक्य लेख्नुहोस् :**

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो विद्यालय

## पाठ ७

### लय मिलाई गाउनुहोस् :



#### आमाको सन्देश

रोगले पार्ला अचेत
फोहोरलाई लखेट
देखिँदैन आकार
धेरै हुन्छन् प्रकार ।
घर पिढीँ आँगन
शरीर सफा राख न
खानुपर्छ ओखती
भइन्छ है लौ जाती ।
हिमाल पहाड मधेस
कति राम्रो सन्देश
फैलाउँछु यो कुरा
देश अनि विदेश ।

### पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :

आदेश → आ | दे | श


नमिठो → ___ | ___ | ___

अचेत → ___ | ___ | ___

विदेश → ___ | ___ | ___

तपाईंको कक्षामा पढाइ हुने विषय र पढाउने शिक्षकको नाम भन्नुहोस् ।

पढ्नुहोस् र उत्तर भन्नुहोस् :



## नुमा उठिन्

नुमा खेल्दै थिइन् । नुमा लडिन् । उनलाई ननिको लाग्यो । उनले 'आमा' भनेर बोलाइन् । आमा बोल्नुभएन । उनलाई नमज्जा पनि लाग्यो । उनका आँखा तिरिमिरी भए । बेहोस भइएला जस्तो भयो । त्यसपछि त नुमालाई धेरै नरमाइलो लाग्यो । उनी फेरि चिच्याइन् । कसैले सुनेन । भाइले सुनेर पनि अटेर गरेको हो कि ? उनले यस्तै सोचिन् । एकछिन भुइँमा लडिरहिन् । लामो सास फेरिन् । नुमाले उठ्ने कोसिस गरिन् । केही बेरपछि उनी जुरुक्क उठिन् । नुमाले बाहिरतिर हेरिन् । आमा र भाइ त परबाट आउँदै हुनुहुँदो रहेछ । घरमा नभएर पो नबोल्नुभएको रहेछ ।

(क) को लड्यो ?

(ख) नुमा के गर्दा उठ्न सकिन् ?

(ग) नुमालाई किन नरमाइलो लाग्यो ?


(घ) नुमा जस्तै तपाईं पनि लड्नुभयो भने के के गर्नुहुन्छ ?

## तलका क्रियाकलाप गर्नुहोस् :

(क) अगाडिको वर्ण झिकी नयाँ शब्द लेख्नुहोस् र पढ्नुहोस् :


| | | |
|---|---|---|
| आदेश | बिजोर | नमिठो |
| ....देश.... | .................... | .................... |
| विदेश | प्रकार | अचेत |
| .................... | .................... | .................... |

(ख) वर्ण जोडेर शब्द बनाउनुहोस् :




| | | | |
|---|---|---|---|
| .... हवन.... | .................... | .................... | .................... |
| .................... | .................... | .................... | .................... |

## पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :



चित्रमा जस्तै तपाईंको विद्यालय छेउको गाउँमा आगो लागे तपाईं के गर्नुहुन्छ ? भन्नुहोस् :



खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) म विद्यार्थी ........................................ । (हुँ, होस्)

(ख) शिक्षकले हामीलाई ........................................ । (पढायो, पढाउनुभयो)

(ग) तिमी किताब झोलामा ........................................ । (राख्छ, राख्छ्यौ)

(घ) तपाईं मेरो कथाको किताब ........................................ । (ल्याउँछ, ल्याउनुहुन्छ)

घडी हेरेर छिटो छिटो पढ्नुहोस् :

(क) विजयादशमी, तिहार तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइलाई हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

वेदकोट नगरपालिका, कैलाली

(ख) जागी जाती, जारी जाली, ठान थान, ताप टाप, धाक ढाक, तीन टिन, ढक धक, तातो टाटो, टुना तुना, दिल डिल

## पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### पवनको भवन



पवनले नयाँ भवन बनाए । भवन राम्रो थियो । जीवन र धवन पवनको घर गए । पवनको भवन देखेपछि उनीहरू दङ्ग परे । जीवनले पवनलाई घर राम्रो छ भने । पवन मक्ख परे । जीवनले पवनलाई घर पूजा गर्न भनी सल्लाह दिए । पवनले घरको पूजा गर्ने भए । पवनले पूजाका दिन सबै नातेदारलाई बोलाए । पूजाका लागि सरसामान जुटाए । बिहानै उठेर नुहाधुवाइ गरे । आफ्नो घरमा पूजा गरे । पूजा सकिएपछि सबैले पूजाको प्रसाद खाए । सबैले आजको दिन पावन छ भने । पवन खुसी भए ।

(क) पवनको घर देखेर को को दङ्ग परे ?

.......................................................................................................................

(ख) पूजाका लागि पवनले के के गरे ?

.......................................................................................................................

(ग) पवन किन खुसी भए ?

.......................................................................................................................

## शिक्षकको सहयोग लिई सही शब्द लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| आदेस आदेश | नमिठो नमिटो | भवन भबन | अचेत अचेट |
| ............................. | ............................. | ............................. | ............................. |
| बिदेश विदेश | प्रकार परकार | अवन हवन | सिवन सेवन |
| ............................. | ............................. | ............................. | ............................. |

विद्यालयमा सबै खेल खेल्न पाइने भए तपाईं मन पर्ने खेल कसरी खेल्नुहुन्थ्यो ? भन्नुहोस् ।

तलको तालिकाबाट मिल्ने वाक्य बनाई कापीमा लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| पाडो | चउरमा | | १. ...................................................................... |
| पाडाहरू | | दौडियो । | २. ...................................................................... |
| पाठो | | दौडिए । | ३. ...................................................................... |
| पाठाहरू | | | ४. ...................................................................... |

मिल्ने वर्ण जोडी कम्तीमा दशओटा शब्दमा घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| र | मा | इ | लो | का | पा |
| क | दा | थ | टा | ग | न |
| चि | धि | न | जा | ती | ङ |
| म्टा | ज्जा | नि | वि | आ | बे |
| म | ह | को | ऐ | हा | का |
| न्या | ल | ट | आ | हा | र |
| ट | डो | प | औ | झ | क |

ननिको .................. .................. .................. .................. .................. .................. ..................

.................. .................. .................. .................. .................. .................. ..................

## उदाहरणमा जस्तै गरी लेख्नुहोस् :

जस्तै : बन्‍छन् = बन्छन्

| | |
|---|---|
| भन्‍छन् ........................ | जान्‍छन् ........................ |
| हान्‍छन् ........................ | खान्‍छन् ........................ |
| तान्‍छन् ........................ | गन्‍छन् ........................ |

## पालैपालो पढ्नुहोस् :

### कति जाती



रीति : तिमी बेकारमा किन मसित रिसाएको ?

रिवाज : मेरो खाजा कता लुकायौ ?

रीति : खाजा हो र ? आहारा होइन ?

रिवाज : आहारा त कुखुरा र हाँसलाई पो दिइन्छ । म कुखुरो हो र ?

रीति : म नजाती होइन नि । अनुहार नबिगार न । नराम्रो देखिन्छ क्या । तिमीलाई विहार डुलाउन लैजान्छु । त्यही भएर तिम्रो खाजा मेरो झोलामा बोकेकी छु । ल हेर ।

रिवाज : धन्यवाद रीति । तिमीलाई नजाती भनेको त कति जाती रहिछौ ।

रीति : ल ठिक छ । छिटो तयार होऊ ।

## साथीसँग छलफल गरी भन्नुहोस् :

बाजुरामा एउटा तरकारी पसल रहेछ । पसलमा कागती र कुरिलो थिए । कागतीले ग्राहकलाई भन्यो, “मलाई किन्नुहोस्, तपाईँ निरोगी हुनुहुन्छ ।” कुरिलाले भन्यो, “एक कचौरा झोल बनाएर मलाई खानुहोस् । तपाईँ बलियो हुनुहुन्छ ।” ग्राहकले के किने होलान् ?

## उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :

जस्तै : अग्लो = होचो

ठाडो .................... भिर .................... उकालो .................... घुमाउरो ....................

## बुधियाले लेखे जस्तै गरी तपाईँले आफ्ना बारेमा लेख्नुहोस् :

मेरो नाम बुधिया हो । म पोहोर कक्षा १ मा पढ्थेँ । मैले 'मेरो नेपाली' किताब पढेँ । मैले लेख्न सिकेँ । मैले 'मेरो गणित' किताब पढेँ । 'हाम्रो सेरोफेरो' किताबबाट पनि धेरै कुरा सिकेँ । मैले 'मेरो अङ्ग्रेजी' किताब पढेँ । अङ्ग्रेजीमा पढ्न र बोल्न जानेँ । अर्को वर्ष म कक्षा ३ मा पढ्ने छु ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## कक्षाका कुनै एक जना साथीलाई सोधेर उसले घरमा गर्ने पाँचओटा काम लेख्नुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................


..........................................................................................

## पाठ ८

### लय मिलाई गाउनुहोस् :

## गोठालाले बोलाए

पूर्वमा सूर्य उदाए, आकाशमा प्रकाश
बिलाए तारा हजार, सफा थियो आकाश ।
कतै थियो उकालो, कतै थियो भिरालो
एक्लो थियो गोठालो, बाटो थियो ओरालो ।
मालिकाको मन्दिर, मान्छे जान्छन् हजार
कोही जान्छन् मस्जिद, गुम्बा अनि विहार ।
गोठालाले बोलाए, गोहोरालाई देखेर
मान्छे आए कुदेर, हातमा लौरो बोकेर ।
सबै गए पसल, किने काफल कुरिलो
कागती नि किनेछन्, छानी छानी रसिलो ।



### चित्र हेरी वर्णन गर्नुहोस् :



## जोडेर भन्नुहोस् र लेख्नुहोस् :

स + न्दे + श → सन्देश

कु + रु + वा → 

क + टु + स → 

प्र + दे + श → 

## पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### अब म के गरूँ ?



विद्यालयछेउमा वन छ । वनमा कटुसको रुख छ । वनछेउमा सहर छ । पवन, कमल र लखन कटुस टिप्न गए । लखन सधैँ झैँ दौडियो । किन दौडेको होला ? ओहो ! आज त हरि पनि दौडियो त । यिनीहरू पक्कै लड्छन् होला । अब म के गरूँ ? यिनीहरूलाई रोक्नै पर्‍यो । "ए लखन ! ए हरि ! नदौड त ।" म कराएँ । हरि र लखन उभिए । मैले उनीहरूलाई भेट्टाएँ । मैले उनीहरूलाई दौडिनु हुँदैन भनी सम्झाएँ । हामी सबै सँगै गयौँ ।

(क) सहर कहाँ छ ?

(ख) को को कटुस टिप्न गए ?

(ग) हरि र लखन किन उभिए ?

## तालिकामा जस्तै गरी वाक्य बनाउनुहोस् :

| प्रचलित शब्द | ध्वनि परिवर्तन गरेपछि बन्ने शब्द | प्रयोग |
|---|---|---|
| कलम | मलम | १. म कलमले लेख्छु ।<br>२. म घाउमा मलम लगाउँछु । |
| हाँस | बाँस | १. ............<br>२. ............ |
| स्याल | न्याल | १. ............<br>२. ............ |
| तुनो | दुनो | १. ............<br>२. ............ |
| काम | घाम | १. ............<br>२. ............ |
| खाएन | पाएन | १. ............<br>२. ............ |
| पढेन | चढेन | १. ............<br>२. ............ |
| धाएर | गाएर | १. ............<br>२. ............ |

## शब्दहरूलाई उदाहरणमा दिइएअनुसार लेख्नुहोस् :

कानुन, कालिका, कुबाटो, गोठालो, गोहोरो, काफल, कागती, कुरिलो, कचौरा, आकाश, आदेश, उपदेश, विदेश, प्रदेश, सन्देश, कमल, कुरुवा, कटुस, कदर, अचेल, अचेत, पवन, धावन, भवन, जीवन, सेवन, हवन

अबाट सुरु भएका शब्द : अचेल, .................................................

आबाट सुरु भएका शब्द : आकाश, .................................................

काबाट सुरु भएका शब्द : कानुन, .................................................

गोबाट सुरु भएका शब्द : गोठालो, .................................................

देश प्रयोग भएका शब्द : उपदेश, .................................................

अन्त्यमा न प्रयोग भएका शब्द : हवन, .................................................

## खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| सुगन्ध | बेकार | बेहोस | आहार | ननिको | कुरूप |
| अटेर | बिछोड | सबल | नजाती | नरमाइलो | नमज्जा |

फूलको .................. पनि मलाई .................. लाग्यो । .................. पार्ने र .................. नहुने फूल .................. हुन्छ । .................. फूल र ..................मानिससँग.................. हुनु राम्रो हो । म .................. छु । .................., .................. र सुन्न नपरोस् ।

## शब्द मिलाई वाक्य भन्नुहोस् र लेख्नुहोस् :

(क) कक्षामा छ भाइ । (क) .........भाइ कक्षामा छ ।............

(ख) लाक्पाले लेख्यो कविता । (ख) .................................................

(ग) मैले गाएँ गीत । (ग) .................................................

(घ) विद्यालय गइन् बहिनी । (घ) .................................................

(ङ) किताब राख झोलामा । (ङ) .................................................

### बिचका वर्ण झिकी शब्द भन्नुहोस् र लेख्नुहोस् :

सहर, कमल, कुरुवा, कटुस, कदर, कानुन, कालिका, कुबाटो, गोठालो, गोहोरो, चामल, जमिन, मालिस, काफल, कागती, पसल, कुरिलो, बाजुरा, कचौरा, शीतल, आकाश

.................... .................... .................... ....................

.................... .................... .................... ....................

.................... .................... .................... ....................

.................... .................... .................... ....................

.................... .................... .................... ....................

### शब्द छुट्याएर वाक्य लेख्नुहोस् :

(क) सुजनभित्रगयो । ......सुजन भित्र गयो ।......

(ख) रमिलालेकथालेखी । ....................

(ग) आमारबुबालेगीतगाउनुभयो । ....................

(घ) मविद्यालयगएँ । ....................

(ङ) दराजबाटकिताबनिकाल । ....................

### उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :

जस्तै : सफा = फोहोर


भित्र .......... फेद .......... लामो .......... दुब्लो ..........

## पढ्नुहोस् र लेख्नुहोस् :

# चलाख ढुकुर

एउटा गाउँमा चलाख ढुकुर थियो । त्यहाँ अनौठो बिरालो पनि थियो । बिरालो सधैँ पूजा गरेर मात्र मुसा खान्थ्यो । उसले गाउँभरिका मुसा खायो । गाउँले बिरालासँग खुसी भए । एक दिन बिरालालाई नयाँ स्वाद लिन मन लाग्यो । बिरालाले एउटा ढुकुरलाई समात्यो । ढुकुरले एकैछिन सोचेर भन्यो, “बिराला दाइ ! तपाईँ त पूजा गरेर मात्र खाना खाने गर्नुभएको छ हैन ? पूजा गर्नुभयो ? पहिले पूजा गर्नुहोस्, अनि मलाई खानुहोला ।” बिरालो झल्याँस्स भयो । ऊ पूजा गर्न धारातिर गयो । मौका छोपी ढुकुर भुर्र उड्यो । ढुकुरले चलाखीका साथ आफ्नो ज्यान जोगायो । बिरालो जिल्ल पर्‍यो । बिरालाले समय अवस्था हेरेर काम गर्नुपर्ने कुरा बुझ्यो ।

माथि दिइएका शब्दको सुरुमा वर्ण जोडी शब्द बनाउनुहोस् :




पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| ३१– एकतिस | ३२–बत्तिस | ३३– तेत्तिस | ३४–चौँतिस |
| ३५– पैँतिस | ३६– छत्तिस | ३७– सैँतिस | ३८– अठ्तिस |
| ३९– उनान्चालिस | ४०– चालिस | ४१– एकचालिस | ४२– बयालिस |
| ४३– त्रिचालिस | ४४– चवालिस | ४५– पैँतालिस | ४६– छयालिस |
| ४७– सत्चालिस | ४८– अठ्चालिस | ४९- उनन्चास | ५०– पचास |

तपाईंको विद्यालयको भवनका बारेमा पाँच वाक्यमा वर्णन गर्नुहोस् :

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

## बिरालाका ठाउँमा कुकुर राखेर 'चलाख ढुकुर' पाठ लेख्नुहोस् :

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................


.....................................................................................................................................

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) सुरुको वर्ण झिकी नयाँ शब्द लेख्नुहोस् र पढ्नुहोस् :**

| कानुन | विहार | चामल | प्रदेश | उकालो | नगर |
|---|---|---|---|---|---|
| .................. | .................. | .................. | .................. | .................. | .................. |

**(ख) पहिलो वर्ण जोडेर शब्द लेख्नुहोस् :**




..................................................

..................................................

..................................................

..................................................

..................................................

**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :** बिछोड, सहर, उपदेश, तिहार

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

कालिका दिदी सहरमा जानुभयो । उहाँले सहरमा नै पढ्नुभयो । उहाँका धेरै साथी थिए । उहाँका कोही साथी विदेशका थिए । कोही साथी स्वदेशका थिए । पवन, जीवन र आकाश सहरका साथी थिए । एक दिन उनीहरू जम्मा भए । एउटा साथीले कचौरामा काफल ल्याएछन् । सबै जनाले रमाइलो मानेर काफल खाए । चिसो पानी पिए । आफूले बोकी ल्याएका खाजा बाँडेर खाए । घर जाने बेलामा साथी साथी छुट्टिँदा सबैले नरमाइलो माने । फेरि भेट्ने सल्लाह गरी सबै घर फर्के ।

(अ) कसले सहरमा पढ्नुभयो ?

(आ) सबैले कसरी खाजा खाए ?

(इ) सबैले किन नरमाइलो मानेका होलान् ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :**

(अ) घरमा मामा .................................... । (आयो, आइन्, आउनुभयो)

(आ) बहिनीले अचार ........................ । (खायो, खाइन्, खानुभयो)

(इ) भाइले कविता ............................. । (पढ्यो, पढिन्, पढ्नुभयो)

**(च) शब्द मिलाई वाक्य लेख्नुहोस् :**

(अ) हो मेरो बुधिया नाम । ........................................................................................ ।

(आ) 'मेरो नेपाली' किताब पढैँ मैले । ................................................................ ।

(इ) हुनुभयो खुसी आमा । ........................................................................................।

**(छ) बिचको वर्ण उस्तै भएको शब्द समूह हेरी जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| आदेश | कालिका, मालिका, तालिका |
| जीवन | प्रकार, डकार, खकार |
| पालिका | प्रदेश, सन्देश, विदेश |
| आकार | पवन, सेवन, हवन |

**(ज) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

आज गुरुले आहार विहारका बारेमा पढाउनुभयो । आहार भनेको खाना हो । विहार भनेको हिँड्डुल हो । हामीले ताजा खानेकुरा खानुपर्छ । ताजा सागपात र फलफूल खाएमा मानिस निरोगी हुन्छन् । हामीले अरूलाई भलो हुने काम गर्नुपर्छ । यसरी राम्रो काम गर्नेलाई सबैले मन पराउँछन् ।

(अ) विहार भनेको के हो ?

..............................................................................................................................

(आ) मानिस कसरी निरोगी हुन्छन् ?

..............................................................................................................................

(इ) माथिको अनुच्छेदमा प्रयोग भएका पहिलो वर्ण आ, वि, नि, फा, ता बाट बनेका शब्द खोजी लेख्नुहोस् :

आ.................. आ.................. वि.................. मा.................. खा..................

नि.................. भ.................. फ.................. का.................. ता..................

**(झ) तपाईंको कक्षाकोठामा मन पर्ने कुरा केके छन् ? तीन वाक्यमा लेख्नुहोस् :**

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो वातावरण

## पाठ ९

### लय मिलाई गाउनुहोस् :



## हिमालमा हिमा

कलशमा पानी ल्याऊ, कलकल खाऊ
आहा ! मिठो आहार रै'छ, अलि धेरै ल्याऊ ।

करणले कर गरे, को को आउँछन् भन ?
गौरव त गौर पुगे, खुसी भयो मन ।

कविताले कविलाई, गीत लेख्न लाइन्
भावनाले भाव बुझी, मिठो गीत गाइन् ।

गितारको तारबाट, बज्न थाल्यो धुन
हिमालमा हिमा पुगिन्, चम्किरहयो जून ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



## तलको तालिका हेर्नुहोस् र सोधेका प्रश्नको उत्तर भन्नुहोस् :

**बुटवल बसपार्क**

| जाने ठाउँ | छुट्ने समय | जान सक्ने यात्रु सङ्ख्या |
|---|---|---|
| लुम्बिनी | बिहान ५, ६ र ७ बजे | ३० जना (माइक्रो बस तीनओटा) |
| पाल्पा | बिहान ५, ६ र ७ बजे | ३० जना (माइक्रो बस तीनओटा) |
| पोखरा | बिहान ८ र ९ बजे | २५ जनाका दरले जम्मा ५० जना (बस दुईओटा) |
| दाङ | बिहान ६, ७ र ८ बजे | ३० जना (माइक्रो बस तीनओटा) |
| काठमाडौँ | बिहान ५ र ७ बजे | २५ जनाका दरले जम्मा ५० जना (बस दुईओटा) |
| धनगढी | बिहान ६ बजे | ३० जना (बस एउटा) |
| विराटनगर | बिहान ५:३० बजे | ३० जना (बस एउटा) |

(क) धनगढी जाने बस कति बजे जान्छ ?

(ख) पोखरा जान कति जनाले टिकट काट्न सक्दा रहेछन् ?

(ग) बुटवलबाट कहाँ कहाँ माइक्रो बस चल्दो रहेछ ?

(घ) तपाईंले दाङ जाने ६ बजेको माइक्रो बस छुट्यो भने के गर्नुहुन्छ ?

## तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

रायो ..............................  हरायो ..............................

गन ..............................  गगन ..............................

जब ..............................  गजब ..............................

निलो ..............................  गुनिलो ..............................

लियो ..............................  गुलियो ..............................

कृति ..............................  आकृति ..............................

## खाली ठाउँमा सही शब्द लेखी वाक्य बनाउनुहोस् र सार्नुहोस् :

(क) गगनका खरायोहरू ................................................ । (गन, खन)

(ख) भाइले गुलियो मिठाई ................................................ । (लियो, पियो)

(ग) रायोको साग ................................................ । (करायो, हरायो)

(घ) ................................................ र कृति साथी हुन् । (आकृति, विकृति)

## पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### आहा ! कस्तो मज्जा



हिजो हाम्रो घरमा लखन र आकृति आए । हामी वृद्धाश्रम नजिकैको मन्दिरमा डुल्न गयौँ । मन्दिरछेउमा बुढाबुढी बसिरहेका थिए । हामीलाई उहाँहरूले बोलाउनुभयो । मलाई उहाँहरू हजुरबुबा र हजुरआमा जस्तै लाग्यो । मैले भनेँ, “हजुरहरूले हामीलाई किन बोलाउनुभयो ?” “आऊ न गफ गरौँ न !” उहाँहरूले भन्नुभयो । हामीले हजुरबुबा र हजुरआमासँग धेरैबेर कुराकानी गर्‍यौँ । हामीलाई भोक लाग्यो । हामीले खाजा बोकेका थियौँ । मैले इनारबाट पानी झिकेँ । सबैले हातमुख धोयौँ । खाजा खायौँ । त्यसपछि हामी लखन र आकृतिसँग दोकानमा गयौँ । हामीसँग भएको पैसाले चिउरा, चामल र दुध किन्यौँ । काफल र गहत पनि किन्यौँ । हजुरबुबा र हजुरआमालाई सबै सामान दियौँ । त्यसपछि पोखरीछेउमा जम्मा भयौँ । अब भने हजुरबुबा तथा हजुरआमा धेरै खुसी देखिनुभयो । त्यसपछि उहाँले रमाइला कथा सुनाउनुभयो । भजन गाउनुभयो । सबै साथी नाचे । म पनि नाचेँ । हजुरबुबा हजुरआमालाई आफ्नै घरमा लैजाऊ जस्तै लाग्यो ।

**(क) बुढाबुढी कहाँ बसिरहेका थिए ?** **(ख) कसलाई भोक लाग्यो ?**

**(ग) हामी किन पसल गयौँ ?** **(घ) तपाईं अरूलाई कसरी खुसी पार्नुहुन्छ ?**

## सातओटा शब्द चिनेर घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| ख | ब | र | दा | न |
| रा | रा | सा | नी | म |
| ब | हु | यो | रा | जा |
| सा | ल | ह | रो | म |
| थी | र | ब | र | ट |

.................................................................................................................................

.................................................................................................................................

## छिटो छिटो पढ्नुहोस् :

नार नाल, भान मान, राम लाम, खरी घरी, गन घन

## शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

कता : .................................................................................................

काल : .................................................................................................

किन : .................................................................................................

कुरा : .................................................................................................

पालैपालो पढ्नुहोस् :

## कविता र एकता



कविता : एकता ! तिमी कता हिँडेकी ?

एकता : म त गुरुङ गाउँतिर जान्छु ।
नेपाली पढाउने गुरुलाई
भेट्छु ।

कविता : विचित्र र चित्र गुरुलाई पनि
भेट्छ्यौ त ?

एकता : जसलाई भेटे पनि हुन्छ ।
उहाँहरूलाई लेखक र
लेखको अर्थ सोध्छु । मित्रता र
मित्रको फरक सोध्छु ।
भोजन र भोजको सम्बन्ध
सोध्छु ।

कविता : ओहो ! वर्णको खेल त कति
रमाइलो हुँदोरहेछ हगि ।

एकता : कविता ! तिमीलाई पनि अब म 'कवि' भनौँ त !

कविता : हुन्छ, एकता ! म पनि तिमीलाई 'एक' भन्छु नि त !

दुवै : हाहाहा... ।

मिल्ने चिह्न लेख्नुहोस् :

, ! ? ।

(क) ओहो ...... कति राम्रो सयपत्री फूल फुलेछ ......

(ख) नेपालमा बाघ...... भालु...... मृग र खरायो पाइन्छन् ......

(ग) आमाले भन्नुभयो...... "छोरी यता आऊ ......"

(घ) तपाईंको नाम के हो ......

## पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



# पानीमा साधना

केटाकेटीले तिहारमा देउसी खेले । साधना पनि देउसी खेल्न गइन् । उनीहरूले धनाका घरमा देउसी खेले । त्यसपछि खोलापारि घनाको घरतिर लागे । साधनाले बाटाको डिलबाट तलतिर हेरिन् । खोलामा डिजेल जस्तै तरल पदार्थ बग्दै थियो । उनी सोच्न थालिन्, "खोलामा डिजेल कसरी आयो होला ?" उनी पानी र डिजेलको तुलना गर्न थालिन् । खोलाको छेउमा जाँदा साधनाको जुत्ताको तुना खुस्कियो । घरमा आएका पाहुना पनि उनीसँगै थिए । पाहुनाले साधनाको जुत्ताको तुना बाँधिदिए । ती पाहुनाले एउटा नाटकको पुस्तक बोकेका रहेछन् । साधनाको जुत्ताको तुना बाँध्दा नाटकको पुस्तक भुइँमा खस्यो । भुइँमा खस्दा किताबका पाना पल्टिए । किताबका पानामा केटाकेटीका चित्र थिए । केटाकेटीले नाक छोपेका थिए । यो देखेर साधनाले पाहुनालाई सोधिन्, "यी केटाकेटीले किन नाक छोपेका ?" पाहुनाले भने, "पानीमा परेको डिजेलको गन्ध आएकाले नि !" साधना नाक छोपेर मरिमरी हाँसिन् ।

**(क) केटाकेटीले कसका घरमा देउसी खेले ?**

.............................................................................................................................................

**(ख) केमा केको चित्र थियो ?**

.............................................................................................................................................

**(ग) बिचको वर्ण छोडेर नयाँ शब्द बनाउनुहोस् :**

जस्तै : तिहार – तिर

साधना :............ तरल :............ डिजेल :............ तुलना :............ नाटक :...........

## पढ्नुहोस् र लेख्नुहोस् :

**(क) शिक्षकको सहयोग लिई पहिला घटेका घटनाअनुसार १, २, ३...... लेख्नुहोस् :**

☐ चराको बचेरालाई भेटी साथी हुन बोलायो ।

☐ बाँदर, बाघ, घोडा, भैँसी, भेडा जस्ता सबै जनावरलाई साथी हुन बोलायो ।

☐ एउटा बालक साथी खोज्न हिँड्यो ।

☐ बचेराले 'तिमीले मलाई पिँजडामा थुन्छौ, काटेर पकाएर खान्छौ, त्यसैले साथी बन्दिनँ' भन्यो ।

☐ कसैले "तिमीले हामीलाई गाह्रो काम गर्न लगाउँछौ" भने "कसैले हाम्रा रौँ काटेर आफ्नो फाइदा लिन्छौ" भने । कसैले "तिमी हामीलाई मारेर खान्छौ" भने ।

☐ बालकले "मैले त्यसो गरेको होइन/म सबैलाई माया गर्छु" भन्यो ।

☐ सबै साथी साथी भएर खुसी भए ।

☐ बालकको कुरा सबैले माने ।

(ख) सबै जनावरका बच्चा हुन्छन् । बच्चाहरू माउसँगै बस्न मन पराउँछन् । आज हात्तीको छावा र गाईको बाछो भेट भए । त्यहाँ भेडाको बलेखो र बाखाको पाठो पनि आए । सबै मिलेर खेल्न थाले ।

## बाखापाठाले के के खान्छन् ? लेख्नुहोस् :

..................................................................................................

..................................................................................................

..................................................................................................

..................................................................................................

## पाठ १०

### लय मिलाई गाउनुहोस् :



## आकाशमा जून

मुरलीको धुन, कानले सुन
कानले होइन, ध्यानले सुन ।

गहुँमकै खाने, सुन कि घुन ?
सेतो सेतो चुन, आकाशमा जून ।

गाईका थुन, बट्टामा नुन
तरकारी खान, सुन कि नुन ?

### चित्र हेरी वर्णन गर्नुहोस् :



## पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :


इमान → इ | मा | न

टहल → ☐ | ☐ | ☐

विवाद → ☐ | ☐ | ☐

सरस → ☐ | ☐ | ☐

## कुन फूल कहिले फुल्छ तालिका हेरी बताउनुहोस् :

| फूलको नाम | चित्र | रङ | फुल्ने समय |
|---|---|---|---|
| मखमली |  | रातो | प्रायः असोजदेखि मङ्सिरसम्म |
| लालुपाते |  | रातो | प्रायः असोजदेखि मङ्सिरसम्म |
| गोदावरी |  | सेतो, पहेँलो, छिरबिरे, रातो | प्रायः असोजदेखि मङ्सिरसम्म |
| सयपत्री |  | सेतो, पहेँलो, छिरबिरे | प्रायः असोजदेखि मङ्सिरसम्म |
| जाई |  | पहेँलो, सेतो | प्रायः फागुनदेखि चैत |
| गुलाफ |  | सेतो, रातो | बर्सैभरि |

## अर्थ बताउनुहोस् :

कुरा, गला, चक, घोल

## पालैपालो पढ्नुहोस् :

# चिउरा र चामल



चामल : चिउरा ! तिमी त चिरा पर्न थालेछौ नि ?

चिउरा : हो चामल ! धानलाई कुटी कुटी चिउरा पारेका हुन् नि !

चामल : तिमीलाई मात्र हो र ? मलाई पनि कुटेर सेतो बनाए नि !

चिउरा : हेर त । चउर पनि चरचर चिरा परी फुटेको छ । त्यसैले मैले त मन बुझाएको छु ।

चामल : मलाई त छाउराले छारो मिसाइदिन्छ । मैनबत्ती ढालेर डल्लो पारिदिन्छ । मैदानमा लगेर छरिदिन्छ । डालो ढालेर पोखिदिन्छ । म पो के गरूँ ?

## 'जनकपुर' शब्दमा प्रयोग भएका वर्णबाट छओटा नयाँ शब्दहरू लेख्नुहोस् :

जन जनक .................... .................... ....................

.................... .................... ....................

## पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

# हिउँदमा हिउँ



डालामा गहत बस्यो । पाथीमा चना थुप्रियो । मानामा तिल भरियो । थुन्सेबाट कुखुराको भाले निस्क्यो । भाले डोकामाथि चढेर बास्यो, "कुखरी काँ, कुखुरी काँ ...।" भालेले बोलाएको सुनेर पोथी र चल्लाहरू आए । उनीहरूले चना, गहत र तिल देखे । गहत, तिल र चना खान थाले । गहत र मुसुराले गहभरि आँसु बनाए । मुगाली दाइले मुगाको माला लगाई आउनुभयो । मुगाली दाइ देखेर कुखुरा भागे । चना, गहत र तिलले आफूलाई खेतबारीमा छरिदिन बिन्ती गरे । मुगाली दाइले उनीहरूले भनेको मान्नुभयो । कोही पनि उम्रिन सकेनन् । मुगाली दाइले चना, गहत र तिललाई सोध्नुभयो, "तिमीहरू किन नउम्रिएका ?" चनाले भन्यो, "हिउँदमा हिउँ नपरेपछि हाम्रो के लाग्छ र ?"

**(क) भाले कसरी बास्यो ?**

..........................................................................................................................

**(ख) गहभरि आँसु कसले बनाए ?**

..........................................................................................................................

**(ग) मुगाको माला कसले लगायो ?**

..........................................................................................................................

**(घ) चना, गहत र तिल किन उम्रिन सकेनन् ?**

..........................................................................................................................

## जोडी शब्दहरू छिटो छिटो पढ्नुहोस् :




## खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

(क) डाँडा त सेतै ........................ । हिउँ पऱ्यो कि क्या हो ? (छन्, छैनन्)

(ख) रात सकिएपछि बिहान ........................ । (हुन्छ, हुँदैन)

(ग) जूनले पनि उज्यालो ................................ । (दिन्छ, दिँदैन)

(घ) हिउँदमा बिहान शीत ............................ । (पर्छ, पर्दैन)

## शब्दको क्रम मिलाएर वाक्य सार्नुहोस् :

(क) झमझम पऱ्यो पानी । ................................................................................

(ख) धुम्म लाग्यो बादल । ................................................................................

(ग) पानी खोलाको छ धमिलो । ................................................................................

(घ) निबुवाको रस छ धेरै । ................................................................................

## अहिले जाडो छ कि गर्मी ? जाडो र गर्मीबाट बच्न तपाईं के गर्नुहुन्छ ? लेख्नुहोस् :

| जाडोबाट बच्न गरिने उपाय | गर्मीबाट बच्न गरिने उपाय |
|---|---|
| १. ........................................................................ | १. ............................................................ |
| २. ........................................................................ | २. ............................................................ |
| ३. ........................................................................ | ३. ............................................................ |

## शब्द छुट्याएर लेख्नुहोस् :

(क) आजचर्कोघामलाग्यो । ........ आज चर्को घाम लाग्यो ।........

(ख) बादललेआकाशढाकेकोछ । ..................................................

(ग) जाडामाहुस्सुलाग्छ । ..................................................

(घ) पानीलेनिथ्रुक्कभिजायो । ..................................................

## वनमा डढेलो लाग्यो भने के के हुन्छ ? लेख्नुहोस् :

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

## पाठ ११

लय मिलाई गाउनुहोस् :



### राख्नुपर्छ नाम

गगनसँग धन थियो, गणेशलाई दियो
गणेशले गनगन गर्दै, गुलियो पनि लियो
गुनिलो छ निलो ताल, कत्ति राम्रो धाम
गरौँ गरौँ राम्रो काम, राख्नुपर्छ नाम ।

गजबको रायो साग, जब उसले पायो
बिरालाले रालो खोज्न, धेरै पटक धायो
कृतिभित्र आकृति छ, हेर्दा लाग्छ घाम
गरौँ गरौँ राम्रो काम, राख्नुपर्छ नाम ।

चित्र हेरी वर्णन गर्नुहोस् :



## पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :

मलम → म | ल | म

महल → ☐ | ☐ | ☐

हिउँद → ☐ | ☐ | ☐

गतिलो → ☐ | ☐ | ☐

## चित्र हेरी मिल्ने शब्दमा घेरा लगाउनुहोस् :



(मोरी मौरी मैरी)



(पतुली, पुलती, पुतली)



(ओषधी, औषधी, असौधी)



(फूल, पुल, कुल)

## साथीलाई पढ्न लगाई सुन्नुहोस् :

मौरी र पुतली आकाशमा उड्छन् । पुतली राता, पहेँला, सेता र रङ्गीबिरङ्गी हुन्छन् । मौरी एकै रङका हुन्छन् । पुतलीले मौरीले जस्तै फूलको रस चुस्छन् । मौरी मिहिनेती हुन्छन् । फुलको रसबाट मौरीले मह बनाउँछन् । मलाई पुतली मन पर्छ तर पुतलीले मह बनाउँदैनन् । त्यही भएर मौरी घरमा पालेको छु । पुतली खेतबारीतिरै बस्छन् ।

## पढ्नुहोस् र उत्तर भन्नुहोस् :



### पसलमा पस

जीवन र हरि गोरु चराउन गफ गर्दैगर्दै वनतिर लागे । गफको सुरमा गोरु फुकाउनै भुलेछन् । लौजा ! गोरु गोठमै छुट्यो । जीवन हरिलाई लिएर घर फर्कियो । गोरु गोठमा नै रहेछ । गोरु फुकाएर जीवन र हरि फेरि जङ्गल गए । गोरु दुबो खान चउरमा गयो । हरि पनि हरियो दुबामा थचक्क बस्यो । यत्तिकैमा काका आइपुग्नुभयो । उहाँले जीवनलाई भन्नुभयो, "भरत अरूका भरमा बाँच्न थाल्यो । दीपकले मन्दिरमा दीप बाल्यो । कामनाले पढाउन थाली । अरूले जे जे गरुन्, तिमीचाहिँ असल बन है ।" "म चाहिँ के गर्नु त ?" हरिले काकालाई सोध्यो । काकाले भन्नुभयो, "भोलिदेखि तिमी पसलमा पस । सामान बेच । सबैले भनेको मान ।"

**(क) गोरु कहाँ रहेछ ?** **(ख) गोरु किन चउरमा गयो ?**

**(ग) दीपकले के बाल्यो ?** **(घ) जीवनलाई काकाले के गर भन्नुभयो ?**

## खाली ठाउँमा मिल्ने शब्द लेखी वाक्य बनाउनुहोस् :

| पक्रनुहुन्छ | बनाउँछ | आउँछ | लेख्छ |
|---|---|---|---|

(क) रतनले कविता .................................. । (ख) मौरीले मह ........................................ ।

(ग) प्रहरी दाइले चोर ............................ । (घ) सुखीराम बिहानै ............................ ।

## तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| पाउ ................ | गाज ................ | आँच ................ | सफा ................ |
| झापा ................ | पाल्पा ................ | पाता ................ | चल ................ |

## तलका शब्द प्रयोग गरी तपाईंको घरका बारेमा बताउनुहोस् :

रङ, सफा, छानो, तला, झ्याल, ढोका, बगैँचा, करेसाबारी

### छिटो छिटो पढ्नुहोस् :

आठ आँठ, आँट आट, भाडा भाँडा, काटी काँटी, बास बाँस, ढाट ढाँट

### अन्तिममा आउने वर्णबाट शब्द बनाउँदै जानुहोस् र कापीमा लेख्नुहोस् :

पाल्पा, पाउजु, जुनार, रजक, कविता, ताप्के, केटा

### पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## पाल्पाबाट झापा



हामीले पाल्पाली साथीहरूलाई पाल्पामै छाड्यौँ । हामी झापाली जति तानसेनमा भेला भयौँ । बसपार्कका छेउमा एउटा गाडी आयो । लौ झापा.. झापा.. भन्दै बोलायो । हामी गाडीमा चढ्यौँ । गाडीको एउटा सिट अगाडि फर्किएको थियो । अर्को सिट पछाडि फर्किएको थियो । प्रभा, रमा र म अगाडि फर्किएर बस्यौँ । असीम, प्रितम र विभु पछाडि फर्किएर बसे । हामी सिद्धबाबा, बुटवल र दाउन्ने पुग्यौँ । त्यसपछि नारायणघाट, हेटौँडा, लाहान, इटहरी हुँदै झापातिर लाग्यौँ । गाडीको सहचालक दाइ पैसा उठाउन आउनुभयो । असीमले तीन जनाको मात्र भाडा तिऱ्यो । सहचालक दाइले सोध्नुभयो, "तपाईंहरू छ जना हुनुहुन्छ । अनि भाडा चाहिँ किन तीन जनाको मात्र ?" असीमले भन्यो, "यिनीहरू पो झापातिर फर्किएका छन् । हामी त पाल्पातिरै फर्किएका छौँ । अनि किन भाडा दिने ?" हामी सबै हाँस्यौँ । सहचालक दाइ पनि हाँस्नुभयो ।

**(क) गाडी कहाँबाट कहाँसम्म जाँदै थियो ?**

..........................................................................................

**(ख) पाल्पाबाट झापा जाँदा कुन कुन ठाउँ पर्दा रहेछन् ?**

..........................................................................................

**(ग) सहचालक दाइ किन हाँस्नुभयो होला ?**

..........................................................................................

## मिल्ने चिह्न लेख्नुहोस् :

, ! ? ।

(क) धनियाँ ............ तपाईं कता जाँदै हुनुहुन्छ ............

(ख) रोहन ............ रजनी र सुरभी अस्पताल गए ............

(ग) ओहो ............ साथीलाई त कति ठुलो घाउ लागेछ ............

(घ) आहा ............ आज त कति रमाइलो भयो ............

(ङ) ए सानी ............ झट्टै घर आऊ ............

## खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

नमस्कार, कति दिऊँ ? सय रुपियाँ, धन्यवाद दाइ, हुन्छ दाइ

सुन्तली : नमस्कार, पसले दाइ !

पसले : ............................

सुन्तली : चिनी छ, दाइ ?

पसले : ............................

सुन्तली : एक किलाको कति पर्छ ?

पसले : ............................

सुन्तली : आधा किलो दिनुहोस् न ।

पसले : ल लेऊ ।

सुन्तली : ............................

पसले : भोलिपर्सि पनि आउँदै गर है ।

सुन्तली : ............................

बाजुरामा लमगाउँ र डोगडी गाउँ छन् । त्यहाँ छेडे दह नाम गरेको पोखरी छ । यो पोखरी धेरै राम्रो छ । पोखरी हेर्न धेरै मानिस आउँछन् । तपाईंलाई पनि त्यहाँ जाऊँ जाऊँ लाग्यो होला । अब तपाईं छेडे दह कसरी जानुहुन्छ ? कापीमा लेखेर शिक्षकलाई देखाउनुहोस् ।

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) बिचको वर्ण झिकी नयाँ शब्द लेख्नुहोस् र पढ्नुहोस् :**

| पालिका | छाउरो | लेखक | कुखुरा | मैदान | चिउरा |
|---|---|---|---|---|---|
| ................ | ................ | ................ | ................ | ................ | ................ |

**(ख) शब्दको अन्त्यमा वर्ण थपेर नयाँ शब्द लेख्नुहोस् :**

| यो | | ली | | न | |
|---|---|---|---|---|---|
| हरि........ | परि........ | पाल्पा........ | झापा........ | सामा........ | जीव........ |

**(ग) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

आकृतिको घरमा पाहुना आउनुभयो । उहाँ लेखक हुनुहुँदो रहेछ । पाहुनाले आकृतिलाई कृति देखाउनुभयो । पाहुना गजबको हुनुहुन्थ्यो । त्यहाँ माहिलो दाइ आइपुग्नुभयो । उहाँले हिलो पोखरीमा कपडा धुनुभएछ । दाइको कपडामा हिलो लागेछ । मैले पाहुनालाई दही र चिउरा दिएँ । पाहुनाले दही र चिउरा खानुभयो । मैले मेरो किताब देखाएँ । सबै जनाले “मुरलीको धुन, कानले सुन, कानले होइन, ध्यानले सुन” कविता गायौँ । आहा ! कति रमाइलो भयो ।

(अ) को लेखक हुनुहुँदो रहेछ ?

(आ) दाइको कपडामा हिलो कसरी लाग्यो ?

(इ) नाच्दा र गाउँदा किन रमाइलो हुन्छ होला ?

**(घ) खाली ठाउँमा मिल्ने चिह्न लेख्नुहोस् :**

(अ) हजुर कहाँबाट आउनुभयो .......... (? । , )

(आ) भाउजूले पाउजु लगाउनुभयो .......... (? । , )

(इ) काभ्रेली ........ पाल्पाली र झापालीको भेट भयो । (? । , )

**(ङ) मिल्ने शब्दसमूहसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| रङ | चामल, गहुँ, मकै |
| कागज | कागती, काफल, भोगटे |
| अन्न | रातो, सेतो, कालो |
| फलफूल | किताब, कापी, खाम |

**(च) शब्द पत्ता लगाएर घेरा लगाउनुहोस् र लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| छा | ता | टा | ल |
| ना | उ | कु | श |
| का | ली | रो | क |
| सु | इ | ना | र |

........................ ........................ ........................ ........................

........................ ........................ ........................ ........................

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

अचेल दिदी बिहानै उठ्नुहुन्छ । कलशमा पानी भर्नुहुन्छ । आकृतिलाई बोलाउनुहुन्छ । जीवनलाई पढाउनुहुन्छ । आफू पनि पढ्नुहुन्छ । आज भने दिदी करेसाबारीमा डुल्न जानुभयो । करेसाबारीमा भोगटे थियो । त्यहाँ काउली थिएन । साग थिएन । खुर्सानी फलेको थियो । दिदीले सोच्नुभयो, "खुर्सानी र भोगटे मात्र खाएर को पो बाँचेको होला र ?" दिदी घरतिर लाग्नुभयो । सबैलाई बोलाएर अन्नखेती गर्ने सल्लाह दिनुभयो ।

(अ) दिदी के के गर्नुहुन्छ ?

..............................................................................................................

(आ) दिदीले के सोच्नुभयो ?

..............................................................................................................

(इ) दिदीले किन अन्नखेती गर्ने विचार गर्नुभयो होला ?

..............................................................................................................

**(ज) तपाईंको घर नजिक भएको कुनै एक ठाउँका बारेमा पाँच वाक्य भन्नुहोस् ।**

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# मेरो सिर्जना

## पाठ १२

### लय मिलाई गाउनुहोस् :

## आयो रातो भाले



आँखा ठुला भएको, कुकुर छ न्याले
सिउर ठाडो भएको, आयो रातो भाले ।
दुब्लाएर खरायो, भएको छ हाडे
मोटाएर बिरालो, भएको छ ढाडे ।
जरायोले दङ्ग परी, उडाएछ चङ्गा
खरायो त नाच्न थाल्यो, खुट्टा पारी बाङ्गा ।
बाँदरले मिठा फल, टिप्यो टपटप
दुब्लाएको खरायोले, खायो कपकप ।
बिरालाले बजाएछ, एकतारे बाजा
लोखर्केले खायो आज, फलफूल खाजा ।

### तपाईंको नेपाली किताबमा राम्रा लागेका कुरा के के छन् ? साथीसँग छलफल गरी बताउनुहोस् ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



## पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :

| क्यामेरा | ङ्याउरो | ख्वाक्क | क्वाँक्वाँ |
|---|---|---|---|
| क्या, मे, रा | ___, ___, ___ | ___, ___ | ___, ___ |

## मिल्ने वर्ण जोडी कम्तीमा दशओटा शब्द बनाई कापीमा लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| स | री | त | ट्वा | श्वा |
| प्त | ति | प्वा | क्क | स |
| री | क्ख | ही | स | क |
| ति | र | आ | फ्नो | र |
| र्खा | स | मा | न | ङ |

## छिटो छिटो पढेर साथीलाई सुनाउनुहोस् :



## पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### झ्यालमा स्याल



साँझको बेला थियो । झ्यालमा ट्वाकट्वाक गरेको आवाज आयो । ज्यामिरको बोटमा चरा कराए । सानीलाई ज्वरो आएर ओछ्यानमा सुतेकी थिइन् । उनले चिहाएर बाहिर हेरिन् । ट्वाकट्वाक आवाज आइरहेकै थियो । उनी उठेर ठमठम गर्दै झ्यालतिर गइन् । झ्यालमा हातले ड्याम्मड्याम्म हानिन् । झ्यालबाट कोही हाम फाल्यो । लौ, झ्यालमा स्याल पो बसेको रहेछ । उनलाई डर लाग्यो । उनले मनमनै सोचिन्, “स्याललाई ड्याम्म लौराले हान्नुपर्थ्यो । स्याल त भागिहाल्यो ।” उनले फेरि गुरुआमाले भन्नुभएको कुरा सम्झिइन्, “कुनै जीवजन्तुलाई पिट्नुहुन्न । यो त ठिकै छ तर स्याल झ्यालमा किन आएको होला ?” सानी सोच्दै सोच्दै कोठातिर लागिन् ।

**(क) केको बोटमा चरा कराए ?**

**(ख) स्याल झ्यालमा किन आयो होला ? तपाईंको विचार भन्नुहोस् ।**

**(ग) सानीलाई किन डर लाग्यो ?** **(घ) सानीले कसरी बाहिर हेरिन् ?**

## तलको तालिकाबाट मिल्ने पाँच वाक्य बनाई लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| बहिनी | मुख | धुन्छिन् । | १. ................................ |
| | हातगोडा | | २. ................................ |
| | जुत्तामोजा | | ३. ................................ |
| | घाँघर | | ४. ................................ |
| | गुनिउँचोलो | | ५. ................................ |

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



## क्रिकेट खेल

बल बोकेर ब्वाँसो आयो । ब्याट बोकेर फ्याउरो आयो । भ्यागुतो रेफ्री बस्ने भयो । उनीहरूले क्रिकेट खेल्न सुरु गरे । म्याँम्याँ गर्दै पाठो आयो । प्वाँख हल्लाउँदै परेवा आयो । परेवा र पाठो दर्शक भए । ब्वाँसाले बल फ्याँक्यो । फ्याउराले बल फर्कायो । चौका ! भ्यागुतो करायो । परेवालाई फ्याउराको खेल मन पऱ्यो । उसलाई फ्याउराको म्वाइँ खान मन लाग्यो । पाठो भने खेल हेर्दाहेर्दै निदाएछ । भ्यागुताले चौका भनेको सुन्दा तर्सियो । ऊ भुइँमा पुर्लुक्क लड्यो । दुखे पनि पाठो रोएन । एकछिनपछि पाठो फेरि निदायो । खेल पनि सकियो । साथीहरू जान लागे । भ्यागुताले ट्वारट्वार गऱ्यो । पाठो ब्युँझियो । ऊ नाच्दै सबैको पछि लाग्यो ।

(क) रेफ्री को बन्यो ?

..........................................................................................

(ख) पाठो किन भुइँमा लड्यो ?

..........................................................................................

(ग) कसले चौका हान्यो ?

..........................................................................................

## शब्द मिलाई वाक्य भन्नुहोस् :

(क) बजायो बाँसुरी राकेशले ।

(ख) कविता लेख्यो आइतमानले ।

(ग) गोविन्दले सुनायो चुट्किला ।

(घ) चित्र ठुलो कोरी ङिङ्माले ।

(ङ) मिठो शर्मिलाले गाई गीत ।

## सार्नुहोस् :

केटाकेटी चउरमा थिए । त्यत्ति नै बेला मुसलधारे पानी पऱ्यो । उनीहरू विद्यालयतिर भागे । पेम्बाको खुट्टामा अल्झेर फुर्बा लड्यो । उसको घुँडामा घाउ भयो । घाउबाट रगत बग्यो । फुर्बा उठ्न खोज्यो तर सकेन । आङीले फुर्बा लडेको देखिन् । उनी फुर्बा नजिकै गइन् । पेम्बा र आङीले फुर्बाको घाउमा औषधी लगाए । फुर्बाले पेम्बा र आङीलाई धन्यवाद दिए ।

..........

..........

..........

..........

..........

..........

..........

## खाली ठाउँ भर्नुहोस् :

शारदा : ..........................................................................................

हजुरबुबा : नमस्ते नानी ! सन्चै छ तिमीलाई ?

शारदा : सन्चै छ । अनि हजुरलाई नि ?

हजुरबुबा : ..........................................................................................

शारदा : खाना खानुभयो हजुरबुबा ?

हजुरबुबा : ..........................................................................................

शारदा : त्यसो भए हजुर आराम गर्नुहोस् । म पल्लो घर पुगेर आउँछु है ।

हजुरबुबा : छिट्टै आऊ है । भोक लागेको होला । हजुरआमाले तिमीलाई मिठो लाग्ने खानेकुरा पकाएकी छिन् ।

शारदा : हवस् ।

## तपाईँले सुनेको वा पढेको गीत वा कविता लेख्नुहोस् :

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

## पाठ १३

### लय मिलाई गाउनुहोस् :

### घार्रघुर्र



खेती गर्ने किसान हुँ, गाई पाल्ने ग्वाला
काम गर्ने रोप्ने गोड्ने, म हुँ हिम्मतवाला ।
अन्नबाली तरकारी, फलाउँछु टन्न
दुधदही घिउभात, खान्छु ग्वाम्मग्वाम्म ।
दही मथ्न सुरु गर्छु, ठेकी घार्रघुर्र
कहिले डोरी किर्र गर्छ, कहिले गर्छ क्वार्र ।
क्वाँ क्वाँ रुन्छ भाइ पनि, दिन्छु दहीमही
ख्वाक्कख्वाक्क खोकी लाग्छ, तातोपानी खोई ?
ग्याँस ठ्याक्कै सकिएछ, बाल्नुपर्छ दाउरा
दुध खाने मौका हेरी, बसेका छन् ङ्याउरा ।

### साथीसँग उजिर र प्रहरी बनी कुराकानी गर्नुहोस् :



उजिर : नमस्कार, प्रहरी दाइ !

प्रहरी : नमस्कार, तपाईँलाई मैले चिनिनँ ।

उजिर : मेरो नाम उजिर हो ।

प्रहरी : तपाईँलाई के समस्या पर्‍यो ?

उजिर : म भाइसँग जात्रा हेर्न आएको थिएँ । भाइ त हरायो ।

प्रहरी : कहाँबाट भाइ हरायो ? मलाई देखाउनुहोस् त ।

उजिर : त्यहाँबाट ... ।

प्रहरी : ल जाऔँ । हामी दुवै जना भएर खोजौँ ।

उजिर : हुन्छ प्रहरी दाइ, धन्यवाद ।

## चित्र हेरी वर्णन गर्नुहोस् :



## बिचमा ट् वा न् वर्ण थपी शब्द भन्नुहोस् र कापीमा लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| ख............छ | ज............छ | क............छ | थ............छ |
| का............छ | डा............छ | था............छ | |

## खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) म आमाबुबालाई .................................... । (ढोग्छ, ढोग्छु, ढोग्छस्)

(ख) भाइ बुबाले भनेको ................................। (हेर्छ, मान्छ, बोल्छ)

(ग) तिमी गुरुले भनेको .................................... । (मान्छौ, मान्नुहुन्छ, मान्छस्)

(घ) हामी सबैलाई सम्मान .................................... । (गर्छौं, गर्छ, गर्छिन्)

(ङ) तपाईँ पशुपतिनाथको मन्दिरमा .............................. । (जानुहुन्छ, जान्छु, जान्छौँ)

(च) लुम्बिनीमा रिक्सा .............................. । (चल्छिन्, चल्छन्, चल्नुहुन्छ)

## साथीसँग कथा पढेर उत्तर भन्नुहोस् :

### न्वारनमा सत्या



सत्याकी सानी बहिनी छिन् । आज बहिनीको न्वारन गर्ने अरे । "बा ! बा ! न्वारन भनेको के हो ?", सत्याले सोधी । "तिम्री बहिनीको नाम राख्ने क्या ।", बुबाले भन्नुभयो । "नाम कसले राख्छ त ?", उसले फेरि सोधी । "पुरोहितले राख्ने चलन छ ।", बुबाले भन्नुभयो । नभन्दै पुरोहित पनि आउनुभयो ।

**(क) न्वारन भनेको के हो ?**

**(ख) मान्छेको नाम कसले राख्ने चलन रहेछ ?**

**(ग) परिवारका सदस्यसँग सोधी सानामा नाम कसरी राखिन्छ ? लेख्नुहोस् ।**

## तालिकामा जस्तै गरी वाक्य बनाउनुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| मैले झोला बोकेको छु । | हामीले झोला बोकेका छौँ । |
| म रोटी खान्छु । | हामी रोटी खान्छौँ । |
| (क) म विद्यालय जान्छु । | ........................................ |
| (ख) म सधैँ हातमुख धुन्छु । | ........................................ |
| (ग) म असल बन्छु । | ........................................ |
| (घ) भाइ चकचके छ । | ........................................ |
| (ङ) दाइले मलाई किताब दिनुभयो । | ........................................ |

## तलका शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

भन्छन् : ..........................................................................................

हुन्छन् : ..........................................................................................

विद्या : ..........................................................................................

ध्वाँसो : ..........................................................................................

कपडा : ..........................................................................................

न्वारन : ..........................................................................................

ध्वजा : ..........................................................................................


## चित्र हेरी मिल्ने शब्दमा गोलो घेरा (O) लगाउनुहोस् :



(ट्याक्सी, ट्यासी, ठ्याक्सी)



(ज्याल, झ्याल, झ्वाल)



(वछ्यान, ओछान, ओछ्यान)



(जामिर, ज्यामिर, जौमिर)

## पालैपालो पढ्नुहोस् :

### च्वाइँच्वाइँ सेल



भाइ : दिदी ! यो ट्याकट्याक केको आवाज हो ?

दिदी : म त कहिले ठ्याकठ्याक सुन्छु । कहिले ड्याङड्याङ सुन्छु ।

भाइ : लौ के उल्का हो ! फरक फरक आवाज आउँदै छ । कहिले ड्याँङड्याँङ सुनिन्छ । कहिले ठ्याकठ्याक !

दिदी : अहिले झ्वारझ्वार सुनिँदै छ त !

भाइ : झ्वार्र सलाई कोरेको जस्तो पनि सुनिन्छ । छ्वालीमा आगो लगाई कि क्या हो सानीले ?

दिदी : जाऔँ न त हेरौँ ।

(आमा सेल पकाउँदै हुनुहुँदो रहेछ । बुबाले दाउरा चिर्नुभएछ ।)

भाइ : ल हेर आमाबुबाले च्वाइँच्वाइँ सेल पकाउँदै हुनुहुन्छ । त्यही भएर पो यस्तो आवाज आएको रहेछ ।

दिदी : हो त नि । हामी पनि सेल खाऔँ न त ।

## शिक्षकको सहयोग लिई मिल्ने शब्द भर्नुहोस् र पढेर सुनाउनुहोस् :

| राम्री, कान्छी, सिपालु, दुई, मिल्ने, धेरै, सबै, निलो, हँसिलो, सहयोगी, मिठा, शान्त |
|---|

मेरी ............ बहिनी ............ कक्षामा पढ्छिन् । उनी ............ छिन् । उनी ............ पनि छिन् । बहिनी ............ साथीलाई ............ माया गर्छिन् । त्यसैले उनका ............ साथी थुप्रै छन् । उनको ............ अनुहार देखेर गुरु तथा गुरुआमा खुसी हुनुहुन्छ । उनलाई ............ रङको कपडा मनपर्छ । उनलाई ............ स्वभाव भएको मानिस मन पर्छ । बहिनीलाई ............ परिकार पनि मन पर्छ ।

**शिक्षकको सहयोग लिई क्रियापद मिलाएर कथा बनाउनुहोस् र लेख्नुहोस् :**

एक जना धनी व्यक्ति हुनु – उसलाई फूल धेरै मन पर्नु – घर वरिपरि फूलबारी बनाउनु – सुत्ने कोठावरिपरि गमलामा फूल फुलाउनु – फूलबारी स्याहार्न माली राख्नु – पानी हाल्ने क्रममा मालीले एउटा गमला फुटाउनु – धनी व्यक्तिलाई रिस उठ्नु – मालीलाई धेरै गाली गर्नु – छिमेकीले त्यो कुरा थाहा पाउनु – धनी व्यक्तिकहाँ जानु – काम गर्दा कहिलेकाहीँ गल्ती हुन सक्ने कुरा सम्झाउनु – धनी व्यक्तिले गल्ती भएको स्वीकार गर्नु – आफ्नो आँखा खोलिएकामा छिमेकीलाई धन्यवाद दिनु

जस्तै : ..........एक जना धनी व्यक्ति थियो । ..........

..........

..........

..........

..........

..........

..........

..........


..........

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) शब्द पढ्नुहोस् र लेख्नुहोस् :**

ट्याकट्याक ........ म्याँम्याँ ........ त्वारत्वार ........ ड्याङड्याङ ........ किर्रकिर्र ........ ओछ्यान ........

**(ख) चित्र हेरी पाँच वाक्य भन्नुहोस् :**



**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

ङ्वार्रङ्वार्र, ड्याङड्याङ, ठ्याकठ्याक, म्याँम्याँ, च्वाइँच्वाइँ

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

श्यामको मने म्याँम्याँ गर्दै आयो । मने ओछ्यानमा उफ्रन थाल्यो । मझेरीमा कुखरा आयो । ऊ क्वाँकक्वाँक गर्न थाल्यो । हजुरबाले लौराले ट्याकट्याक पार्नुभयो । कुखुरो फुत्त बाहिर गयो । बहिनी बारीमा थिइन् । उनीले प्याज र भन्टा टिपिन् । भिन्डी खोजिन् । उनी आमासँगै घर आइन् । करेसाबारीमा गरेको सबै काम बाबालाई सुनाइन् ।

(अ) मने कहाँ उफ्रियो ? (आ) हजुरबाले के गर्नुभयो ?

(इ) बहिनीले करेसाबारीमा के के गरिन् ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) बिरामीले ........ खोके । (ख्वाक्क, प्वाक्क, वाक्क)

(आ) ठुलेले भाइलाई ........ पिट्यो । (ट्याक्क, ढ्याक्क, प्याट्ट)

(इ) बाटामा ........ सुलुलु गयो । (घोडा, सर्प, भ्यागुतो)

**(च) अन्तिम वर्णबाट बन्ने शब्द लेख्नुहोस् :**

जस्तै : स्वागत तसला ........ ........ ........ ........

**(छ) मिल्ने वाक्य छानेर जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| | खाना पकाउँछु । |
| म | खाना पकाउने छौँ । |
| | कथा लेख्ने छौँ । |
| हामी | गीत गाउँछु । |
| | नाटक खेल्ने छौँ । |

**(ज) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

नदीको छेउमा भ्यागुतो ट्वारट्वार गरेर कराउन थाल्यो । किरा झ्याउँझ्याउँ गर्न थाले । बिजुली चमचम चम्कन थाल्यो । मयूर प्वाँख फिँजाएर नाच्न थाल्यो । बादल कालो भयो । पोथी भ्यागुताले मनमनै विचार गऱ्यो, "आज साँच्चै वर्षा हुन्छ जस्तो छ ।" नभन्दै आकाशमा मेघ गर्जन थाल्यो । पोथी भ्यागुताले आफ्नो बच्चा र भ्यागुतालाई खेतको कुनामा लग्यो । त्यहाँ अरू भ्यागुताले स्वागत गरे । एकछिनमा मुसलधारे वर्षा भयो । नदी उर्लेर आयो । समयमा नै सुरक्षित ठाउँमा आएकाले सबै खुसी भए । सबैले पोथी भ्यागुतालाई धन्यवाद दिए ।

(अ) भ्यागुतो कसरी करायो ?

..................................................................................................................................

(आ) कसले कसलाई स्वागत गरे ?

..................................................................................................................................

(इ) पोथी भ्यागुताले वर्षा हुने कुरा कसरी पत्ता लगाई ?

..................................................................................................................................

**(झ) मिल्ने वाक्य प्रयोग गरी कविता पूरा गर्नुहोस् :**

आँखा ठुला भएको ....................................... ................................... टिप्यो टप टप
सिँउर ठाडो भएको ....................................... ................................... खायो कपकप
दुब्लाएर खरायो ....................................... ................................... एकतारे बाजा
मोटाएर बिरालो ....................................... ................................... फलफूल खाजा ।

शिक्षकको हस्ताक्षर : .............          अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# रुचि र बानी

## पाठ १४

लय मिलाई गाउनुहोस् :

### साथी साथमा

आकाशमा राम्रो चन्द्रमा
ल्याऔँ न साथी धर्तीमा
नल्याऔँ साथी चन्द्रमा
त्योभन्दा राम्री छिन् आमा ।

फलाऔँ अन्न धर्तीमा
सजाऔँ कला मूर्तिमा
पुस्तक बोकी हातमा
साथी त आए साथमा ।

मान्छेको जात मान्छे हो
मान्छे भएरै बाँचौँ न
नराम्रो कहिल्यै नसोचौँ
मुटुमा माया साँचौँ न ।



चित्र हेरी वर्णन गर्नुहोस् :



## जोडेर शब्द भन्नुहोस् र लेख्नुहोस् :

| बि | रु | वा |
|---|---|---|
| बिरुवा | | |

| च | न्द्र | मा |
|---|---|---|
| | | |

| अ | पठ्या | रो |
|---|---|---|
| | | |

| अ | ङ्क | ल |
|---|---|---|
| | | |

## जोडा मिलाउनुहोस् :

बाख्रो




चन्द्रमा



मूर्ति



बिरुवा



## रतनले बिहानभर गर्ने काम पढी उत्तर भन्नुहोस् :

### दैनिक कार्यतालिका

| समय | काम | इच्छा |
|---|---|---|
| बिहान ६ बजे | उठ्ने, हातमुख धुने | आमाबुबालाई नमस्कार वा ढोग गर्ने |
| बिहान ६ बजे | पत्रपत्रिका र किताब पढ्ने | समाचार र सिकेका कुरा अरूलाई भन्ने |
| बिहान ७ बजे | चिया र खाजा खाने | चिया र खाजा बाँड्ने |
| बिहान ८ बजे | अरूका काममा सहयोग गर्ने | चित्र कोर्ने, गीत गाउन तथा नाच्न सिक्ने, भान्छाको काम, घरको सरसफाइ, फूलमा पानी राख्ने |
| बिहान ९ बजे | खाना खाने | सबैसँग बसी खाना खाने |
| बिहान ९:३० बजे | विद्यालय जाने | झोला बोकी विद्यालय जाने |

**(क) रतन बिहान ६ बजे के गर्छन् ?**

**(ख) रतन बिहान कति बजे उठ्छन् ?**

**(ग) रतन बिहान कसरी विद्यालय जान चाहन्छन् ?**

**(घ) रतनका के कस्ता इच्छा रहेछन् ?**

**(ङ) रतनले गरे जस्तै तपाईंले पनि कुन कुन समयमा के के काम गर्नुहुन्छ ? भन्नुहोस् ।**

## मिल्दो चिह्न राखेर तलका वाक्य पूरा गर्नुहोस् :

(क) म किताब पढ्छु ................ ( । , ? )

(ख) कविता................रमेश र श्याम बजार गए । ( । , ? )

(ग) तिमीलाई कुन गीत मन पर्छ................ ( ! , ? )

(घ) आहा................कति राम्रो कपडा । ( ! । ? )

पालैपालो पढ्नुहोस् :

## कसलाई थाहा छ ?



सलमा : सर्प र छेपारो घिस्रेर हिँड्छन् । माछा र कछुवा पानीमा पौडिन्छन् । ती प्राणी किन सधैँ सुत्छन्, सुमन ?

सुमन : ती सुतेका हुन् र ? होइनन् होला । किन सोधेकी तिमीले ?

सलमा : हामी पनि नसुती पौडिन सक्दैनौँ । पौडिन सिक्नका लागि सुतेका होइनन् र ?

सुमन : होइनन् । ढाड नभएर हो । गँड्यौला, कमिला, चिप्लेकिरा र झिँगाको पनि ढाड हुँदैनन् । ढाड नभएकाले तिनीहरू उभिएर हिँड्न नसकेका हुन् ।

सलमा : त्यसो भए तिमीले माछा खाएका छौ कि छैनौ ? माछाको ढाड हुन्छ कि हुँदैन ? सर्पको पनि काँडा हुन्छ भन्ने त थाहा छ नि ? तिनीहरू किन नहिँडेका त, सुमन ?

सुमन : खोई, त्यो त मलाई पनि थाहा छैन । तिनीहरूको खुट्टा नभएर त होला नि ।

सलमा : ककसलाई थाहा छ त ?

सुमन : यी सबै कुरा शिक्षकलाई थाहा हुन्छ होला ?

सलमा : जाऔँ न त दुवै जना । (शिक्षकसँग सोध्न भनी दुवै कक्षातिर लागे ।)

तलका शब्द प्रयोग गरी रुखका बारेमा भन्नुहोस् :

हाँगा, पात, जरा, फेद, फल, फूल, पहाड, तराई, हिमाल, होचो, छहारी, अग्लो, हुन्छ, हुन्छन्, फल्छ, उम्रन्छ, बढ्छ, गर्मी

 पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## सबै ठिक



मलाई सबैले किन रिस उठाएका होलान् ? सिंह, ब्वाँसो र स्याल बन्न पाए पनि हुन्थ्यो । मलाई देख्नेबित्तिकै सबै डराइहाल्थे । कसले मलाई रिस उठाउन सक्थ्यो र ?

बाघभालु बनेर के गर्नु ? जङ्गलमा गएर बस्नुपर्छ । झरीमा भिज्नुपर्छ । घामले पनि उत्तिकै पोल्छ । आफ्नै घर पनि हुँदैन । बरु सुगा पो बन्नुपर्छ कि क्या हो ?

सुगाले पनि फुल पार्नुपऱ्यो । ओथारो बस्नुपऱ्यो । बच्चो ठुला पारेपछि पिँजडामा थुनिहाल्छन् । म त सुगा पनि बन्दिनँ । बरु मानिसले गाईभैँसीलाई गोठ बनाइदिन्छन् । बाख्रालाई खोर बनाइदिन्छन् । गाईबाख्रा पो बन्नुपर्छ कि क्या हो । आ.., त्यो पनि बन्दिनँ । भाइले मलाई नै दाम्लाले बाँधेर राख्छ । घाँस हाल्छ । म घाँस खान त सक्दिनँ नि । नखाएको देखेर तँलाई पशु भनी हकार्छ । "हैट, म मान्छे नै ठिक रहेछु । मानिसले आफूभन्दा बलिया जनावरलाई पनि वशमा राख्दा रहेछन् । त्यसैले मानिस सबैभन्दा बुद्धिमानी हुँदा रहेछन् । जीवजन्तुका आआफ्नै स्वभाव र बस्ने ठाउँ हुँदा रहेछन् ।" त्यसैले अबदेखि मैले कसैका बारेमा नराम्रो नसोच्ने निधो गरेँ ।

**(क) कोदेखि सबै डराउँछन् ?**

......................................................................................................

**(ख) सुगाले बच्चा कसरी कोरल्छ ?**

......................................................................................................

**(ग) सबैलाई किन ठिक भनिएको होला ?**

......................................................................................................

## उदारणमा दिइए जस्तै गरी क्रियापद बदलेर वाक्य लेख्नुहोस् :

(क) तिमी सबेरै उठ ।

तिमी सबेरै उठ्ने छौ ।

(ख) श्याम, तिमी सफा पोसाक लगाऊ ।

श्याम, तिमी सफा लुगा लगाउने छौ ।

(ग) करिश्मा, तिमी उठ्नेबित्तिकै नुहाऊ ।

..........................................................................................

(घ) तिमी फुर्तिलो बन ।

..........................................................................................

(ङ) तिमी ठुलाले भनेको मान ।

..........................................................................................

(च) तिमी पढ्न अल्छी नगर ।

..........................................................................................

## खाली ठाउँमा मिल्ने शब्द लेखी वाक्य बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| खेलिन् | नाचे | गरिन् | सुने |

(क) पासाङले गीत .................................... ।

(ख) अरविन्द छमछमी .................................... ।

(ग) वास्मतीले गट्टा .................................... ।

(घ) पार्वतीले काम .................................... ।

## परिवारका कुनै एक सदस्यको आनीबानी र रुचि समेटी छोटो अनुच्छेद कापीमा लेख्नुहोस् ।

## जस्ताको तस्तै सार्नुहोस् :

कमला र विमला मिल्ने साथी हुन् । उनीहरूका रुचि फरक फरक छन् । कमलालाई केरा खान मन पर्छ । विमलालाई आँप खान मन पर्छ । कमलालाई गीत गाउन मन पर्छ । विमलालाई कथा भन्न मन पर्छ । कमलालाई रातो रङ मन पर्छ । विमलालाई हरियो रङ मन पर्छ । कमलालाई गुलियो कुरा खान मन पर्छ । विमलालाई अमिलो कुरा खान मन पर्छ । कमला र विमलाका जस्तै सबैका आआफ्ना रुचि हुन्छन् ।

# पाठ १५

लय मिलाई गाउनुहोस् :

## सबेरै उठ हे प्यारा !

- चक्रपाणि चालिसे



सबेरै उठ हे प्यारा !
बिहान सुतुवा भनी
नपाऊन् अरूले भन्न
तिमीलाई कतै पनि ।

सफा पोसाक पहिरी
पुरानै त्यो छ तापनि
नुहाऊ वा मुखै धोऊ
खडा हौ फुर्तिलो बनी ।

फोहोरी मानिसै मात्र
शौचमा अल्छी मान्दछन्
देखी तिनीहरूलाई
सारा लोक घिनाउँछन् ।

तपाईं बसोबास गर्ने ठाउँका मानिसले गाउने गरेको आफूलाई मन पर्ने गीत गाएर सुनाउनुहोस् ।


खाली ठाउँमा ल्ला, क्क, त्त, न्जा, न्जी, च्न र प्लो थपेर शब्द भन्नुहोस् र लेख्नुहोस् :

जस्तै : स.......ह सल्लाह

होह........................ दि........................ चि........................ भा......................

भा........................ भाँ........................ चि........................

## चित्र हेरी वर्णन गर्नुहोस् :



## खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| सेतो | सेती | सेता |
| हाम्रो | ................................ | ................................ |
| ................................ | तिम्री | ................................ |
| ................................ | मेरी | ................................ |
| ................................ | ................................ | साना |
| ................................ | ................................ | बाठा |

## दोहोर्‍याएर पढ्नुहोस् :

पोखराकी पातलीले पूजा गरिन् । पुजारीले पातलीलाई पैसा दिए । पातलीले पटुकामा पैसा राखिन् । पातली पसलमा पसिन् । पातलीले पोकाको पापड किनिन् । पातलीले पिँढीमा बसी पापड खाइन् ।

## साथीसँग कथा पढेर उत्तर भन्नुहोस् :



### हाम्रा सम्पत्ति

हात्तीवनमा हात्ती बस्थ्यो । स्याङ्जामा स्याल बस्थ्यो । हेलम्बुमा हरिण बस्थ्यो । चितवनमा चितुवा बस्थ्यो । घान्द्रुकमा घोरल बस्थ्यो । दधिकोटमा दुम्सी बस्थ्यो । लामटाङमा लङ्गुर बस्थ्यो । सिराहामा सिंह बस्थ्यो । गैँडाकोटमा गैँडा पुग्यो । भकुन्डेमा भालु थियो । घोडा घरमै बस्थ्यो । सबै जनावर भेट भए । उनीहरूलाई चिडियाखाना लगियो । त्यहाँ सबै जनावरहरूलाई आआफ्नो बस्ने ठाउँ बनाइएको थियो । सबै उतै बस्न थाले । त्यहाँ हाब्रे र पान्डा पनि आए । उनीहरूले जिराफ र जेब्रालाई पनि बोलाए । केहीले वनस्पति खान्थे । केहीले कन्दमूल खान्थे । केहीले झ्यासझुस खान्थे । हाब्रेलाई हाच्छिउँ आउँदा पान्डा तर्सिन्थ्यो । जेब्राले जिब्रो निकाल्दा जिराफ लम्किन्थ्यो । यिनीहरू सबैले हामीलाई कति रमाइलो बनाएका छन् । यी सबै हाम्रा सम्पत्ति हुन् । यी सबैको रक्षा गर्नु हाम्रो दायित्व हो ।

**(क) हात्तीवन, स्याङ्जा र हेलम्बुमा के के बस्थे ?**

**(ख) सिराहामा को बस्थ्यो ?**

**(ग) के हुँदा पान्डा तर्सिन्थ्यो ?**

**(घ) के हुँदा जिराफ लम्किन्थ्यो ?**

**(ङ) हाम्रो दायित्व के हो ?**

## मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् :

(क) .......... ! कति राम्रो फूल फुलेछ । (आत्था, आहा, कठै)

(ख) .......... ! फोहोरमा नखेल । (आहा, छि, वाह)

(ग) .......... ! तिमीले राम्रो काम गर्‍यौ । (स्याबास, उफ्, धत्)

(घ) .......... ! कति चिसो बढेको । (आहा, बिचरा, आच्छु)

(ङ) ए .......... ! यता आऊ त । (सानी, पानी, ठानी)

## उल्टो अर्थ दिने शब्द चिनेर जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सुरु | बेठिक |
| न्याय | झुटो |
| बढी | किनेको |
| साँचो | अन्तिम |
| बेचेको | घटी |
| ठिक | दुर्जन |
| सज्जन | अन्याय |

## शब्दको क्रम मिलाएर सार्नुहोस् :

(क) नङ काट्छु म । ..............................

(ख) कोर्छु कपाल म । ..............................

(ग) कथा पढ्छौँ हामी । ..............................

(घ) खाना म खान्छु आफैँ । ..............................

## तलको तालिकाबाट चारओटा वाक्य बनाई लेख्नुहोस् :

जस्तै : बुबा तरकारी खानुहुन्छ ।

| | | | |
|---|---|---|---|
| बुबा | | खान्छु । | १. .............................. |
| म | | खान्छौँ । | २. .............................. |
| भाइ | तरकारी | खान्छ । | ३. .............................. |
| बहिनी | | खान्छे । | ४. .............................. |
| हामी | | खानुहुन्छ । | ५. .............................. |

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## ग्याँसको गुनासो



आमा भान्साकोठामा जानुभयो । ग्याँस रुँदै थियो । आमाले सोध्नुभयो, "किन रोएको ग्याँस ? तिमी रोयौ भने त घरमा दुर्गन्ध फैलिन्छ ।" ग्याँस झन् साह्रो रुन थाल्यो । उसले रुँदै भन्यो, "अरूले त मलाई गन्धे भनेर हेप्थे । तपाईँले पनि हेप्नुभयो ।" आमाले कुरा बुझ्नुभएन । उसले भन्यो, "म आफू जलेर सिद्धिन्छु । म धुवाँसो निकाल्दिनँ । आवाज निकाल्दिनँ । कसैको श्वासप्रश्वासमा बाधा पुऱ्याउँदिनँ । सबैको स्वास्थ्यमा ख्याल गर्छु । म पानी तताइदिन्छु अनि सबैले सुरुप्प पिउँछन् । म छिटो पकाइदिन्छु । सबैले कुपुक्क खान्छन् । मैले पकाएको खाना मिठो हुन्छ । मैले पकाएको दाल र तरकारी मिठो हुन्छ । म चाहिँ गन्धे हुन्छु त ?" आमाले कुरा बुझ्नुभयो । आमाले ग्याँसलाई राम्ररी पुछ्नुभयो । सफा बनाउनुभयो । रेगुलेटर राम्ररी बन्द गर्नुभयो । ग्याँस मुसुक्क हाँस्यो । "अब त म पहिले जस्तो धेरै आउँदिन ।", ग्याँसले भन्यो । "किन आउँदैनौ ?", आमाले सोध्नुभयो । "मेरो सट्टामा बिजुली आइसकेको छ ।", ग्याँसले भन्यो ।

(क) के हुँदा घरमा दुर्गन्ध फैलिन्छ ?

.............................................................................................................

(ख) ग्याँसलाई अरूले के भनेर हेप्दा रहेछन् ?

.............................................................................................................

(ग) ग्याँसले के के कुरा पकाउँदो रहेछ ?

.............................................................................................................

(घ) ग्याँस किन मुसुक्क हाँस्यो ?

.............................................................................................................

## खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) आमाले मुख.................................... । (धुन्छिन्, धुनुहुन्छ, धुन्छ)

(ख) काकाले नङ ....................................। (काट्छ, काट्छे, काट्नुहुन्छ)

(ग) पवनले सफा कपडा .......................। (लगाउँछ, लगाउँछे, लगाउँछिन्)

(घ) रमा किताबको जतन ....................। (गर्छ, गर्छे, गर्छन्)

## तपाईंलाई मन पर्ने जनावरको चित्र कापीमा बनाएर नाम लेख्नुहोस् ।

## आफ्ना रुचिका बारेमा पाँच वाक्यमा लेख्नुहोस् :

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

## भूतकाल जनाउने दशओटा क्रियापदमा घेरा लगाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ग | खा | हा | ला | गा | अ |
| पा | यो | ज | भ | यो | जा |
| श्यो | नि | ठा | न्यो | हा | थि |
| सो | ध्यो | हि | त्यो | ग | ए |
| का | का | लो | भि | यो | क |
| गा | ड्यो | क | चि | ऱ्यो | प |

## अहिले कुन महिना हो ? भित्तेपात्रो बनाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| वैशाख | जेठ | असार | साउन | भदौ | असोज |
| कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |

| ........................ साल ........................................ महिना | | | | | | |
|---|---|---|---|---|---|---|
| आइतबार | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुक्रबार | शनिबार |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) लय मिलाई गाउनुहोस् :**

घर सानो सानो, टायलको छानो
झ्यालढोकामा बुट्टा, थाम घरका खुट्टा
घरको दुई तला, काठका छन् बला
झरी छेक्न पाली, गोठमाथि छ्वाली

**(ख) जोडेर पढ्नुहोस् र लेख्नुहोस् :**

| व्या | पा | री | → | |
|---|---|---|---|---|
| छ्या | पी | | → | |
| म | ङ्सि | र | → | |

**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

बाख्रा, कृषक, हाच्छिउँ, हल्लाखल्ला, पर्यटक

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

हेलम्बुका कृषक असल र फुर्तिला छन् । उनीहरूले उन्नत जातका चौँरी पालेका छन् । गाउँ नजिकैको जङ्गलमा चौँरीगाई चर्छन् । मृग र घोरल सँगै खेल्छन् । चमेरो, लामपुच्छ्रे र कालिज कृषकका घरमा आउँछन् । आहारा खान्छन् । गाउँका सबैले ती जनावरलाई माया गर्छन् । टाढा टाढादेखि मानिसहरू हेलम्बु आउँछन् । गाउँका मानिसले पाहुनालाई स्वागत गर्छन् । जङ्गलका जनावरहरू देखेर मक्ख पर्छन् । हामी पनि हेलम्बु घुम्न जाऊँ है ।

(अ) हेलम्बुका कृषक कस्ता छन् ?
(आ) जङ्गलमा कुन कुन जनावर छन् ?
(इ) मानिसहरू किन मक्ख परे होलान् ?
(ई) तिमीले कुन ठाउँ घुमेका छौ ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) सुसानले आलु ................................ । (काट्यो, काटी, काट्ने छिन्)
(आ) कृषकले खेत ................................ । (खनी, खने, खन्ने छिन्)
(इ) मिलनले तरकारी ................................ । (केलायो, केलाई, केलाइन्)

**(च) बिहान ६ बजेदेखि १० बजेसम्म गर्ने काम लेख्नुहोस् :**

बिहान ६ बजे ....................

बिहान ७ बजे ....................

बिहान ८ बजे ....................

बिहान ९ बजे ....................

**(छ) मिल्ने वाक्य छानेर जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सर्प र छेपारो | आकाशमा उड्ने |
| माछा र कछुवा | जमिनमा हिँड्ने |
| चमेरो र सुगा | घस्रेर हिँड्ने |
| गाई र भैँसी | पानीमा पौडने |

**(ज) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

उर्मिला जङ्गलतिर घुम्न गइन् । उनले जङ्गलमा दुईओटा सुगा भेटिन् । सुगा राम्रा थिए । उर्मिलालाई सुगा घरमा लैजान मन लाग्यो । उनले सुगालाई आहारा दिइन् । दुवै सुगा आई आहारा खाए । सुगा उस्तै र उत्रै देखिन्थे । सुगा पनि उर्मिलासँगै उनको घरमा गए । उर्मिलाले सुगा बस्ने गुँड बनाइदिइन् । सुगा खुसी हुँदै गुँडमा बसे । बिहान हुनेबित्तिकै एउटा सुगाले भजन गायो । अर्कोले चाहिँ नराम्रो शब्दमा गाली गर्‍यो । उर्मिलाले कुरा बुझिन् । एउटा सज्जनकहाँ बसेको रहेछ । अर्काको सङ्गत राम्रो रहेनछ । उर्मिलाले त्यो सुगालाई पनि असल बोलीवचन सिकाइन् ।

(अ) उर्मिलाले जङ्गलमा कसलाई भेटिन् ?

....................

(आ) एउटा सुगाले किन गाली गर्न थालेको होला ?

....................

(इ) उर्मिलाले गाली गर्ने सुगालाई के सिकाइन् ?

....................

शिक्षकको हस्ताक्षर : .............            अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो संस्कृति

## पाठ १६

### लय मिलाई गाउनुहोस् :



#### दसैँ

-कवि शिरोमणि लेखनाथ पौडेल

हट्यो सारा हिलोमैलो, हरायो पानीको वर्षा
भवानीको भयो पूजा, चल्यो आनन्दको चर्चा ।

जता जाऊँ उतै भन्छन्, दसैँ आयो दसैँ आयो
यही आनन्द चर्चाले, सबै सङ्कष्ट बिर्सायो ।

ठुला साना सबैलाई, दसैँ अत्यन्तै राम्रो छ
चलेका चाडमा ज्यादै, यही उत्कृष्ट हाम्रो छ ।

सबै अत्यन्त आनन्दी, सबै छन् पिङमा दङ्ग
सबैको देखिँदै आयो, उज्यालो चेहेरा रङ्ग ।

### तलका शब्द प्रयोग गरी तपाईँको घरमा मनाइने चाडका बारेमा वर्णन गर्नुहोस् :

राम्रा, लुगा, मिठो, खाना, धेरै, पाहुना, घुमघाम, रमाइलो, हाँसखेल, नाचगान

### तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| भक्का ................ | इद ................ | ख्याली ................ | ट्याम्को................ |
| झ्याली ................ | गम्छा ................ | ल्होसार................ | छठ ................ |

## चित्र हेरी वर्णन गर्नुहोस् :




## छिटो छिटो पढ्नुहोस् :




## अन्तिममा आउने वर्णबाट शब्द बनाउँदै जानुहोस् र कापीमा लेख्नुहोस् :

छिर्बिरि, रेखा, खाम, महल, लसुन, नकुल, लहरा, रारा

**पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

## साथी



जङ्गलमा स्याल, फ्याउरो, ब्वाँसो र मृग बस्थे । स्याल छट्टु थियो । फ्याउरो चलाख थियो । मृग सोझो थियो । ब्वाँसो खराब थियो । एक दिन ब्वाँसाले सबैलाई फकायो । अबदेखि आफू असल बन्ने वाचा गर्‍यो । सबै जना साथी बनी ल्होसार खेलौँ भन्यो । ब्वाँसाको कुरा सबैले माने । उनीहरू मक्ख परेर नाच्न र खेल्न थाले । खेल्दाखेल्दै ब्वाँसाले मृगलाई भन्यो, “साथी, तिमीलाई एउटा अचम्मको कुरा भन्छु । यता आऊ त ।” मृगले ब्वाँसाको कुरा मान्यो । यही मौका पारेर ब्वाँसाले मृगलाई मार्न झम्टियो । मृग डराएर करायो, “गुहार ! गुहार ! साथीहरू ! छिटो आओ । ब्वाँसाले मलाई मार्न लाग्यो ।” मृगको आवाज सुनेर फ्याउरो र स्याल कुद्दै आए । उनीहरूलाई देखेर ब्वाँसो भाग्यो । मृगले भन्यो, “अब त म मृगलाई नै साथी बनाउँछु ।” मृगको कुरा स्याल र फ्याउरालाई मन पर्‍यो । उनीहरू पनि आफ्ना साथी खोज्न हिँडे ।

**(क) मृग र स्यालहरू कोसँग डराउँथे ?**

..........................................................................................................

**(ख) मृग ब्वाँसोसँग किन गयो ?**

..........................................................................................................

**(ग) मृग कसरी बाँच्यो ?**

..........................................................................................................

## शिक्षकको सहयोग लिई खाली ठाउँमा मिल्दो चिह्न भर्नुहोस् :

| ? , !

तिम्रो बारीमा फलफूल छन् कि छैनन् .......... मेरो बारीमा आँपको रुख छ .......... आहा .......... आँप त पाकेको रहेछ । ल हिँड, आँप टिपेर खाऔँ । हिजो बुबा .......... बहिनी र म आँप टिप्न गएका थियौँ । एक झोला आँप ल्याएका थियौँ । सबै आँप हिजै खाएर सकियो ..........

## मिल्ने शब्द लेख्नुहोस् :

(क) म राम्री .......................... । (पढ्छु, खान्छ, गयो)

(ख) उसले राम्रो चित्र .......................... । (चराउँछ, बनाउँछ, गाउँछ )

(ग) म विद्यालय .......................... । (गएँ, खाएँ, बनाएँ)

(घ) रमाले मलाई सहयोग .......................... । (गर्छिन्, रिसाउँछिन्, हँसाउँछिन्)

(ङ) भाइले चित्रमा रङ .......................... । (भऱ्यो, लेख्यो, झिक्यो)

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| चट्याङ | धेरै बत्तीको उज्यालो |
| दुर्लभ | भुवा |
| झिलिमिली | बिजुली चम्कँदा आउने ठुलो आवाज |
| भुत्ला | सजिलैसित नपाइने |

## तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

छ्वाली : ..........................................................................................................

स्वाद : ..........................................................................................................

लाम्चो : ..........................................................................................................

सुग्घर : ..........................................................................................................


## लय मिलाई गाउनुहोस् र उत्तर भन्नुहोस् :

### हाँसेछ सर्प मुसुक्कै

भ्यागुतो खेतमा आएछ
मिठो गाना गाएछ
सर्पले थाहा पाएछ
सुटुक्क मुख बाएछ ।

न्याउरी मुसो आएछ
मुखुन्डो कालो लाएछ
बाटामा सर्प देखेछ
पहरासम्मै खेदेछ ।

निदायो मुसो भुसुक्कै
हाँसेछ सर्प मुसुक्कै
कराई चरी उडेछ
डराई मुसो भागेछ ।



(क) कसले गाना गाएछ ?

(ख) सर्प किन भागेछ ?

(ग) मुसो नभागेको भए के हुन्थ्यो होला ?

## तपाईंको घरमा मनाइने कुनै एक चाडका बारेमा पाँच वाक्य लेखी शिक्षकलाई देखाउनुहोस् :

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

## पाठ १७

लय मिलाई गाउनुहोस् :



### सुन्दर देश हाम्रो

हिमाल राम्रो छ, गुराँस राम्रो
पहाड राम्रो छ, तराई राम्रो
नदी र नाला, अनि लेक राम्रो
नेपाल यो देश, अतीव राम्रो ।

चौँरी चर्‍यो, उत्तर भेक राम्रो
बाली झुल्यो, दक्षिण फाँट राम्रो
हामी मिलौँ, बन्छ समस्त राम्रो
यो विश्वको, सुन्दर देश हाम्रो ।

साभार : महेन्द्रमाला

तलको सूचना पढी सोधेका प्रश्नको उत्तर भन्नुहोस् :

सूचना

**किताबको जतन गरौँ**

भाइबहिनीहरू ! तपाईँहरूले किताब जतन गर्नुहोस् है । किताब सफा र राम्रो हुनुपर्छ । सफा किताब सबैलाई पढौँ पढौँ लाग्छ नि । होइन त ?

पाठ्यक्रम विकास केन्द्र

(क) किताबलाई के गर्नुपर्छ ?

(ख) किताब किन सफा र राम्रो हुनुपर्छ ?

(ग) तपाईँका किताब कस्ता छन् ?

रेडियोबाट बज्ने कुनै एउटा कार्यक्रम सुनी त्यसका बारेमा पाँच वाक्य टिप्नुहोस् र कक्षाका साथीलाई सुनाउनुहोस् ।

## 'गर्' को 'गरिन्' जस्तै गरी शब्द लेख्नुहोस् र पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| गर् | पढ् | बोल् | हेर |
| गरिन् | ............ | ............ | ............ |
| भन् | पर् | पाल् | हिँड् |
| ............ | ............ | ............ | ............ |
| उठ् | खेल् | कुद् | बस् |
| ............ | ............ | ............ | ............ |

## वर्ण जोडी कम्तीमा दशओटा शब्द बनाई घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| दै | लो | प | ह | ब | क |
| के | फो | ल | र | न्द | प |
| न्या | स्रो | प्या | रो | द्या | क |
| खे | झ्वा | ट्ट | ज | फ्या | प |
| प्वाँ | ख | न | रा | टो | ल |
| अ | द | ञ | यो | खो | प |
| ङ्ग | ध | क | म | स | ल |

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

साथीसँग कथा पढेर उत्तर लेख्नुहोस् :

## अबदेखि यस्तो गर्दैनौँ



सहरभरि झिलिमिली बत्ती बलेका थिए । ओल्लो र पल्लो घरमा केटाकेटीहरू जम्मा भए । उनीहरू आँगनमा देउसीभैलो खेल्न थाले । छानामाथि बसेर बिरालो म्याउँम्याउँ गरिरहेको थियो । धनुले भन्यो, "मसँग भएको पटका पड्काएर यो बिरालो भगाउँछु ।" रघुले पनि हुन्छ भन्यो । "पटका पड्काउन त आगो चाहिन्छ । आगो खोई नि ?" मधुले भन्यो । "म भित्र गएर सलाई ल्याइहाल्छु नि ।" भन्दै हरि घरभित्र गयो । एकैछिनमा सलाई देखाउँदै हरिले भन्यो, "इ..सलाई ।" रघु, धनु र हरि पटकाको वरिपरि झुम्मिए । ऋतुले उनीहरूलाई पटका नपड्काऊ भनी । सबै जना जम्मा भए । उनीहरूले छलफल गरे । "पटका पड्किएर आँखामा लाग्न सक्छ । अरू अङ्गमा पनि लाग्न सक्छ । पटकाले लागेमा हामीलाई धेरै दुख्छ ।" ऋतुले भनी । उनको कुरो सबैले माने । उनीहरूले पटका पड्काएनन् ।

**(क) केटाकेटी कहाँ जम्मा भए ?**

..............................................................................................................


**(ख) पटकाको वरिपरि को को झुम्मिए ?**

..............................................................................................................

**(ग) केटाहरूले पटका किन पड्काएनन् ?**

..............................................................................................................


## चित्र हेरी मिल्ने शब्दमा गोलो घेरा (O) लगाउनुहोस् :




पङ्खा, पड्खा, पंखा



ब्वाँसो, बाँसो, ब्याँसो



पन्जा, पञ्जा, पण्जा



प्याउरो, फ्याउरो, झ्याउरो

## लय मिलाई पढ्नुहोस् :

# दिदी र बैनी



उज्यालो बत्ती बालेर, झ्यालमा पर्दा हालेर
किताब गनिन् दिदीले, 'पढ्छु' भनिन् बैनीले ।

शिक्षक जस्ती बनेर, 'पढ् त हेरूँ' भनेर
किताब दिइन् दिदीले, हातमा लिइन् बैनीले ।

हँसिलो मुख खोलेर, चरी झैँ मिठो बोलेर
हेरेर साना नैनीले, कविता पढिन् बैनीले ।

बैनीको भाका सुनेर, किताब कापी चुनेर
मिलाउन थालिन् दिदीले, झोलामा हालिन् बैनीले ।

दिदी र बैनी साथमा, लिएर रोटी हातमा
भन्दछन्– रोटी खा खा खा !, हाँस्दछन् दुवै– हा हा हा !

## खाली ठाउँमा सही शब्द लेखी वाक्य बनाउनुहोस् :

| हुने छ | फल्ने छ | भर्ने छ | तर्ने छ |
|---|---|---|---|

(क) मङ्सिरमा धान ........................ ।

(ख) जयबहादुर पहिला ........................ ।

(ग) धीरेन्द्र खोलो ........................ ।

(घ) जनार्दनले पाथी ........................ ।

## शब्दको क्रम मिलाएर सार्नुहोस् :

(क) गाईजात्रा मन पर्छ मलाई । ........................................................................................

(ख) होलीमा खेलिन्छ रङ । ........................................................................................

(ग) घिउचाकु खाइन्छ माघे सङ्क्रान्तिमा । ........................................................................................

(घ) हो नयाँ वर्ष वैशाख १ गते । ........................................................................................

## लय मिलाई गाउनुहोस् र उत्तर भन्नुहोस् :



### जोगाउनुपर्छ वनजङ्गल

भाइको आज जाँच छ  
चराको उड्ने प्वाँख छ  
जाऊँ न साथी मेलामा  
मेलामा राम्रो नाच छ ।

मेलामा मङ्सिर महिनामा  
डाङ्ग्रेलाई देख्ने छैन म  
भन्छ रे सेतो बकुल्लो  
परेवा जस्तो होइन म ।

बारीमा अग्लो सल्लो छ  
काट्ने रे भन्ने हल्ला छ  
जोगाउनुपर्छ वनजङ्गल  
नकाटौँ भन्ने सल्लाह छ ।

(क) मेलामा के छ ?

(ख) वनजङ्गल कसरी जोगाउनुपर्छ ?

(ग) रुपियाँ किन चाहिन्छ ?

## तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

विद्यालय : ..............................................................................

प्वाँख : ..............................................................................

डाङ्ग्रे : ..............................................................................

सल्लो : ..............................................................................

## पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### जात्रा



नवीन आमासँग जात्रामा गए । जात्रामा धेरै मानिसहरू जम्मा भएका थिए । त्यहाँ थरी थरीका खानेकुरा बेच्न राखिएका थिए । नवीनले इमली रोजे । इमली अमिलो थियो । उनलाई इमली मन परेन । उनलाई आमाले नरिवल किनिदिनुभयो । उनले नरिवल खाए । उनले आमासँगै पिङ पनि खेले । त्यहाँ उनले निकै खेलौना देखे । उनलाई जात्रामा रमाइलो भयो । फर्किंदा एउटा रमाइलो कार्टुनको किताब पनि किने ।

**(क) नवीन आमासँग कहाँ गए ?**

..............................................................................

**(ख) नवीनलाई आमाले के के किनिदिनुभयो ?**

..............................................................................

**(ग) नवीनलाई जात्रा किन रमाइलो भयो ?**

..............................................................................

**खाली ठाउँमा सही शब्द लेख्नुहोस् :**

| | | |
|---|---|---|
| (क) हेलिकोप्टर ........................................ मा उड्छ । | | (आकाश, जमिन) |
| (ख) भकुन्डो ........................................ हुन्छ । | | (गोलो, चेप्टो) |
| (ग) एक रुपियाँमा .......................... पैसा हुन्छन् । | | (साठी, सय) |
| (घ) ज्याकेट ........................................ सर्ट लगाइन्छ । | | (भित्र, बाहिर) |
| (ङ) ढ्याक ........................................ हुन्छ । | | (बाटुलो, चेप्टो) |

**सञ्जयले पाहुनालाई नमस्कार गर्छ । बस्नलाई सुकुल र गुन्द्री दिन्छ । पिउने पानी दिन्छ । भोक लागेको छ कि छैन भनी सोध्छ । सञ्जयकहाँ जस्तै तपाईँकहाँ पाहुना आए तपाईँ के के गर्नुहुन्छ ? लेखेर शिक्षकलाई देखाउनुहोस् :**

................................................................................................................................................

................................................................................................................................................

................................................................................................................................................

................................................................................................................................................

................................................................................................................................................

................................................................................................................................................

................................................................................................................................................

................................................................................................................................................

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) शब्दहरू पढी खाली ठाउँमा सार्नुहोस् :**

| लट्ठी | अप्ठ्यारो | अड्डा | मुखुन्डो | छिर्केमिर्के |
|---|---|---|---|---|
| .............................. | .............................. | .............................. | .............................. | .............................. |

**(ख) चित्र हेरी पाँच वाक्य भन्नुहोस् :**



**(ग) मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| दुई | सात | वर्षा | बेहुला | जन्तीले |
| निथ्रुक्कै | चिसो | बस्छन् | क्यामेरा | जनालाई |

बुद्ध र सिद्ध मिल्ने मित्र हुन् । उनीहरू कक्षा .............................. मा पढ्छन् । बुद्ध .............................. वर्षका भए । सिद्ध आठका भए । बुद्ध सल्लेरीमा .............................. । सिद्ध पनि सल्लेरीमा नै बस्छन् । नाम्चे बजारमा बुद्धको दाइको विवाह थियो । सिद्ध .............................. बोकेर नाम्चे बजार गए । विवाहको दिन .............................. भयो । .............................. र बेहुलीले छाता ओडे । .............................. छाता ओढ्न पाएनन् । उनीहरू .............................. भिजे । सबै .............................. जाडो भयो ।

**(घ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) .............................. पुस्तक राम्रो छ । (हाम्रो, हाम्री, हाम्रा)

(आ) खेतमा .............................. भैँसीहरू छन् । (कालो, काली, काला)

(इ) मामाकी छोरी .............................. छे । (सानो, सानी, साना)

(ई) मन्दिरा र महेशले कथा .............................. । (पढ्यो, पढी, पढे)

**(ङ) मिल्ने समूहमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| धान र मकै | फलफूलको नाम |
| डडेलधुरा र पाँचथर | बाजाको नाम |
| चोलो र फरिया | ठाउँको नाम |
| आँप र कटहर | अन्नको नाम |
| डमरु र खैजेडी | पोसाकको नाम |

**(च) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

विशाल असल विद्यार्थी हुन् । उनी पढाइ लेखाइमा ध्यान दिन्छन् । घरमा हजुरबुबासँग धेरै कुरा गर्छन् । नातिसँग कुरा गर्दा हजुरबुबा मक्ख पर्नुहुन्छ । एक दिन विशाललाई गाउँमा के के बाजाहरू छन् भन्ने जान्न मन लाग्यो । यो कुरा कसलाई सोध्ने भन्ने विचार गऱ्यो । घरमा मितबुबा आउनुभएको थियो । आज मितबुबासँग कुरा गर्ने निधो गऱ्यो । "गाउँघरमा कुन कुन बाजा छन् ?" उसले मितबुबालाई सोध्यो । ट्याम्को, दमाहा, ढोलक, सनाई, झ्याम्टा, कर्नल गाउँका बाजा हुन् । यो बाजा बिहेको बेलामा बजाइन्छ । अरू पनि धेरै बाजाहरू छन् । पर्वअनुसार फरक फरक किसिमका बाजा बजाइन्छ बाबु भनेर मितबुबाले जवाफ दिनुभयो । विशाल खुसी भयो ।

(अ) विशाल कस्ता विद्यार्थी हुन् ?

..............................................................................................................

(आ) विशाललाई के कुराको जिज्ञासा लाग्यो ?

..............................................................................................................

(इ) मितबुबाले कुन कुन बाजाको नाम भन्नुभयो ?

..............................................................................................................

(ई) तपाईँलाई अरू कुन कुन बाजाको नाम थाहा छ ?

..............................................................................................................

**(छ) मानिसहरूले कस्ता कस्ता पोसाक लगाउँछन् नाम लेख्नुहोस् :**

दौरा, सुरुवाल ..............................................................................................

..............................................................................................................

शिक्षकको हस्ताक्षर : .............        अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# सञ्चार, प्रविधि र बजार

## पाठ १८

### लय मिलाई गाउनुहोस् :



#### मानापाथीले

विदेशबाट चिठी आयो, कान्छा मामाको
खुसीले मन गद्गद भयो, हाम्री आमाको
वरपर हल्ला भयो, गाउँघरमा
यताउता चर्चा चल्यो, घर घरमा ।
जोडघटाउ चल्न थाल्यो, आउने दिनको
सबै खुसी सबै दङ्ग, किन किन हो ?
मामा छिट्टै आउने अरे, भन्यो साथीले
खुसी नाप्न मिल्दैन है, मानापाथीले !

### चित्र हेरी वर्णन गर्नुहोस् :



## जोडेर भन्नुहोस् र लेख्नुहोस् :


दाजु + भाइ → दाजुभाइ

चुरा + पोते → 

सियो + धागो → 

भेडा + बाख्रा → 

## शब्द शब्द जोडी कापीमा शब्द लेख्नुहोस् :




## तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

जन्मदिन : ..........................................................................................

नुनतेल : ..........................................................................................

थालकचौरा : ..........................................................................................

केटाकेटी : ..........................................................................................

पालैपालो पढ्नुहोस् :

## जन्मदिन

आज समाको जन्मदिन हो । मनोज समालाई शुभकामना दिन त्यतैतिर लाग्छन् ।

मनोज : समा ! तिमीलाई जन्मदिनको शुभकामना छ है ।

समा : धन्यवाद मनोज !



मनोज : अनि के छ त जन्मदिनको कार्यक्रम ?

समा : दालभात पाकेको छ । थालचम्चा लिएर बस । सबैले खाऔँ ।

मनोज : हातखुट्टा धोएकै छैन ।

समा : धोएर आऊ न त । म गेडागुडीको तरकारी तताउँछु ।

मनोज : मलाई त घिउभात पनि चाहिन्छ है ।

समा : हुन्छ ।

मनोज : आहा ! कति मिठो खाना । नुनतेल मिलेर होला असाध्यै मिठो ।

समा : ल अब सबै मिलेर थालचम्चा आफैँ सफा गरौँ । अनि रमाइलो गर्न जाऔँला ।

खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) आज रेडियोमा बुबा .................................. । (बोल्नुभयो, नाच्नुभयो)

(ख) टिभीले हिमाल .................................. । (सुकायो, देखायो)

(ग) मोबाइलबाट .................................. गर्न सकिन्छ । (कुराकानी, नुहाइधुवाइ)

(घ) मैले कम्प्युटर .................................. । (खोलेँ, खोल्नुभयो)

## पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### डेस्क र बेन्च

एउटा कक्षाकोठा थियो । त्यहाँ अग्लो डेस्क थियो । डेस्कलाई सबैले दाजु भन्थे । होचो बेन्च थियो । बेन्चलाई सबैले भाइ भन्थे । तर डेस्कबेन्च साथी साथी थिए । ती दुई त्यति चर्को स्वरले बोल्दैनथे । खालि गुनगुन गरी कुरा गर्थे । त्यो गुनगुन झ्यालढोकाले सुने । डेस्क भन्दै थियो, “मलाई त ममाथि बस्ने मान्छे मन पर्दैन ।” बेन्च भन्दै थियो, “मलाई पनि ममाथि खुट्टाले टेक्ने मान्छे मन पर्दैन ।” डेस्कलाई आफूमाथि किताबकापी राखेको मन पर्छ रे । बेन्चलाई आफूमाथि विद्यार्थी बसेको मन पर्छ रे । यो कुरा झ्यालढोकाले सबै विद्यार्थीलाई सुनाए । विद्यार्थीहरूले भने, “हामी पनि डेस्कबेन्चलाई मन पर्ने काम मात्र गर्छौं ।”

**(क) सबैले बेन्चलाई के भनी बोलाउँथे ?**

..................................................................................................................

**(ख) डेस्कबेन्च कसरी कुराकानी गर्थे ?**

..................................................................................................................

**(ग) विद्यार्थीले किन डेस्कबेन्चलाई मन पर्ने काम गर्ने विचार गरे ?**

..................................................................................................................

## मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(क) म ..................................बाट इमेल गर्छु । (कम्प्युटर, कुकर, बाल्टिन)

(ख) खोलाबाट .................................. निकालिन्छ । (घाम, जून, बिजुली)

(ग) भान्जी ..................................बाट कुरा गर्छिन् । (टेलिफोन, डोरी, धागो)

(घ) आमा ..................................मा उड्नुहुन्छ । (मोटरसाइकल, माइक्रो बस, हवाईजहाज)

(ङ) मीना मेसिनले पानी .................................. । (तान्छे, तान्छस्, तान्छु)

## साथीले पढेको सुनी लेख्नुहोस् :

अब्दुल खेती गर्छन् । खेतबारीमा प्रशस्त अन्न, तरकारी र फलफूल फल्छ । उनी तरकारी र फलफूल बेच्छन् । उनले तरकारी र फलफूल बेचेर आएको पैसा बैङ्कमा बचत गर्छन् । उनका छोराछोरी विद्यालयमा पढ्छन् । छोराछोरीलाई आवश्यक परेका सामान किनिदिन्छन् । छोराछोरी खुसी हुँदै विद्यालय जान्छन् ।

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

पढ्नुहोस् र उत्तर भन्नुहोस् :

## भान्सामा भान्जा



सानो भान्जा मामाघर आए । माइजू भान्साकोठामा हुनुहुन्थ्यो । भान्जाले भान्साकोठामा गएर माइजूलाई नमस्कार गरे । मामा पूजाकोठामा हुनुहुन्थ्यो । पूजाकोठामा गएर मामालाई नमस्कार गरे । उनी फेरि भान्साकोठामा फर्किए । त्यहाँ अरू केटाकेटी पनि आएका रहेछन् । माइजूको आँखा छलेर थालकचौरा चलाउन थाले । मामा भान्साकोठामा आउनुभयो । मामामाइजूले केटाकेटीलाई खाना खान दिनुभयो । केटाकेटीले दालभात नखाने भने । तिनले दुधभात खान्छौँ भने । मामाले दुध र भात दिनुभयो । दुधमा तर पनि लागेछ । माइजूले भान्जालाई पनि दुध, भात र तरकारी दिनुभयो । भान्जाको भागमा धेरै तर परेछ । भान्जाले तरसँग भात मुछेर खाए । तरकारी त अझै बाँकी रह्यो । अब भान्जाले तरकारीलाई के गर्लान् ?

(क) मामा कहाँ हुनुहुन्थ्यो ?

(ख) केटाकेटीलाई कसले खान दियो ?

(ग) भान्जाले किन तर र भात खाए ?

(घ) भान्जाले तरकारीलाई के गरे होलान् ?

## तलको तालिकाबाट मिल्ने वाक्य बनाई लेख्नुहोस् :

जस्तै : मैले भुसुक्क बिर्सिएँ ।

तैँले भुसुक्क बिर्सिस् ।

उसले भुसुक्क बिर्सियो ।

तिमीले ......................................................................

उसले केरा ल्यायो ।

मैले ......................................................................

म सुकुलमा थचक्क बसेँ ।

हामी ......................................................................

मैले धन्यवाद दिएँ ।

उनले ......................................................................

## तपाईँ किन बजार जानुहुन्छ ? छओटा काम लेख्नुहोस् :

......................................................................

......................................................................

......................................................................

......................................................................

......................................................................

......................................................................

## पाठ १९

### लय मिलाई गाउनुहोस् :



### पानीघट्ट

पानीघट्ट घ्वाइँघ्वाइँ
मकै पिँध्छ न्वाइँन्वाइँ
चामल, गहुँ, सुठो
पिस्छ छिटो छिटो ।

दुइटा ढुङ्गा कुँदेर
ठुलो सोली बुनेर
घट्ट कसले बनायो ?
कस्तो बुद्धि लगायो !

### कसले के गर्छ ? चित्र हेरी भन्नुहोस् :



### जोडेर भन्नुहोस् र लेख्नुहोस् :

डोको + नाम्लो → डोकोनाम्लो

ढिकी + जाँतो → ______

साग + पात → ______

ढुटो + पिठो → ______

## चित्र हेरी वर्णन गर्नुहोस् :



## शब्द पत्ता लगाई लेख्नुहोस् :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग | | | | | | | | |
| र | | चाँ | | | | | | |
| ग | ठ | जो | ड | घ | टा | उ | | |
| र्ती | | पाँ | | | री | | | |
| | | जो | | | खे | | | |
| | | | | | त | ल | मा | थि |
| | | | | | | | ना | |
| | | | | | | | पा | |
| | | | | | | | थी | |

## छिटो छिटो पढ्नुहोस् :

### शुभकामना

श्री आयुष

गीत गाएर पहिलो हुनुभएकामा तपाईँलाई बधाई छ । तपाईँ ठुलो भएपछि गायक बन्न सक्नुहोस् । तपाईँ सिपालु र सबैले मन पराउने बन्नुहोस् । हामी सबैका तर्फबाट तपाईँलाई शुभकामना छ ।

शिक्षक तथा विद्यार्थी, कक्षा २

## सही शब्द चिनेर लेख्नुहोस् :

| चिठि, चिठी | पाथी, पाथि | वेन्च, बेन्च | साथी, साथि | बत्ती, बत्ति |
|---|---|---|---|---|
| ............................ | ............................ | ............................ | ............................ | ............................ |

## पाठमा रातो बनाइएका शब्दको उच्चारण गर्न सिकाई साथीलाई पाठ पढ्न लगाउनहोस् :



### परेवा र कुखुरा

**गुरुआमा** **छोराछोरी**सँग बजार घुम्न जानुभयो । उहाँ **सुनचाँदी** पसलमा पस्नुभयो । गहना किन्नुभयो । सडकको छेउमा राखेका कुखुराका **भालेपोथी** किन्नुभयो । बिहानपख कुखुराको भाले बास्यो । भाले बासेको सुनेर परेवा ब्युँझियो । उसले घरमा नयाँ साथी आएको कुरा थाहा पायो । कुखुरा र परेवा **साथी साथी** भए । उनीहरू चारो खोज्न गोठमा गए । **गाईगोरु** र **बाछाबाछी**सँग कुराकानी गरे । **भेडाबाखा** र **पाठापाठी**सँग **खेतबारी**मा पुगे । त्यहाँ स्याल आयो । स्याल देखेर सबै डरले थरथर कामे । त्यहाँ पाङ्ग्रे कुकुर आयो । पाङ्ग्रेलाई देखेर स्याल भाग्यो ।

### तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

गाईगोठ : ..................................................

किलोदाम्लो : ..................................................

ठुलोसानो : ..................................................

घाँसपात : ..................................................

### खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

| | | | |
|---|---|---|---|
| बचेरा | सिकारी | सर्प | बन्दुक |

रुखमा ढुकुरको गुँड छ । गुँडमा ............ बस्थे । एक दिन त्यहाँ ............आयो । सिकारीले बचेरालाई मार्ने विचार गऱ्यो । उसले बन्दुक उठायो । बाजले पनि बचेरालाई देख्यो । बाज बचेरा खान आयो । त्यहाँ कालो ............ आइपुगेर सिकारीलाई डस्यो । सिकारीको हातको ............ पड्किएर बाज भाग्यो । सिकारी पनि औषधी गर्न दौडियो । ढुकुरका बचेराहरू पनि बचे ।

### उदाहरणमा दिइए जस्तै वाक्य बनाउनुहोस् र कापीमा लेख्नुहोस् :

उदाहरण : रमणले स्विच थिच्छ ।

रमणले स्विच थिच्यो ।

(क) भाइले टेबलमा घडी राख्छ ।

(ख) मानिस रकेट चढेर चन्द्रमामा पुग्छ ।

(ग) तपराज रेडियोमा समाचार सुन्छ ।

(घ) औषधीले हाम्रो रोग निको पार्छ ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



## ढिकीच्याउँ

दाजु र मैले ढिकीच्याउँ खेल्यौँ । दाजुले भन्नुभयो, "भाइ ! आऊ हामी घुगुती खेलौँ ।" हामी दाजुभाइ कोठातिर लाग्यौँ । "लौजा ! कोठा त सफा गर्न बिर्सिएछ ।" दाजु र म झसङ्ग भयौँ । हामीले मिलेर कोठा सफा गऱ्यौँ । दाजुले कोठामा भुइँखाट ल्याउनुभयो । मैले भुइँखाटमा ओछ्यान मिलाएँ । ओछ्यानमा आमाका चुरापोते रहेछन् । दाजुले आमाको दराजमा मिलाएर राखिदिनुभयो । दराजमा सियोधागो पनि रहेछ । मैले फूल टिपेर ल्याएँ । दाजुले फूल उनेर माला बनाउनुभयो । बुबा घरभित्र तलमाथि गरिरहनुभएको रहेछ । मैले सोधेँ, "बुबा के भयो ?" "दराजमा सियोधागो थियो । कहाँ गयो ? कहाँ राखेँ भनी खोजेको ।" बुबाले भन्नुभयो । दाजुले बुबालाई सियोधागो र माला दिनुभयो । बुबाले हामीलाई धन्यवाद दिनुभयो । उहाँ खुसी हुँदै पूजाकोठामा छिर्नुभयो । हामी कोठामा गई घुगुती खेल्न थाल्यौँ ।

(क) आज के गर्न बिर्सिएछ ?

...........................................................................................................

(ख) कसले आमाको चुरापोते भेट्टायो ?

...........................................................................................................

(ग) दाजुले कसरी माला बनाउनुभयो ?

...........................................................................................................

(घ) बुबा किन खुसी हुनुभयो ?

...........................................................................................................

## पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### जगमोहनको काठमाडौँ यात्रा



जगमोहन बुबासँग काठमाडौँ जाने भए । उनीहरू गाडी चढेर धनगढी आइपुगे । धनगढीमा हवाईजहाज थियो । उनीहरू हवाईजहाज चढ्न लागे । टिकट जाँच्नेले सबैको टिकट मागे । उनीहरूले टिकट देखाए । उनीहरू हवाईजहाजभित्र पुगे । जगमोहनले झोला राखे । हवाईजहाज उड्यो । जगमोहन दङ्ग परे ।

**(क) जगमोहन बासँग कहाँ जाने भए ?**

**(ख) धनगढीमा के थियो ?**

**(ग) उनीहरूले किन टिकट देखाए ?**

## उस्तै बनाएर कापीमा सार्नुहोस् :

सानुबाबु राम्रो छ । ऊ हँसिलो छ । सानुबाबुलाई सबैले माया गर्छन् । ऊसँग धेरै खेल्ने सामान छन् । सानुबाबु सुतेर उठेपछि लिटो खान्छ । ऊ खेल्न थाल्छ । उसका दाजुदिदीहरू उसलाई खेल्न सहयोग गर्छन् । उनीहरूको घरनजिकै नदी पनि छ । उनीहरू कहिलेकाहीँ नदीको किनारतिर जान्छन् । नदीमा माछा खेलेको हेर्छन् र रमाइलो मान्छन् ।

## साथीसँग छलफल गरी भन्नुहोस् :

विद्यालयमा नयाँ शिक्षक आउनुभयो । उहाँले सबैको अनुहार हेर्नुभयो । उहाँले आफ्नो परिचय दिनुभयो । सबै विद्यार्थीलाई आफ्नो परिचय दिन लगाउनुभयो । विद्यार्थीले पालैपालो आआफ्नो परिचय दिए । शिक्षकले रमाइलो कथा सुनाउनुभयो । यसपछि शिक्षकले के गर्नुभयो होला ?

## तालिकामा जस्तै गरी वाक्य बनाउनुहोस् :

| प्रचलित शब्द | शब्द परिवर्तन गरेपछि बन्ने शब्द | प्रयोग |
|---|---|---|
| दाजुभाइ | दिदीभाइ | १. मेरा दाजुभाइ छैनन् ।<br>२. दिदीभाइ टेलिभिजन हेर्दै छन् । |
| भेडाबाख्रा | गाईबाख्रा | ..................<br>.................. |
| साथीसङ्गी | साथीभाइ | ..................<br>.................. |
| चुरापोते | सिन्दूरपोते | ..................<br>.................. |

## शब्द चिन्नुहोस् र छुट्याएर लेख्नुहोस् :

(क) आकाशमाथिहवाईजहाजउड्यो ।

.......... आकाशमाथि हवाईजहाज उड्यो । ..........

(ख) मेरोमोबाइलकोघन्टीबज्यो ।

..............................

(ग) सडकमागाडीगुड्यो ।

..............................

(घ) दिदीचिनीकिन्नबजारजानुभयो ।

..............................

तपाईंले कसैलाई समाचार पठाउनुपर्‍यो भने के के गर्नुहुन्छ ? घरमा छलफल गरी कापीमा लेख्नुहोस् ।

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) शब्द जोडेर नयाँ शब्द बनाई भन्नुहोस् र लेख्नुहोस् :**

पूजा + कोठा → ............

झ्याल + ढोका → ............

ढिकी + जाँतो → ............

**(ख) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

चिठीपत्र, हवाईजहाज, सागपात, घिउभात

**(ग) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

"मुना, उठ ! बिहान भयो ।" आमाले भन्नुभयो । खाली पेटमा मनतातो पानी पिउनुपर्छ । मैले खाजा बनाएकी छु । गेडागुडीको सुप र दालचामलको खिचडी खाजाका लागि राम्रो हुन्छ । आज बिहान धेरै जाडो छ । केटाकेटी जाडो नमानी उफ्रन थाले ।ठुलीआमा बर्को ओडेर आउनुभयो । तातो तातो चिया पिउनुभयो । फटाफट पल्लाघर गएर मोबाइलमा कुरा पो गर्न थाल्नुभयो । कस्तो अचम्म !

(अ) आमाले के भन्नुभयो ? (आ) ठुलीआमाले के गर्न थाल्नुभयो ?

(इ) मुनाको आमालाई किन अचम्म लाग्यो ?

**(घ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) अहिले प्रतिष्ठा जाँतामा दाल.................... । (पिसिन्, पिस्दै छिन्, पिस्ने छिन्)

(आ) भोलि छोराले क्याल्कुलेटर .................... । (किन्यो, किन्दै छिन्, किन्ने छ)

(इ) अञ्जनाले हिजो मानापाथीले चामल.................... । (भरिन्, भर्दै छिन्, भर्ने छिन्)

**(ङ) दशओटा शब्द पत्ता लगाएर घेरा लगाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| कि | आ | सा | ता | पा | अ |
| दु | लो | गो | थी | लि | लि |
| बा | टो | दा | पा | सा | का |
| ठो | छा | पि | म्लो | नी | थी |
| टा | ना | बा | ठो | हा | हाँ |
| ह | जु | र | छी | उ | मी |

**(च) शब्द पढी छओटा वाक्य भन्नुहोस् :**

| | | | |
|---|---|---|---|
| म | चउरमा | दौडन्छु । | ........................ |
| हामी | पानीघट्टमा | दौडन्छौँ । | ........................ |
| तपाईं | | दौडनु हुन्छ । | ........................ |
| | | मकै पिस्छु । | ........................ |
| | | मकै पिस्छौँ । | ........................ |
| | | मकै पिस्नुहुन्छ। | ........................ |

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

आमा कार्यालय जानुभएको थियो । बुबा सहरबाट आउनुभयो । नुनतेल ल्याउनुभयो । भुइँखाटमा बस्नुभयो । गोजीबाट मोबाइल निकाल्नुभयो । आमासँग कुराकानी गर्न थाल्नुभयो । घाम अस्तायो, साँझ पऱ्यो । आमाले मिठाई र फलफूल ल्याउनुभयो । काकीकाकी आउनुभयो । उहाँले सेलरोटी ल्याउनुभयो । फुपूफुपाजु आउनुभयो । उहाँले धुपबत्ती बालेर पूजा गर्नुभयो । प्रिया र सुमिना भाउजू पनि आउनुभयो । उहाँहरूले बेलुन र उपहार ल्याउनुभयो । दिदीले अचार बनाउन थाल्नुभयो । "आज हाम्रो घरमा किन यस्तो रमाइलो भएको होला ?" आमालाई खुसुक्क सोधेँ । "आज बुबाको जन्मदिन हो नि । सबै मिलेर जन्मदिन मनाउनुपर्छ ।" आमाले भन्नुभयो । हामी सबै खुसी भयौँ । बुबाको जन्मदिन धुमधामसँग मनायौँ । बुबाले आमासँग मोबाइलमा गरेको कुरा बल्ल थाहा भयो ।

(अ) आमा कहाँबाट आउनुभयो ?

........................................................................

(आ) घरमा को को आउनुभयो ?

........................................................................

(इ) धुपबत्ती बालेर पूजा किन गरिएको रहेछ ?

........................................................................

(ई) बुबाले आमासँग मोबाइलमा के कुरा गर्नुभएको होला ?

........................................................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो क्रियाकलाप

## पाठ २०

लय मिलाई गाउनुहोस् :

### पढ्नलाई स्कुल जाउँला

धाराको पानी ल्याएर
हात मुख धोएर
स्वादिलो खाना खाउँला
पढ्नलाई स्कुल जाउँला ।

काँधमा झोला बोकेर
खुट्टामा जुत्ता लाएर
मुखले गीत गाउँला
पढ्नलाई स्कुल जाउँला ।

जोर र बिजोर गनेर
हिसाबकिताब भनेर
स्याबासी धेरै पाउँला
पढ्नलाई स्कुल जाउँला ।

साथी र भाइ कस्ता छन्
नङ र मासु जस्ता छन्
तीसँग खेल्न पाउँला
पढ्नलाई स्कुल जाउँला ।



शिक्षकले देखाएको पत्रिकाको कुनै चित्र वर्णन गर्नुहोस् ।

शिक्षकको सहयोगमा मिल्ने शब्द थपी भन्नुहोस् र लेख्नुहोस् :

वनभोज ............... चोलो ............... पानी ............... राम ............... बाबु

## तलको पाठ पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### गोपीको पोथी

गोपीको घरमा कुखुराको खोर थियो । खोरमा कुखुराका भालेपोथी थिए । पोथीले अन्डा पार्थी । अन्डाबाट चल्ला कोरल्थी । गोपी चल्ला बेच्थ्यो र पैसा कमाउँथ्यो । ग्राहकहरू गोपीसँग भन्थे, "यी भालेपोथीलाई पनि बेच न । हामी किन्छौँ ।" तर गोपी मान्दैनथ्यो । ऊ मनैमन सोच्थ्यो, "यिनीहरूको आनीबानी पनि राम्रो छ । म यिनीहरूलाई कहिल्यै बेच्दिनँ ।" केही वर्षपछि भाले र पोथी बुढा भए । दुब्लाएर उनीहरूका हाडछाला मात्र बाँकी रह्यो । भालेपोथीको हेरचाह गर्न गाह्रो भयो । गोपीलाई पिरमर्का पर्‍यो । भोलिपल्ट ग्राहक आए । तर पनि उसले बेच्न मानेन । गोपीले विचार गर्‍यो, "आफूलाई राम्रो गर्नेलाई हेला गर्नु हुँदैन । तिनलाई सकेको माया दिनुपर्छ ।"

पोथीले नाच्दै भनी, "कक् कक् कक्...!"

भालेले हाँस्दै भन्यो,"कुखरी काँ...!"

(क) भालेपोथी कहाँ बस्थे ?

..................................................................................................................

(ख) गोपीले पैसा कसरी कमाउँथ्यो ?

..................................................................................................................

(ग) पहिले गोपीले भालेपोथीलाई बेच्न किन नमानेको हो ?

..................................................................................................................

(घ) भालेपोथी किन खुसी भएका होलान् ?

..................................................................................................................

## समूहमा नमिल्ने शब्द चिनेर पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| मामामाइजू | मामाघर | मामाभान्जा | चोखोमिठो |
| हजुरबुबा | हजुरआमा | फलफूल | आमाबुबा |
| छोरोछोरी | घरआँगन | दाजुभाइ | दिदीबहिनी |
| लिपपोत | दुधभात | चियानास्ता | दालभात |

## खाली ठाउँमा मिल्ने शब्द लेखी वाक्य कापीमा सार्नुहोस् :

(क) उसले फलफूल ........................................ । (टिप्यो, टिप्नुभयो)

(ख) तिमीले दालभात ..................................... ? (खाइस्, खायौ)

(ग) मामाघर हजुरआमा ................................. । (हुनुहुन्छ, हुन्छौ)

(घ) हामीले घरआँगन सफा ......................... । (गर्नुपर्छ, गर्दैं छिन्)

## दशओटा शब्द चिनेर घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मा | बा | घ | उ | जे | लि | स |
| मा | रा | मा | न | ठो | प | रा |
| भा | आ | मा | बु | बा | पो | स |
| न्जा | छो | घ | दा | ठो | त | र |
| भा | रा | र | इ | ल | ल | स |
| न्जी | छो | टो | भा | का | ह | र |
| ग | री | ल | इ | री | रो | ल |

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

## तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

माछामासु : ....................................................................................................

डाँडामाथि : ....................................................................................................

घाँसदाउरा : ....................................................................................................

साथीभाइ : ....................................................................................................

## पालैपालो पढ्नुहोस् :

### राधा र कृष्ण



कृष्ण : हिजोआज त देखिँदनँ त राधा तिमीलाई ? के काम गर्दै छ्यौ ?

राधा : आजभोलि निकै काम छ । धेरै पढ्नु छ । लेख्नु पनि छ । मैले धेरै सिक्नु छ ।

कृष्ण : त्यही भएर रहेछ । हिजोअस्ति पनि तिमीलाई खोजेको थिएँ । तिमी त रातदिन पढ्ने लेख्ने काम गर्दै रहिछौ । खुसी लाग्यो ।

राधा : रातदिन त होइन । दिनभर चाहिँ हो । साँझपख घुम्न जान्छु । राती त सुत्नु पऱ्यो नि ।

कृष्ण : काम सकिएपछि भोलिपर्सि भेटौँ है । धेरै कुराकानी गर्नु छ ।

राधा : हुन्छ । म खबर गरौँला ।

## खाली ठाउँमा मिल्ने शब्द लेखी वाक्य बनाउनुहोस् :

| काँक्राफर्सी | किताबकापी | दौरासुरुवाल | जुत्तामोजा |
|---|---|---|---|

(क) बुबाले ................................ लगाउनुभयो ।

(ख) बहिनीले ................................लगाई ।

(ग) मैले ................................झोलामा राखेँ ।

(घ) खेतालाले बारीमा ................................रोपे ।

## शब्द छुट्याएर लेख्नुहोस् :

(क) पल्लोगाउँमाजात्राछ । ....पल्लो गाउँमा जात्रा छ ।......

(ख) सुमनअघिगयो । ................................................................................

(ग) मेराराम्राअक्षरछन् । ................................................................................

(घ) मलाईखुवाउनपर्दैन । ................................................................................

(ङ) तिमीमसँगहिँड । ................................................................................

## साथीले पढेको सुनी कापीमा लेख्नुहोस् :

विद्यार्थीहरू धारामा हात धुन लाइनमा बसे । लाइनमा छ जना थिए । अमर अगाडिबाट तेस्रो स्थानमा थिए । उनका अगाडि दुई जना थिए । उनका पछाडि तीन जना थिए । अमरले साथीलाई भने दुईतीन त अघिपछि आउँदो रहेछ । फत्तेमानले भने “तीनचार, चारपाँच, पाँचछ, छसात, सातआठ, आठनौ पनि अघिपछि आउँछन् ।” अमरले सातको अघि र पछि के आउँछ भनी सोधे । उनको चतुर साथीले सात अघि छ र पछि आठ आउँछ भने ।

## तपाईंलाई कसैले धेरै कथाका किताब, कापी र सिसाकलम उपहार दिएमा के गर्नुहुन्छ ? कापीमा लेखेर देखाउनुहोस् ।

# पाठ २१

लय मिलाई गाउनुहोस् :



## किसान

खेतीपाती बारीमा
तोरीबारी टारीमा
खेती गर्ने किसान
चाँडै उठ्छन् बिहान ।

खनजोत गर्छन् रे
बिउबिजन छर्छन् रे
अन्नदाता किसान
चाँडै उठ्छन् बिहान ।


गोडमेल गरेर
मल पनि छरेर
दुःख गर्ने किसान
चाँडै उठ्छन् बिहान ।

वनपाखा गरेर
हावाहुरी सहेर
खेती गर्ने किसान
चाँडै उठ्छन् बिहान ।


चित्र हेरी वर्णन गर्नुहोस् :



## छुट्याएर लेख्नुहोस् र पढ्नुहोस् :




## शब्द शब्द जोडी नयाँ शब्द लेख्नुहोस् :




## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| बुढापाका | कसैले पारेको अप्ठ्यारो |
| हातखुट्टा | उमेर धेरै भएका |
| पिरमर्का | बानीबेहोरा |
| आनीबानी | हात र खुट्टा |

पढ्नुहोस् र उत्तर भन्नुहोस् :

## वनभोजको तयारी



जाडोयाम थियो । साथीभाइले भोलि बतासे डाँडामा घुम्न जाऔँ भने । धुर्मुले थपे, "भोलि घुम्न जाने ! बतासे डाँडा टाढा पर्छ । त्यसैले केही खानेकुरा पनि लैजानुपर्छ ।" शैलेशलाई धुर्मुको कुरो चित्त बुझ्यो । सबैले के लैजाने भनी छलफल गरे । सविनाले भनिन्, "यसपटक तयारी बजारिया सामान नलैजाऊँ । सामान लगेर आफैँ पकाएर खाऔँ, हुन्न ?" दीक्षाले भनिन्, "के के लैजाने त ?" विनाले भनिन्, "सविनाले अब आँटोपिठो लैजाऊँ भन्न बेर छैन ।" कविरले भन्यो, "ठिक छ । त्यसोभए चामल, सागपात, माछामासु र आलु लैजाऊँ ।" सविनाले थपिन्, "तेल, मसला, प्याज, लसुन र अदुवा पनि लैजानुपर्छ है ।" दीक्षाले भनिन्, "अनि नुन खुर्सानी चाहिन्न ? आलुको अचार बनाउन कागती पनि चाहिन्छ ।" विनाले भनिन्, "अनि भाँडा नि भाँडा । भाँडा नै नभए केमा पकाउने ? केमा खाने ?" त्यसपछि सबैले आफूले ल्याउने सामानको भागबन्डा गरे । भोलि बतासे डाँडामा गई रमाइलो गर्ने कल्पनामा रमाए । सबै जना आआफ्नो घर फर्के ।

(क) साथीहरूले कहाँ जाने योजना बनाए ?

(ख) बतासे डाँडामा जाँदा के के लैजाने विचार गरे ?

(ग) भाँडाकुँडा किन चाहिएको होला ?

(घ) तपाईंहरू घुम्न जानुभयो भने के के लैजानुहुन्छ ?

## तालिकामा जस्तै गरी वाक्य बनाउनुहोस् :

| प्रचलित शब्द | शब्द परिवर्तन गरेपछि बन्ने शब्द | प्रयोग |
|---|---|---|
| रातदिन | दिनभर | १. कमल रातदिन पढ्छ ।<br>२. मैले दिनभर काम गरेँ । |
| हिजोआज | आजभोलि | ..........................................<br>.......................................... |
| हिजोअस्ति | हिजोआज | ..........................................<br>.......................................... |
| आजभोलि | भोलिपर्सि | ..........................................<br>.......................................... |
| चाडपर्व | मेलापर्व | ..........................................<br>.......................................... |

## वर्ण जोडी शब्दहरू बनाई लेख्नुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मे | ला | पा | त | | | | |
| | | खा | | | घ | | |
| | | प | र | प | र | | |
| | | खे | | | दै | | |
| | | रा | | चु | लो | चौ | को |

परपर .................... .................... .................... .................... .................... ....................

## पालैपालो पढ्नुहोस् :

(रञ्जना घरको पेटीमा एक्लै बसेर गट्टा खेलिरहेकी हुन्छे । त्यही बेला यहाँ सजना आउँछे ।)

सजना : के गर्दै छौ रञ्जना ? एक्लै एक्लै के खेलेर बसेको ?



रञ्जना : गट्टा खेलेको नि । अरू कोही छैन । त्यसैले एक्लै खेलेर बसेको । बरु तिमी पनि यहीँ बस न । सँगै खेलौँला ।

सजना : तिम्री आमा खै त ?

रञ्जना : मेलापात गर्न जानुभएको छ ।

सजना : कतातिर जानुभएको छ ?

रञ्जना : पाखापखेरामा जान्छु भन्नुहुन्थ्यो ।

सजना : ए, पाखापखेरामा ? घाँसदाउरा लिन जानुभएको होला ।

रञ्जना : हो, घाँसदाउरा ल्याउँछु भन्नुहुन्थ्यो ।

सजना : चुलोचौको सकेर जानुभएको हो ?

रञ्जना : हो । जाने बेलामा "मैले घरको कामकाज सकेकी छु । तिमी घरआँगन र दैलो छाडेर कतै नजानू" भन्नुभएको छ ।

सजना : त्यही भएर तिमी यहाँ बाहिर बसेको ?

रञ्जना : हो । तिमी पनि बस न । दुवै जना मिलेर खेलौँ ।

सजना : हुन्छ नि ।

(दुवै जना गट्टा खेल्न थाल्छन् ।)

## पहिलो वर्णमा चन्द्रबिन्दु लगाएर भन्नुहोस् र लेख्नुहोस् :

आट, बास, गाड, भाडा, काटी, ढाट, गुड

आँट..............................

## पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### सुकुमाया



सुकुमायाको घर बनेपामा छ । उनी नेवार परिवारमा जन्मेकी हुन् । सुकुमाया पटासी लगाउँछिन् । रामविनय मधेसी हुन् । तराईमा बस्दा उनी धोतीकुर्ता लगाउँछन् । अचेल रामविनयको परिवार पनौती बजारमा बस्छ । पनौतीमा बस्दा रामविनय कुर्तासुरुवाल र ज्याकेट लगाउँछन् । सीताराम दौरासुरुवाल लगाउँछन् । नोर्बु शेर्पा हुन् । उनी बक्खु लगाउँछन् । उनको घरमा ल्होसार मनाउँछन् । मेरो नाम सीतामाया हो । मलाई सबै लुगा मन पर्छन् । मलाई आकाशका जूनतारा हेर्न मन लाग्छ । नानीबाबुसँग खेल्न मन लाग्छ । जुत्ताचप्पल लगाएर दगुर्न मन लाग्छ । तिमीलाई के के गर्न मन लाग्छ ?

**(क) यो अनुच्छेदका कुरा गर्ने केटीको नाम के हो ?**

..............................

**(ख) बक्खु लगाउनेको नाम के हो ?**

..............................

**(ग) जूनतारा हेर्न कसलाई मन लाग्छ ?**

..............................

## सच्याएर कापीमा लेख्नुहोस् :

जस्तै : प्वाल प्वाल

प्वाल, क्वाप्प, स्याल, खोज्न, पोल्यो, भन्यो, पन्जा, हेर्‍यो, चम्चा, पल्लो, बन्छ, पक्का, डस्छ

## खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

| गाईगोरु | भेडाबाख्रा | वन | घाँसपात | गाईबस्तु | किसान |
|---|---|---|---|---|---|

.................... गोठमा बस्छन् । .................... खोरमा बस्छन् । गाईगोरु र भेडाबाख्रा ....................मा चर्न जान्छन् । सँगै मिलेर चर्छन् । आफूलाई मन पर्ने .................... खोजेर खान्छन् । टन्न अघाउँछन् । सँगै रमाउँदै फर्कन्छन् । गाईगोरु गोठमा जान्छन् । भेडाबाख्रा खोरमा जान्छन् । किसान आफ्ना ....................को हेरचाह गर्छन् । यसैमा.................... रमाउँछन् ।

## तपाईंले आफूभन्दा साना भाइबहिनीलाई कुन कुन काममा सहयोग गर्न सक्नुहुन्छ ? कुनै पाँचओटा काम लेख्नुहोस् :

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) लय मिलाई गाउनुहोस् :**

हजुरबाको हुँ नाति, सबैभन्दा छु जाती
साह्रै प्यारो छोरो म, अर्को चाहिँ को छ हँ ?
हजुरआमा दयालु, बाबाआमा मायालु
घरकी प्यारी छोरी म, अर्की चाहिँ को छ हँ ?

**(ख) सिङ्गो शब्दलाई अलग गरी लेख्नुहोस् :**

तोरीबारी → ☐ ☐

घाँसदाउरा → ☐ ☐

वनभोज → ☐ ☐

**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

हावाहुरी, तातोपानी, डाँडामाथि, घामछाया

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

काइँला दाइको काम देख्दा सबैलाई अचम्म लाग्छ । उहाँलाई न जाडो हुन्छ न गर्मी । न भोक लाग्छ न प्यास । उहाँको घरमाथि वनजङ्गल छ । जङ्गलमा सबेरै घाँसदाउरा गर्न जानुहुन्छ । साथमा छोराछोरी पनि जान्छन् । छोराछोरी डोरीदाम्लो बोक्छन् । घाँसदाउरा बटुल्छन् । वनपाखामा उनीहरू धेरै रमाउँछन् । घामपानी परेको दिन इन्द्रेनी लाग्यो । इन्द्रेनी लाग्दा नानीबाबु घरआँगनमा खुसीले नाँचे । साँझपख इन्द्रेनी हरायो । नानीबाबुलाई अचम्म लाग्यो ! यो अँध्यारामा इन्द्रेनी कहाँ गयो होला ?

(अ) जङ्गलमा दाइ किन जानुहुन्छ ?

(आ) नानीबाबुले कहाँ नाचगान गरे ?

(इ) के कुराले नानीबाबुलाई अचम्म पाऱ्यो ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) सानो भाइ रथमा .................................. ? (चढ्छस्, चढ्नुहुन्छ, चढ्छेस्)

(आ) मामामाइजू हात्ती चढेर .................................. । (डुल्छस्, डुल्नुहुन्छ, डुल्छेस्)

(इ) कान्छी मानापाथी .................................. ? (भर्छस्, भर्नुहुन्छ, भर्छेस्)

**(च) शब्दको पहिलो वर्णअनुसार क्रम मिलाएर सार्नुहोस् :**

(अ) कामदाम घरबारी गाईगोरु खालीपेट नङमासु

........................ ........................ ........................ ........................ ........................

(आ) जसोतसो छानामाथि चारैतर्फ जालझेल टालाटुली

........................ ........................ ........................ ........................ ........................

**(छ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| दाजुभाइ | जुत्तामोजा | हातगोडा | भुइँकोठा | किताबकापी |
| भान्साकोठा | दालभात | हातमुख | गृहकार्य | आमाबुबा |

................. आए । ................. खोले । ................. धोए । ................. गए । ................. राखे । ................. पसे । ................. खाए । ................. चुठे । ................. थाले । ................. छक्क परे ।

**(ज) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

हिजोआज शिक्षकले कक्षामा नयाँ नयाँ कुरा गर्नुहुन्छ । कहिले अनौठा प्रश्न सोध्नुहुन्छ । "शब्दको पछाडि जात्रा जोडिएर बनेको शब्द के होला ?" भनेर हिजो कक्षामा सोध्नुभयो । सायमीले उहाँको कुरा नसकिँदै गाईजात्रा, घोडेजात्रा, इन्द्रजात्रा र रोपाइँजात्रा भनिहालिन् । सायमी धेरै चलाख पनि छिन् । नजिक भए त जूनतारा पनि टिप्छिन् जस्तो लाग्छ । उत्तर नमिल्दा चाहिँ कालोनिलो पनि हुन्छिन् । बुढापाकाको जस्तो कुराकानी गर्छिन् । कहिले तोरीबारीमा खनजोत गरेको हेर्न पनि पुग्छिन् । उनको आनीबानी मन नपराउँने को छ र ?

(अ) शिक्षकले कस्ता प्रश्न सोध्नुहुन्छ ?

..........................................................................................................................................

(आ) सायमीले उत्तरमा के भनिन् ?

..........................................................................................................................................

(इ) सायमीलाई किन सबैले मन पराएका होलान् ?

..........................................................................................................................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो वरपरको संसार

## पाठ २२

लय मिलाई गाउनुहोस् :

### म त हजुर नेपाली

पाल्पामा बस्ने पाल्पाली
झापामा बस्ने झापाली
स्याङ्जामा बस्ने स्याङ्जाली
दुम्जामा बस्ने दुम्जाली ।
दोलखामा बस्ने दोलखाली
गोरखामा बस्ने गोरखाली
रोल्पामा बस्ने रोल्पाली
दाङमा बस्ने दङाली ।
बारामा बस्ने बाराली
डोल्पामा बस्ने डोल्पाली
जुन ठाउँमा बसे नि
म त हजुर नेपाली ।




चित्र हेरी वर्णन गर्नुहोस् :



## मुल शब्द छुट्याएर भन्नुहोस् र लेख्नुहोस् :

| | | |
|---|---|---|
| जस्तै : पाल्पाली | पाल्पा+ली | पाल्पाली |
| झापाली | ............................... | ............................... |
| स्याङ्जाली | ............................... | ............................... |
| गोर्खाली | ............................... | ............................... |
| दोलखाली | ............................... | ............................... |
| रोल्पाली | ............................... | ............................... |

## दिइएका वर्ण जोडी शब्द बनाउनुहोस् :




## तलका शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

पढाइ : ...............................................................................................................................

लेखाइ : ...............................................................................................................................

बस्न : ...............................................................................................................................

थुन्न : ...............................................................................................................................

## पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### रिनाको रहर



आज रिनालाई कक्षामा बस्न मन लागेन । किताब हेर्न पनि मन लागेन । पढ्न मन लागेन । लेख्न पनि मन लागेन । किन यस्तो भयो होला ? उनलाई कक्षाबाट हिँड्न मन लाग्यो । हिँड्न मात्र होइन । कुद्न मन लाग्यो । कुद्न मात्र होइन । चरा जस्तै बनेर उड्न मन लाग्यो । आकाश माथिबाट विद्यालय कस्तो देखिन्छ होला । उनलाई हेर्न मन लाग्यो । उनले उडे जस्तो गरिन् । हातले नजिकै बसेकी साथी प्रिन्सालाई लाग्यो । प्रिन्सा छक्क परेर हेर्न थालिन् । रिनालाई अलिअलि लाज लाग्यो । उनले माफी पाऊँ भनिन् । प्रिन्साले माफी पनि दिइन् । घर फर्कने बेलामा रिनाले आफैँलाई सोधिन् - रिना, तँलाई यो कस्तो रहर लाग्यो ?

**(क) कसलाई कक्षामा बस्न मन लागेन ?**

**(ख) प्रिन्सा किन छक्क परिन् ?**

**(ग) रिनाले आफूले आफैँलाई के भनिन् ?**

## तालिकाबाट पाँचओटा मिल्ने वाक्य बनाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| अग्लो | गुलियो | रातो | सेतो | पहेँलो |

(क) पाकेको केरा .................... हुन्छ ।

(ख) हिउँ परेको हिमाल .................... हुन्छ ।

(ग) उखुको रस .................... हुन्छ ।

(घ) लालीगुराँस .................... हुन्छ ।

(ङ) सगरमाथा सबैभन्दा .................... चुचुरो हो ।

## खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :

(क) म खाना ........................................ विद्यालय जान्छु । (धाएर, खाएर, गाएर)

(ख) आमाले दुध ................................ ल्याउनुभयो । (दुहेर, तरेर, केरेर)

(ग) फुपूले स्वेटर .............................. बाबालाई दिनुभयो । (थुनेर, कुदेर, बुनेर)

(घ) साथी साथी ................................ काम गरे । (किनेर, मिलेर, धोएर)

(ङ) शिक्षकले पाठ ........................... सुनाउनुभयो । (काटेर, कुटेर, पढेर)

(च) मैले चित्र .................................. रङ भरेँ । (कोरेर, सुनेर, कुदेर)

## अमित र अमिसा बनी कुराकानी गर्नुहोस् :

अमित : ए बहिनी ! झट्टै आऊ ।

अमिसा : पर्खनुहोस् न दाइ ! म लुगा लगाउँदै छु क्या ।

अमित : जहिल्यै ढिलो गर्छ्यौ तिमी त ।

अमिसा : होइन नि दादा । म सानी छु । तपाईं जस्तो छिटो छिटो गर्न सक्दिनँ नि ।

अमित : ए हो त हगि । मैले तिमीलाई सघाउनुपर्थ्यो । गल्ती भएछ त !

अमिसा : ठिकै छ दादा । बाटामा पनि बिस्तारै जाऔँ है ।

अमित : भइहाल्छ नि नानु ।

अमिता : धन्यवाद दादा !

अमित : स्वागत छ, नानु !



वर्ण जोडी पाँचओटा शब्दमा घेरा लगाउनुहोस् र कापीमा लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| र | शु | भ | या | त्रा | पा | क |
| थ | रा | ता | से | क | श | ल |
| या | रा | तो | पि | रो | प | श |
| त्रा | का | पा | से | रा | गा | या |
| लो | बा | नी | मो | तो | ई | त्रा |
| हो | इ | न्द्र | जा | त्रा | जा | ता |
| रो | टी | का | लु | गा | त्रा | टा |

तलका शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

गाउँले : मलाई गाउँले जीवन मन पर्छ ।

भक्तपुरे : ..........

खेल्दै : ..........

कुद्दै : ..........

लेख्दै : ..........

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| धनी | रोग लागेको |
| सुखी | दु:ख पाएको |
| रोगी | धेरै सम्पत्ति भएको |
| दु:खी | सुख पाएको |

## आफूलाई थाहा भएका शब्द सङ्कलन गरी समूहमा लेख्नुहोस् :

धान, कालिज, घोडा, आलु, केरा, साग, मकै, कोदो, परेवा, बाघ, सिंह, गाई, स्याउ, आँप, लौका, गहुँ, फापर, सुगा, मेवा, भन्टा, बाख्रा

| जनावर समूह | पन्छी समूह | अन्नबाली समूह | तरकारी समूह | फलफूल समूह |
|---|---|---|---|---|
| बाख्रा | कालिज | फापर | साग | स्याउ |
| ..................... | ..................... | ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... | ..................... | ..................... |

## घरबाट मामाघर पुग्दा देखेका कुरा सम्झेर पाँचओटा वाक्य लेख्नुहोस् :

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

## पाठ २३

### लय मिलाई गाउनुहोस् :



### सहारा

अमन र अतुल, जाने भए बजार
साथ लगे दुवैले, नोट दुई हजार ।

किने सामान बेसरी, पैसा भयो अपुग
अलमल भो अब, कल्ले देला नपुग ।

भेट भए त्यै बेला, आशा अनि आकृति
थिए अझै दुई साथी, अनुमा र प्रकृति ।

अनुमाले गरिछन्, सापट दिने विचार
आहा प्यारी साथीको, कति राम्रो आचार !

किने अपुग सामान, किने मिठो आहारा
अप्ठेरामा साथीले, दिए राम्रो सहारा ।

### तपाईँले गाउँघरमा सुनेका रमाइला कथा कक्षाका साथीलाई सुनाउनुहोस् :

### तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| बन्दै ................ | लेख्दै ................ | पढ्दै................ | कुद्दै ................ |
| भन्दै ................ | बस्दै ................ | खेल्दै ................ | थुन्दै ................ |

### वर्ण जोडी सही शब्दहरू बनाई कापीमा लेख्नुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ने | पा | ली | | | | | |
| | | ला | ख | प | | | |
| | | | जु | न | | | |
| | | | री | ति | थि | ति | |
| | | | | जा | ति | तो | री |

## पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### धन्न बाघले खाएन !



हाटबजारबाट हामी घरतिर लाग्यौँ । हाम्रो गाडी छुटेछ । हामी हिँडेर जान थाल्यौँ । बाटामा बाघ कराएको सुनेर हामी डरायौँ । हामी बेतोडले दौडिन थाल्यौँ । अलिपर पुगेपछि गाउँ भेटियो । त्यसपछि बाघ पनि कराउन छाड्यो । हाम्रो डर पनि हरायो । हामीले चौतारीमा बसेर खाजा खायौँ । खाजा खाएर केहीबेर आराम गऱ्यौँ । त्यसपछि हामी फेरि हिँड्यौँ । बेलुका अबेर घर पुग्यौँ । घर पुगेर आराम गऱ्यौँ । घर आएपछि ढुक्क भयौँ । धन्न बाघले खाएन !

(क) पाठको अर्को शीर्षक के हुन सक्ला ?

(ख) पाठमा के के भएको छ ?

(ग) तपाईँले बाटामा हिँड्दा बाघ कराएको सुन्नुभयो भने के गर्नुहुन्छ ?

## तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

दयालु : ..............................

सिपालु : ..............................

मगन्ते : ..............................

बन्छिन् : ..............................

खन्छिन् : ..............................

## मिल्ने चिह्न लेखी वाक्य बनाउनुहोस् :

। , ? !

(क) ओहो ............... कति उफ्रेको होला ?

(ख) सम्झना ............... वन्दना र अस्मिता मेला गए ।

(ग) तिमीहरू कहाँ गएर आयौ ...............

(घ) उनीहरूले गृहकार्य सिध्याए ...............

## खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) 'सुखी' को उल्टो अर्थ दिने शब्द ........................ हो । (दुःखी, सन्तोषी, ज्ञानी)


(ख) 'धनी' को उल्टो अर्थ दिने शब्द ........................ हो । (असल, गरिब, खराब)

(ग) 'रोगी' को उस्तै अर्थ दिने शब्द ........................ हो । (नराम्रो, बिरामी, लुलो)

(घ) 'हिमाली' को उस्तै अर्थ दिने शब्द .............................. हो ।

(पहाडी, तराईवासी, लेकाली)

## चित्र हेरी वर्णन गर्नुहोस् :



## पढ्नुहोस् र उत्तर भन्नुहोस् :



### नानीको काम

काकी डोकाले कुखुरा छोप्दै हुनुहुन्थ्यो । काका नयाँ डोको बुन्दै हुनुहुन्थ्यो । बाजे सिलोक भन्दै हुनुहुन्थ्यो । बज्यै सिलोक सुन्दै हुनुहुन्थ्यो । हिमा आँगनमा पढ्दै थिइन् । कुमार यताउता कुद्दै थिए । वासु खाटमा बस्दै थिए । लेखनाथ कापीमा लेख्दै थिए । आहा ! सबै काम गर्दै थिए । सानी पिँढीमा सुकुलमा बस्दै थिइन् । उसलाई पनि काम नगरी बस्न मन लागेन । सानीले सोचिन्, "म के गरौँ ?" उनी कुद्दै भान्साभित्र गइन् । हाँस्दै मिठाई कचौरामा हालिन् । कचौरा बोकी बाहिर आइन् । उसले सबैलाई सुनाइन्, "अरूले अर्कै काम गरे । मैले मिठाई ल्याउने काम गरेँ ।" सबै खित्का छोडेर हाँसे । के सानीले राम्रो काम गरिन् ?

**(क) कसले नयाँ डोको बुन्नुभयो ?**

**(ख) वासुले के के गरे ?**

**(ग) नानी किन भित्रतिर कुदिन् ?**

**(घ) सानीका ठाउँमा तपाईं भएको भए कुन काम गर्नुहुन्थ्यो ?**

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| बदमास | सुर नभएको |
| बेवास्ता | नाम नभएको |
| बेनाम | ताल नमिलेको |
| बेताल | खराब आनीबानी भएको |
| बेसुर | वास्ता नगरेको |

## उदाहरणमा दिइए जस्तै वाक्य मिलाई लेख्नुहोस् :

तँ छिटो आउनहुन्छ ।  तँ छिटो आउँछस् ।

(क) बुबा घर गयो ।

..............................................................................................................................

(ख) दिदीले किताब पढी ।

..............................................................................................................................

(ग) आमा शिक्षक भइन् ।

..............................................................................................................................

(घ) दाइ असल छ ।

..............................................................................................................................

(ङ) गाईले घाँस खानुभयो ।

..............................................................................................................................

## आफ्नो घर वरपर पाइने सास नफेर्ने कुनै दशओटा वस्तुको नाम लेख्नुहोस् :

| | |
|---|---|
| ढुङ्गा | .................................... |
| .................................... | .................................... |
| .................................... | .................................... |
| .................................... | .................................... |
| .................................... | .................................... |

## पढ्नुहोस् र उत्तर भन्नुहोस् :



### बचेरा

चैत्रको महिना थियो । बेसरी हुरी चल्यो । रूपा कोठाको ढोका लगाएर बसिन् । बाहिर पर्खालको गमला खसेको सुनियो । खरायो पनि करायो । गमलाले खरायोको खुट्टामा घाउ बनाएछ । एकछिनमा हुरी थामियो । रूपा बाहिर निस्किन् । उनले खरायोलाई बोकिन् । खरायोको खुट्टामा औषधी लगाइदिइन् । हुरीले गर्दा एउटा बचेरो पनि गुँडबाट खसेछ । रूपाले खसेको बचेरोलाई गुँडमा राखिदिइन् ।

(क) रूपा किन कोठाको ढोका लगाएर बसिन् ?

(ख) रूपा कतिबेला बाहिर निस्किन् ?

(ग) रूपाले खसेको बचेरालाई के गरिन् ?

## झरी परेको दिन सम्झेर पाँच वाक्य लेख्नुहोस् :

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) मिल्ने वर्ण राखी शब्द बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| ......चार | ......सार | ......हारा | ......नाम | ......मन | अ, बे, वि, आ, प्र |
| ......ताल | ......मत | ......देश | ......जय | ......कार | |

**(ख) शब्द जोडेर नयाँ शब्द बनाई भन्नुहोस् र लेख्नुहोस् :**

बस् + नेछ → ..........

खेल् + नेछ → ..........

थुन् + नेछ → ..........

**(ग) शब्द पढ्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

मायालु, अनुहार, आहारा, विमान

**(घ) सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

बुबाले मलाई काँधमा बोक्नुहुन्थ्यो ।आमाले हातमा समातेर डोऱ्याउनुहुन्थ्यो । दाइले सँगै खेलाउनुहुन्थ्यो । सानीआमा घरमा आउनुहुन्थ्यो । मलाई बेलुन दिनुहुन्थ्यो । मामाले मिठाई दिनुहुन्थ्यो । आमाले भातमा घिउ हालिदिनुहुन्थ्यो । मकै भटमास भुटेर खोपामा खाजा राखिदिनुहुन्थ्यो । मैले मिठो मानेर खाजा खान्थेँ । बुबाले लेख्न सिकाउनुहुन्थ्यो । आमाले पढ्न सिकाउनुहुन्थ्यो । अनि मलाई पढ्न र लेख्न सजिलैसँग आउँथ्यो । मेरो पढाइ देखेर हजुरबुबा खुसी हुनुहुन्थ्यो । संसारमा मेरा आमाबुबाभन्दा ठुला अरू को होलान् र ?

(अ) बुबाले के गर्नुहुन्थ्यो ? (आ) बेलुन कसले दिनुहुन्थ्यो ?

(इ) आमाले के के गर्नुहुन्थ्यो ? (ई) संसारमा सबैभन्दा ठुला को होलान् ?

**(ङ) खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(अ) सानो भाइ रथमा .......................... । (चढ्छिन्, चढ्छ, चढ्नुहुन्छ)

(आ) मामामाइजू हात्ती चढेर .......................... । (जान्छ, जानुहुन्छ, जान्छे)

(इ) कान्छी मानापाथी .......................... । (भर्छे, भर्नुहुन्छ, भर्छ)

**(च) वाक्यलाई मिलाएर सार्नुहोस् :**

(अ) दिदी घर गइछे । ..............................................................................................।

(आ) भाइले गृहकार्य गर्नुभयो । ....................................................................................।

(इ) आमाले तरकारी दिन्छिन् । .....................................................................................।

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

हिजोआज सबै बालबालिकाहरूले पढाइमा ध्यान दिन्छन् । विद्यालयका गुरुहरू पनि दयालु हुनुहुन्छ । आफ्ना विद्यार्थीलाई मायालु बोलीमा बोलाउनुहुन्छ । गुरुआमाले हाँसी हाँसी, नाँची नाँची सिकाइ दिनुहुन्छ । कहिले वनभोज लैजानुहुन्छ । कहिले शैक्षिक भ्रमण लैजानुहुन्छ । जन्मदिनमा शुभकामना दिनुहुन्छ । हामी हाम्रा गुरु र गुरुआमालाई धेरै मन पराउँछौँ । गुरु र गुरुआमाले दिनुभएको शिक्षा हामी कहिल्यै बिर्सन सक्दैनौँ ।

(अ) हिजोआज बालबालिकाहरू के गर्छन् ?

.......................................................................................................................

(आ) विद्यालयका गुरुहरू कस्तो हुनुहुन्छ ?

.......................................................................................................................

(इ) गुरुआमाले कसरी पढाउनुहुन्छ ?

.......................................................................................................................

**(ज) जोडिएका शब्द पढ्नुहोस् र छुट्याएर लेख्नुहोस् :**

विजयरोल्पामाबस्छ । त्यहाँउसकोघरछ । घरनजिकैचौतारीपनिछ ।
चौतारीमागाउँकाबुढापाकाहरूआउनुहुन्छ । एकआपसमामनकाकुराहरूगर्नुहुन्छ ।

जस्तै : विजय रोल्पामा बस्छ ।

.......................................................................................................................


.......................................................................................................................


.......................................................................................................................

.......................................................................................................................

शिक्षकको हस्ताक्षर : .............                    अभिभावकको हस्ताक्षर : .................

# सिकाइ शृङ्खला




पाठ ११
पाठ १२
पाठ १३
पाठ १४
पाठ १५
पाठ १६
पाठ १७
पाठ १८
पाठ १९
पाठ २०
पाठ २१
पाठ २२
पाठ २३